# लेखापरीक्षण प्रतिवेदन

## खत्याड गाउँपालिका, मुगु

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## खत्याड गाउँपालिका, मुगु

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

स्वतन्त्रता *(Independence)*
निष्ठा *(Integrity)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*
व्यावसायिकता *(Professionalism)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/17

श्रीमान् अध्यक्षज्यू,
खत्याड उँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, मुगु ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/17

श्रीमान् अध्यक्षज्यू ,

खत्याड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

मुगु ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले तयार पारेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२.गाउँपालिकाको रु.१ अर्ब २३ करोड ८७ लाख २७ हजारको लेखापरीक्षणबाट रु. ४ करोड ९६ लाख ७९ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रू. ५८ लाख ६७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड २७ लाख २९ हजार , नियमित गर्नुपर्ने रु. १ करोड ९० लाख ७१ हजार, सोधभर्ना नलिएको रु. १ लाख ८२ हजार र पेश्की बाँकी रु. १८ लाख ३० हजार गरी जम्मा रु. ४ करोड ९६ लाख ७९ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु. ४५ करोड ४४ लाख ६३ हजार मध्ये यो वर्ष रु. १३ लाख ७६ हजार फर्स्योट भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. ५० करोड २७ लाख ६६ हजार बाँकी रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा** - लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।


## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत खत्याड गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान. मार्गदर्शन तथा

आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८६ | २४० | ४,९६,७९,१३९ | ० | ० | ० | ० | ८६ | २४० | ४,९६,७९,१३९ | ५८,६७,१०६ | १,९०,७०,८४७ | २,२७,२८,९५५ | ० | १,८२,०१८ | ४,१९,८१,८२० | १८,३०,२१३ |

### अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मुगु | ४५,४४,६२,६२५ | ० | १३,७६,०५५ | ४५,३०,८६,५७० | ० | ४,९६,७९,१३९ | ५०,२७,६५,७०९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | १७ | निर्देशिका भन्दा बढी भुक्तानी | ३३,२८० |
| २ | २०८०/८१ | २० | अनुगमन खर्च | १,५०० |
| ३ | २०७९/८० | ३३ | निर्देशिकामा बिपरित भुक्तानी | १,२७५ |
| ४ | २०७८/७९ | ५८ | पेश्की बाँकी | १३,४०,००० |
| जम्मा | | | | १३,७६,०५५ |

# खत्याड गाउँपालिका, मुगु

# ( ८०६६३५०२३०० )

# खत्याद गाउँपालिका , मुगु

# परिचय

१

**(क) स्थानीय तह परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या ११, पालिका सभा सदस्य ५७, जनसंख्या १८ हजार ८३२ र क्षेत्रफल २८१.१२ वर्ग किलोमिटर रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरीएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१९ देखि २०८२।५।२३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनोट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनोट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरीएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा सूचनामा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू लेखापरीक्षणको सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय - व्ययतर्फ रु.१ अर्ब २३ करोड ३८ लाख ७२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची २ मा संलग्न छन् ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२२,२९० असुल भई सम्बन्धित राजस्व खातामा दाखिला गरेको प्रमाण पेश भएको छ ।

| विवरण | दाखिला मिति | रकम रु. |
|---|---|---|
| शिक्षिका श्री गौरी कुमारी शाहीको बढी ग्रेड भुक्तानी रकम | २०८२।५।२३ | १५२९० |
| भरपाई बेगर छात्रवृत्ति निकासा गरेको रकम (शिव आ.वि., ने.रा. मा.वि. र महादेव मा.वि) | २०८२।५।२३ | ५००० |
| बढी छात्रवृत्ति निकासा (ने.रा. मा. वि. जिउका) | २०८२।५।२३ | २००० |
| | **जम्मा** | **२२२९०** |

२ **एकीकृत वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आर्थिक वर्ष २०८१।८२ को आय व्यय हिसाबको समग्र स्थिति निम्नानुसार रहेको छ।

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १. | **गतवर्षको जिम्मेवारी** | | १ | **चालुखर्च** | |
| | बैंकमौज्दात | ३१८३००६७.५ | | पालिकातर्फ | १३०२७५२०६ |
| | प्रकोपव्यस्थापन कोष | १०६६८९२.८ | | संघीयसशर्त अनुदान चालु | २२१६७५८९४ |
| | विविधखर्च खाता | ६०७७६८४.०६ | | प्रदेशसशर्त चालु | ३०९६६६३ |
| | अन्यकोष खाता | ५७१११७.७७ | | | |
| २. | धरौटी | ३८४७६५० | २ | **पुँजीगततर्फ** | |
| ३. | **आन्तरिकराजश्व आम्दानी** | | | पालिकातर्फ | ६५५५४४७५ |
| ४. | आन्तरिकराजश्व | ४४५६९०४.१७ | | संघीयसशर्त अनुदान पुँजीगत | ४९८७२२४३ |
| | राजश्वबाँडफाँड- प्रदेश सरकार | १०००००० | | विषेशअनुदान पुँजीगत संघीय | ३८५६३३१ |
| | राजश्वबाँडफाँड - संघीय सरकार | ८७८५१९१०.४९ | | प्रदेशसशर्त पुँजीगत | २७२५६४१२ |
| | | | | प्रदेशविषेश पुँजीगत | ३४६४९३० |
| ५ | **संघीयसरकारबाट प्रास अनुदान** | | | | |
| | वित्तीयसमानीकरण अनुदान | ९५६१३९२० | ३ | अन्तरसरकारी अख्तियारी प्रास | |
| | सशर्तअनुदानचालु | २२१६७५८९४ | | सामाजिकसुरक्षा तथा संरक्षण | ९८१८९९६९ |
| | सशर्तअनुदान पुँजीगत | ४९८७२२४३ | | पर्यटनपूर्वाधार विकास आयोजना | ३२४८११९ |
| | विशेषअनुदान | ३८५६३३१ | | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | २९६२०६२ |
| ६ | **प्रदेशसरकारबाट प्रास अनुदान** | | | आन्तरिकमामिला तथा कानुन मन्त्रालय | १३४०००० |
| | वित्तीयसमानिकरण अनुदान | १२३४९००० | | उच्चपहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम | २१०९३१३ |
| | सशर्तअनुदान पुँजीगत | २७२५६४१२ | ४ | धरौटी फिर्ता | १२२८५७६ |
| | सशर्तअनुदान चालु | ३०९६६६३ | | | |
| | समपुरकअनुदान | ५४११३६४ | ५ | **<u>मौज्दात</u>** | |
| | विशेषअनुदान | ३४६४९३० | | राजस्वबाँटफाँट खाता | ११२६४४८.४३ |
| ७ | **अन्तरसरकारी अख्तियारी प्रास** | | | आन्तरिक राजस्व खाता | ५११२३०.८५ |
| | सामाजिकसुरक्षा तथा संरक्षण | ९८१८९९६९ | | संचित कोष खाता | ४३८४१६५८.३८ |
| | पर्यटनपूर्वाधार विकास आयोजना | ३२४८११९ | | धरौटी मौज्दात | ५६८५७३७.६१ |
| | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | २९६२०६२ | | प्रकोपव्यवस्थापन कोष | १०६६८९२.८ |
| | आन्तरिकमामिला तथा कानुन मन्त्रालय | १३४०००० | | विविधखर्च खाता | ६०७७६८४.०६ |
| | उच्चपहाडी एवंम हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम | २१०९३१३ | | दाखिलाबाँकी दायित्व रकम | -2224734.34 |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | धरौटी | ३०६६६६४ | | | |
| | जम्मा | ६७०२१५११० | | जम्मा | ६७०२१५११० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको विश्लेषण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्न अनुसार छन्:

३.१ पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेका कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरी पेश गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.६०,७७,६८४, यस वर्षको प्राप्ति रु.१०,९७,३७,११३, यस वर्षको भुक्तानी रु.१०,७४,१३,५०३ र बैङ्क मौज्दात रु.८४,०१,२९४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समावेश गरी म.ले.प.फा.नं.२७० ले समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ३७३१५७२८. | ५१७०८४५८६. | ५०६७१६६९०. | ४७६८३६२४. |
| एकीकृत आर्थिक विवरणअनुसार | ४३३९३४१२.१३ | ६२६८२१६९८.६६ | ६१४१३०१९३. | ५६०८४९१७.७९ |
| फरक | ६०७७६८४ | १०९७३७११३ | १०७४१३५०३ | ८४०१२९४ |

३.२ पालिकाले उपलव्ध गराएको विवरण पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले बर्षभरि गरेको सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन गरी स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले लेखा प्रणाली (सुत्र)बाट तयार गरेको प्राप्ति र भुक्तानीको विववरण अनुसार पालिकाको यस वर्षको सञ्चिकोषको प्राप्ति रु.५१,७०,८४,५८५ रहेकोमा पालिकाको सामाजिक सुरक्षा तथा संरक्षण, स्वास्थ्य सुधार कार्यक्रम, घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम, विद्यालय शिक्षा क्षेत्र सुधार कार्यक्रम लगायतका अन्तर सरकारी अख्तियारी अन्तर्गतको कारोबार रु.१०,७८,४९,४६३ उक्त लेखा प्रणालीमा समावेश भएको देखिएन । अतः महालेखा नियन्त्रक कार्यालयबाट पालिकाका सबै प्रकारका कारोबारहरू समावेश हुने गरी प्राप्ति र भुक्तानीको ढाँचा तयार तथा समावेश गरी एकीकृत वित्तीय विवरण तयार हुनुपर्दछ ।

४ **फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०।८१ को अन्तमा रु.३,७७,९०,३९३.४४ मौज्दात रहेको देखिन्छ । तर पालिकाले २०८१।८२ मा गत वर्षको जिम्मेवारीमा रु.४,३३,९३,४१२.१३ सारेको देखियो । जसअनुसार गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए भन्दा यो वर्ष रु.५६,०३,०१८.६९ बढी जिम्मेवारी सारेको पाइयो । बढी जिम्मेवारी सम्बन्धमा यकिन गरी बैंक हिसाब मिलान गर्नुपर्दछ ।

५ **बैङ्क हिसाब मिलान**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण तयार गरी खर्चको फाँटवारीसाथ समावेश गर्नुपर्दछ । कोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटी बाहेक पालिकाको लेखा प्रणाली (सुत्र)ले देखाएको बैँक मौज्दात र पालिकाले पेश गरेको बैँक स्टेटमेन्ट अनुसार मौज्दातमा देहाय अनुसार रु.८७,१२,९८६।४८ फरक रहेको देखिन्छ । सुत्रले देखाएको बैँक मौज्दात भन्दा बैँक स्टेटमेन्ट अनुसार बढी देखिएको उक्त रकम यकिन गरी आम्दानी बाध्नुपर्दछ ।

| सि.नं. | खाताकोनाम | स्रेस्ताअनुसार बाँकी | बैंकस्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | राजस्वबाँडफाँट खाता | १६२३५४४.०० | ११२६४४८.४३ | -४९७०९५.५७ |
| २ | आन्तरिक राजस्व खाता | -१५९८१५३.०० | ५११२३०.८५ | २१०९३८३.८५ |
| ३ | संचित कोष खाता | ४२६८३४८५.२४ | ४३८४१६५८.३८ | ११५८१७३.१४ |
| ४ | धरौटी मौज्दात | ५६८५७३७.६१ | ५६८५७३७.६१ | ०.०० |
| ५ | प्रकोपव्यस्थापन कोष | १०६६८९२.८० | १०६६८९२.८० | ०.०० |
| ६ | विविधखर्च खाता | १३५१५९.०० | ६०७७६८४.०६ | ५९४२५२५.०६ |
| ७ | | ४९५९६६६५.६५ | ५८३०९६५२.१३ | ८७१२९८६.४८ |

६ **कर दायित्व**

आयकर ऐन, २०५८ को दफा ९० मा ऐनको दफा ८७, ८८ र ८९ बमोजिम कर कट्टी गरिएको रकम प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्दछ । पालिकाले तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर रु.२२,२४,७३४.३४ दाखिला नगरी दायित्व देखाएको छ । उक्त रकम सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,२४,७३५ |

७ **कानुन निर्माण तथा कार्यान्यवन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३२ वटा ऐन, २५ कार्यविधि गरी ५७ वटा कानून निर्माण गरेको पाइयो । उक्त कानुनहरूको प्रभावकारी कार्यान्वियन गरी सेवा प्रवाह, विकास कार्यक्रमको कार्यान्वियन र नियमनलाई प्रभावकारी बनाउनु पर्दछ ।

८ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) तर्जुमा गरी सबै स्थानीय तहहरूलाई कार्यान्वियन गर्न मिति २०७८।०८।१३ मा परिपत्र समेत गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको पाइएन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन लगायतका कार्य प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधार हुनु पर्दछ ।

९ **न्यायिक समितिको कार्यसम्पादन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने

व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष ७ विवाद दर्ता भएकोमा ६ वटा फर्स्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

### १० स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्सानङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

### ११ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथामिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुण महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको प्रक्षेपण समेत तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले त्यस्तो समितिको गठन गरेको पाइएन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

### १२ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बिच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नुपर्दछ ।

### १३ बजेट विनियोजन तथा खर्च स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको आर्थिक वर्ष २०८१।८२ को कुल बजेट रु.६५,७९,२६,००० रहेकोमा चालुतर्फ रु.४१,५४,६८,००० अर्थात् ६३.१४ प्रतिशत र पुँजीगततर्फ रु.२४,२४,५८,००० अर्थात् ३६.८६ प्रतिशत बजेट विनियोजन गरेको देखियो । पालिकाले यो वर्ष चालुतर्फ रु.३५,५०,४७,७६४ अर्थात् विनियोजनको तुलनामा ८५.४६ प्रतिशत र पुँजीगततर्फ रु.१५,००,०४,३९१ अर्थात् विनियोजनको तुलनामा ६१,८७ प्रतिशत खर्च गरेको पाइयो । कुल बजेट खर्चलाई आधार लिँदा चालुतर्फ ७०.३० प्रतिशत र पुँजीगततर्फ २९.७० प्रतिशत खर्च भएको देखिन्छ ।

### १४ आन्तरिक आय तथा सञ्चालन खर्च अनुपात

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाको यो वर्षको सञ्चालन खर्च रु.१३,०२,७५,२०६ रहेकोमा कुल आन्तरिक आय रु.४४,६९,९०४ मात्र रहेको छ । पालिकाको कुल प्रशासनिक तथा सञ्चालन खर्चमा आन्तरिक आयको अंश ३.४२ प्रतिशत मात्र रहेको पाइयो । पालिकाले प्रशासनिक तथा सञ्चालन खर्चमा मितव्ययिता कायम गरी आन्तरिक आयको दायरा वृद्धि गरी आय सङ्कलन कार्यलाई प्रभावकारी बनाउनु पर्दछ ।

## १५ क्षेत्रगत बजेट र खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्चको प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३१२६००००. | २४२१३९५९.१८ | ४.७९ |
| सामाजिक क्षेत्र | २५०१७२५००. | २०६८०२१५६.९४ | ४०.९५ |
| पूर्वाधार विकास क्षेत्र | १६८१०८०००. | ९४८४८२४६.२ | १८.७८ |
| वातावरण तथा विपद् व्यवस्थापन | १५०००००. | १००००००. | ०.२० |
| संस्थागत विकास र सेवा प्रवाह | ४९००००० | ३९३९९८७.९४ | ०.७८ |
| वित्तीय व्यवस्थापन र सुशासन | ८३५२९५०. | १४११००. | ०.०३ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १९३६३३०००. | १७४१०६७०५.९२ | ३४.४७ |
| जम्मा | ६५७९२६४५०. | ५०५०५२१५६.१८ | १००.००% |

माथि उल्लिखित तथ्याङ्क विश्लेषण गर्दा पालिकाले सबै भन्दा बढी बजेट विनियोजन तथा खर्च सामाजिक विकास क्षेत्रमा ४०.९५ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिकमा ३४.४७ प्रतिशत खर्च गरेको छ । पालिकाको विकास निर्माण हुने प्रमुख क्षेत्र पूर्वाधार क्षेत्रमा रु.१६ करोड ८१ लाख ८ हजार बजेट विनियोजन गरेकोमा रु.९,४८४८,२४६ अर्थात् कुल खर्चको तुलनामा १८.७८ प्रतिशत मात्र खर्च भएको देखिन्छ । साथै पालिकाले सबै भन्दा क्रमशः वित्तीय व्यवस्थापन तथा सुशासनमा ०.०३ प्रतिशत, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा ०.२० प्रतिशत र आर्थिक विकास क्षेत्रमा ४.७९ प्रतिशत खर्च गरेको देखिन्छ ।अतः पालिकाले विकासको अनुभूति हुने क्षेत्र आर्थिक तथा पूर्वाधार विकासमा विनियोजन तथा खर्च बढाउनेतर्फ ध्यान दिनुपर्दछ।

## १६ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेस गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार २०८१।८२ त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छः

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च रु.हजारमा | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पुँजीगत | ६५५५४ | १८३३ | १२५५ | १९४१ | ६०५२५ | १८२०४ |
| २ | प्रदेश पुँजीगत | ३०७२१ | ० | ० | ० | ३०७२१ | २८७८७ |
| ३ | गाउँपालिका पुँजीगत | ५३७२८ | ११३२ | २८८७ | १००९ | ४८७०० | ४५५०७ |
| | कूल खर्च | १५०००३ | २९६५ | ४१४२ | २९५० | १३९९४६ | ९२४९८ |
| | खर्च प्रतिशत | १००.०० | १.९८ | २.७६ | १.९७ | ९३.३० | ६१.६६ |

माथि उल्लिखित विवरण अनुसार पालिकाले प्रथम त्रैमासिकमा १.९८ प्रतिशत, दोस्रो त्रैमासिकमा २.७६ प्रतिशत, तेस्रो त्रैमासिकमा १.९७ प्रतिशत र चौथो त्रैमासिकमा ९३.३० प्रतिशत र आषाढ महिनामा मात्र ६१.६६ प्रतिशत पुँजीगत खर्च गरेको देखिन्छ । वर्षान्तमा अधिक कार्यक्रम सञ्चालन हुँदा योजना तथा निर्माण कार्यको प्रभावकारी अनुगमन हुन नसकी निर्माण कार्यको गुणस्तर कायम हुन नसक्ने हुँदा अन्तिम त्रैमासिक र आषाढ महिनामा अधिक खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

## १७ **खरिद विधिको छनोट**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्दछ । पालिकाले यो वर्ष विभिन्न पुँजीगततर्फका ३ शीर्षकबाट रु.१५,००,०४,००० खर्च गरेकोमा रु.८,४४,१३,९२८ अर्थात् ५६.२७ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिदमध्ये उपभोक्ता समितिबाट रु.५,६६,४७,४५९ र सोझै खरिद विधिबाट रु.८९,४२,६१३ को खरिद गरेको पाइयो । सोझै तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद विधि छनोट गर्नुपर्दछ।

## १८ **ठेक्का बन्दोबस्त**

ठेक्का बन्दोबस्त:- कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहायअनुसार रहेको छ।

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | १४ | ७७६०४ | ० | ० | ७ | ३८८०२ | ६ | ३७६९२ | १ | १११० | ४ | १७५७७ |

माथि उल्लिखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागि रू.७करोड ७६ लाख ४ हजारको१४ ठेक्का बन्दोबस्त गरेकोमा पहिलो त्रैमासिकमा शून्य, दोश्रो त्रैमासिकमा रु.३ करोड ८८ लाख २ हजारको ७, तेस्रो त्रैमासिकमा रु.३ करोड ७६ लाख ९२ हजारको ६ र चौथो त्रैमासिकमा रु.११ लाख १० हजारको १ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू.१ करोड ७५ लाख ७७ हजारको४ ठेक्का मात्र सम्पन्न भएको अवस्था छ । पालिकाले खर्च गर्दा निर्माण कार्यको गुणस्तरमा पर्ने असरलाई समेत ध्यान दिई समयमै ठेक्का व्यवस्थापन तथा निर्माण सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## १९ **योजना छनोट तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा देहायअनुसार अधिकांश साना योजनामा बजेट विनियोजन गरेको पाइयो ।

| क्र.सं. | विवरण | योजनासंख्या | रकम रु |
|---|---|---|---|
| १ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | ५५ | ११२४६४९४ |
| २ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ४७ | २०२५०००० |
| ३ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | १८ | १३५८८९९६ |
| ४ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | ४ | ७८७२५३४ |
| ५ | रू.२५ लाख भन्दा माथिका योजना | १ | ३६८९४३५ |
| | जम्मा | १२५ | ५६६४७४५९ |

उपर्युक्त विवरणअनुसार पालिकाले अधिकांश साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ। पालिकाले छनोट गरेका १२५ योजनामध्ये १०२ अर्थात् करिब ८१.६ प्रतिशत योजना रु.५ लाख वा सो भन्दा मुनिका रहेका छन्। जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले वस्तुनिष्ठ तवरले योजना प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२० **विस्तृत परियोजना प्रतिवेदन तथा सोको कार्यान्वयन**

सार्वजनिक खरिद ऐन, २०६३, को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । पालिकाले यो वर्ष देहाय अनुसारका कार्यको विस्तृत परियोजना प्रतिवेदन (डी.पी.आर.) तयारीका लागि सम्झौता गरी रु.२१,२७,१९७ खर्च गरेकोमा देहाय अनुसार १ बाहेक अन्य डी.पी.आर. योजना कार्यान्वयनका लागि बजेट व्यवस्था भएको पाइएन ।

| क्र.सं. | काम वा योजनाको विवरण | परार्मशदाताको नाम | सम्झौता रकम रु. | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १ | PREPARATION OF DPR OF SLAB CULVERT/FILLED ARCH | रारा इन्जिनियरीसङ्कन्सल्टेन्सी प्रा.लि. | ४४०००० | कार्यान्वयन हुन बाँकी |
| २ | गाउँपालिकासडक तथा यातायात व्यवस्थापन गुरु योजना | द्वारिका इन्जिनियरीसङ एण्ड कन्स्ट्रक्सन | १२४०२८२ | |
| ३ | खत्याड खोलाको हिउकुना मासडना र बिरामा बेलि ब्रिज | हेगिना इन्जिनियरीसङ्कन्सल्टेन्सी प्रा.लि. | ४४६९१५ | २०८२।८३ मा रु.२ करोड बजेट व्यवस्था |
| | जम्मा | | २१२७१९७ | |

त्यसैगरी पालिकासँग विगत पाँच वर्षमा तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन र सोको कार्यान्वयनको अवस्था माग गरिएकोमा सोको अभिलेख नरहेको पालिकाले जनाएको छ । पालिकाले विगतमा तयार गरेका विस्तृत परियोजना प्रतिवेदनको अभिलेख नराखेको कारण उक्त प्रतिवेदनको कार्यान्वयन अवस्था मूल्यांकन गर्न सकिएन । अतः पालिकाले हालसम्म तयार गरेका डी.पी.आरको अभिलेख तथा कार्यान्वयनको अभिलेख अद्यावधिक गरी पालिकाको आफ्नो आन्तरिक स्रोतबाट कार्यान्वयन गर्न सकिने तथा बजेट सुनिश्चित भएको योजनाको मात्र विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

२१ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राखेको पाइएन । अतः आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नुपर्दछ ।

२२ **पदाधिकारी सुविधा**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ४ मा यस ऐनले निर्धारण गरेको सुविधा सम्बन्धमा सम्बन्धित स्थानीय तहको आन्तरिक स्रोत तथा क्षमताका आधारमा स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा कम हुने गरी सम्बन्धित सभाले निर्णय गर्न सक्ने उल्लेख छ । पालिकाले यो वर्ष ७० जना पदाधिकारीको मासिक सुविधामा रु.७८,१२,५५० र पदाधिकारी बैठक भत्तामा रु.९,०५,००० समेत रु.८७.१७,५५० खर्च गरेको पाइयो । पालिकाको यो वर्षको आन्तरिक आय रु.४४,५६,९०४ मात्र रहेकोमा पदाधिकारी सुविधा र बैठक भत्तामा मात्र आन्तरिक आयले ५१.१३ प्रतिशत मात्र खर्च धानेको पाइयो । अतः पालिकाले आफ्नो आन्तरिक आयको परिधिभित्र रही स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा निर्धारण गर्नुपर्छ ।

२३ **संगठन तथा व्यवस्थापन सर्भेक्षण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्न सक्ने व्यवस्था छ । साथै कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ७ मा स्थानीय सेवाको सङ्गठन संरचना वा दरबन्दी सिर्जना गर्न तथा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्ने सम्बन्धी व्यवस्था रहेको छ । पालिकाको आर्थिक स्रोत, कार्य बोझ, भौगोलिक अवस्था, आवश्यकता लगायतको आधारको विश्लेषण

गरी प्रशासनिक संगठन संरचना सहितको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरेको देखिएन । पालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण तयार तथा स्वीकृत गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।

२४ **जनशक्ति व्यवस्थापन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार प्रमुख प्रशासकीय अधिकृत सहित ९१ जनाको दरबन्दी स्वीकृत रहेकोमा हाल ८३ जना पदपूर्ति भई ८ जना रिक्त रहेको देखिन्छ । उक्त विवरण अनुसार प्रशासनतर्फको अधिकृत छैटौँ २, हे.अ. १, प्रशासन सहायक ३, सब-इन्जिनियर १, कृषितर्फको प्रा.स. १ गरी ८ पदहरू रिक्त रहेका छन् । पालिकाले कार्य बोझ तथा आन्तरिक आय समेतलाई ध्यान दिई संगठन तथा व्यवस्थापन सर्वेक्षण र दरबन्दी तथा पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

२५ **तलबी प्रतिवेदन**

कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४३ मा सम्बन्धित प्रदेश लेखा एकाइबाट तलबी प्रतिवेदन पास गर्नुपर्ने उल्लेख छ । पालिकाले मिति २०८१।६।२९ मा प्रकाशित उक्त ऐनको आधारमा कर्मचारीको स्तरवृद्धि गरेकोमा उक्त ऐनको व्यवस्था बमोजिम प्रदेश लेखा एकाइबाट तलवी प्रतिवेदन पास गराएको देखिएन । पालिकाले प्रदेश लेखा एकाइबाट पारित तलबी प्रतिवेदन वेगर ४१ जना स्थायी कर्मचारीको ग्रेडमा रु.२१,३३,२४६ सहित यो वर्ष कर्मचारी तलबमा रु.४,८५,७८,०५० खर्च लेखेको छ । ऐनमा तोकिए बमोजिम प्रदेश लेखा एकाइबाट तलबी प्रतिवेदन पारित नगराएको कारण ग्रेड रकम यकिन गर्न सकिने अवस्था छैन। कानुन बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र कर्मचारीको तलब तथा ग्रेड रकम खर्च लेख्नुपर्दछ ।

२६ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्षसम्म कर्मचारी कल्याण कोषको लागि रकम विनियोजन तथा जम्मा गर्ने गरेको देखिएन । पालिकाले दीर्घकालीन दायित्व समेतलाई विचार गरी कोष परिचालन सम्बन्धी कानुनी व्यवस्था सहित कोषमा परिचालन गर्नुपर्दछ।

२७ **अनुत्पादक तथा वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघ तथा प्रदेशबाट प्राप्त अनुदान तथा बाँडफाँटबाट प्राप्त रकमबाटपुँजी निर्माणमा योगदान नरहने तथा उत्पादनमा वृद्धि नगर्ने खर्चलाई नियन्त्रण गरी प्रतिफलमुखी कार्यहरूमा लगानी तथा खर्च गर्नुपर्नेमा देहाय अनुसार अनुत्पादक तथा वितरणमुखी कार्यमा खर्च गरेको पाइयो । यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

| गो.भौ | मिति | खर्चको विवरण | रकम रु. |
|---|---|---|---|
| ३१९ | २०८२।३।३ | दलितसँग अध्यक्ष कार्यक्रम अन्तर्गत १३० वटा आरा र सिकेचर वितरण | ९४२५० |
| ४१७ | २०८२।३।१८ | ७२ जना जनयुद्ध तथा जन आन्दोलनका शहिद, बेपत्ता तथा घाइतेलाई सहायता | ७९२००० |
| ४२१ | २०८२।३।१९ | ६५ जना जेष्ठ नागरिकलाई टर्च, छाता, टोपी, सल वितरण | १७२२१२ |
| ४७१ | २०८२।२।२३ | उपाध्यक्षसँग महिला सशक्तीकरण कार्यक्रम अन्तर्गत नारी दिवसमा तिज कार्यक्रम सञ्चालन | २१०००० |
| | | जम्मा | १२६८४६२ |

२८ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष सभा सञ्चालनमा रु.९,८५,५७५ तथा विविध खर्चमा रु.१३,९१,३७९

गरी कुल रु.२३,७६,९१४ खर्च लेखांकन गरेको पाइयो । पालिकाको यो वर्षको आन्तरिक आय रु.४४,५६,९०४ मात्र रहेकोमा आन्तरिक आयको तुलनामा पालिकाको विविध तथा सभा सञ्चालन खर्च ५३.३३ प्रतिशत रहेको छ । पालिकाले आन्तरिक आय समेतलाई विचार गरी यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२९ **अनुदान व्यवस्थापन**

कर्णाली प्रदेश कृषि तथा सहकारी सम्बन्धी (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ दफा ७ तथा अनुसूची-३ को ४ मा रहेको प्रतिबद्धता फाराम अनुसार कृषकले ५ वर्षको लागि व्यवसाय निरन्तरता दिनुपर्ने तथा व्यवसायिक योजना अनुसार कार्य नगरेको अवस्थामा उक्त अनुदान रकम ब्याज सहित प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने उल्लेख छ ।पालिकाले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार कृषि तर्फका ७ कार्यक्रममा रु.२४ लाख ५० लाख र पशु विकासतर्फका ४ कार्यक्रममा रु.९ लाख गरी कुल रु.३३ लाख ५० अनुदान वितरण गरेको छ । साथै पालिकाले कृषक अभिलेख राखी गत विगत वर्षमा पालिकाबाट दिएको अनुदान तथा सोको उपलब्धिको स्थिति अनुगमन गरेको देखिएन । साथै अनुदान वितरण गर्दा संघ तथा प्रदेश सरकारका निकायबाट सोही प्रकृतिको कार्यमा अनुदान लिए/नलिएको समन्वय गरेको देखिएन । त्यसैगरी विगत वर्षहरूमा वितरण गरेको अनुदान, अनुदान प्राप्त गर्ने कृषको विवरण सहितको अभिलेख, व्यवसायको निरन्तरता तथा अनुदानको उपयोग स्थिति तथा उपलब्धि सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको पाइएन । तसर्थ पालिकाले वितरित अनुदानको अनुगमन गरी व्यवसायको निरन्तरता तथा अनुदानको उपलब्धि सुनिश्चित गर्नुपर्दछ ।

३० **आर्थिक साहायता**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०८१ मा सरकारको वार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च बापत आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था उल्लेख छ। पालिकाले प्रदेश सरकारबाट प्राप्त अन्तरसरकारी अख्तियारी अन्तर्गत उद्धार राहात तथा पुनर्स्थापना खर्च शीर्षकबाट जनयुद्ध तथा आन्दोलनका घाईते, अपाङ्गता भएका ५३ जनालाई जीवन निर्वाह भत्ता लगायतमा रु.१३,४०,००० वितरण गरेको छ । साथै पालिले वेपत्ता तथा घाइतेलाई सहायता वितरण गर्ने कार्यविधि निर्माण गरी यो वर्ष मिति २०८२।३।१८ बाट ६६ जनालाई रु.१२ हजारका दरले रु.७,९२,००० सहायता विवरण गरेको छ । जसअनुसार प्रदेश सरकार र पालिकाबाट एकै प्रकारका भत्ता वितरण गरेको देखियो । तसर्थ पालिकाले मापदण्ड अनुसार संघ तथा प्रदेश सरकारसँग दोहोरो नपर्ने गरी आन्तरिक आयलाई समेतका आधारमा यस्तो खर्च लेख्नुपर्दछ।

३१ **फोहोरमैला व्यवस्थापन**

फोहोरमैला व्यवस्थापन ऐनको दफा १८(१,२ र ३) मा स्थानीय तहले फोहोरमैलाको परिमाण, तौल, प्रकृति तथा अन्य आधारमा शुल्क निर्धारण गरी आफै वा निजले तोकेको संस्था वा निकाय मार्फत सेवा शुल्क लगाई उठाउन सक्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षण अवधिसम्म फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गर्ने गरेको देखिएन । तसर्थ पालिकाले फोहोर मैला व्यवस्थापन ऐनमा तोकिए बमोजिम फोहोर मैला सङ्कलन तथा विसर्जन सहित दीर्घकालीन व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३२ **पेस्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेस्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्:

३२.१ **यो वर्षको पेस्की-** पालिकाबाट प्राप्त विवरण अनुसार २०८१।८२ को अन्तसम्म यो वर्षकोदिएको पेस्की मध्ये म्याद ननाघेको पेस्की रु.४,४९,९०२ र म्याद नाघेको पेस्की रु.१८,३०,२१३ फछर्यौट हुन बाँकी देखिन्छ। पालिकाले सुत्रमा पुँजीगततर्फ गत विगत वर्षमा दिएको पेस्की मध्ये आर्थिक वर्षको अन्तसम्म पनि फछर्यौट नभई बाँकी रहेको पेस्की २०८१।८२ मा जिम्मेवारी सारेको तथा अन्य तरवले समेत फछर्यौट हुन बाँकी पेस्कीको अभिलेख राखेको देखिएन । जसबाट पालिका पुँजीगततर्फ यो वर्ष सम्म अद्यावधिक रुपमा

फछ्र्यौट हुन बाँकी पेस्की रकम यकिन गर्न सकिएन । अतः पालिकाले पुँजीगततर्फ विगत वर्षमा दिई फछ्र्यौट हुन बाँकी पेस्कको विवरण तयार गरी सुत्रमा अभिलेख अद्यावधिक गरी देहाय अनुसारको पेस्की नियमानुसार फछ्र्यौट हुनुपर्ने रु.

| पेस्की दिएको मिति । गो.भौ. नं. | बापत | पेस्की लिने कर्मचारी/ फर्म/ अन्य | चालु वर्षको पेस्की बाँकी रु. | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको |
| ९-२०८१।१०।११ | स्थानीयसाझेदारीमा विद्यालय भवन निर्माण | श्री सरोजनिर्माण सेवा | ० | ३९९७६४ |
| १९-२०८१।१०।११ | रिखिया सडकनिर्माण | श्री सरोजनिर्माण सेवा | ० | २५५५४७ |
| १५-२०८२।२।४ | स्थानीयसाझेदारीमा विद्यालय भवन निर्माण | श्रीभिष्मराज कन्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | ० | ७२५००० |
| २१-२०८२।२।७ | प्रदेशसमपुरकतर्फ पुत्ताखोला जोगिलेख रोलसैन जिउका गोठीलेख हुदै डुमाना सडक | श्रीएसवीएन कन्ट्रक्सन एण्ड सप्लायर्सप्रालि | ० | ४४९९०२ |
| ५३-२०८२।२।२९ | प्रदेशसमपुरकतर्फ पुत्ताखोला जोगिलेख रोलसैन जिउका गोठीलेख हुदै डुमाना सडक | श्रीएसवीएन कन्ट्रक्सन एण्ड सप्लायर्सप्रालि | ४४९९०२ | ० |
| | | जम्मा | ४४९९०२ | १८३०२१३ |

| | |
|---|---|
| पेश्की | १८,३०,२१३ |

३२.२ **गत विगतको पेस्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ को उपनियम (१) मा सरकारी रकम पेस्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेस्की फर्स्यौटका लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेस्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज लगाई असुल गरिने व्यवस्था छ । यसै गरी उपनियम (२) मा यस नियमावली बमोजिम कुनै कर्मचारीले लिएको पेस्की फर्स्यौट गर्न निर्धारित म्यादभित्र आवश्यक कागजात नबुझाएमा कार्यालय प्रमुखले त्यस्तो कर्मचारीको तलब रोक्का गर्न वा निजले पाउने मासिक तलब वा अन्य सुविधाबाट कट्टा गरी त्यस्तो पेस्की असुल गरी फर्स्यौट गर्न सक्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण गत विगत वर्षमा दिएको पेस्की मध्ये २०८१।८२ को अन्तसम्म फछ्र्यौट हुन बाँकी पेस्की रु.१,७६,२१,२५८ रहेको देखिन्छ ।जसमध्ये देहाय अनुसार ३ जना जनप्रतिनिधिहरुको रु.१०,३६,००० र१४ जना कर्मचारीहरूको रु.१,१६,३३,२५८ र समिति तथा संस्था ८ को रु.४९,५२,००० रहेको छ । कर्मचारी तथा पदाधिकारिहरूले लिएको कतिपय पेस्की दुई आर्थिक वर्षसम्म पनि फछ्र्यौट भएको नदेखिएकोले उक्त पेश्की नियमानुसार ब्याज रकम यकिन गरी असुल फछ्र्यौट हुनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३२.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३३ धरौटी फिर्ता

अर्थ मन्त्रालयको च.नं.३६९ मिति २०६९।६।१७ तथा आन्तरिक राजस्व विभागको च.नं.१२मिति २०६९।६।१० को पत्रअनुसार ठेक्का तथा करारमार्फत निर्माण तथा मालसामानको आपुर्तिको अन्तिम भुक्तानी वा धरौटी फिर्ता गर्नु पूर्व त्यसरी भुक्तानी भएको रकम र मूल्य अभिवृद्धि कर सम्बन्धित ठेकेदार तथा आपूर्तिकर्ताले कर विवरणमा समायोजन गरे नगरेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट यकिन गरे पश्चात् मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । तर पालिकाले ५ प्रतिशत रिटेन्शन मनी बापत कट्टी गरेको देहायको धरौटी रकम फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण संलग्न राखेको नदेखिएकोले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु

| गो.भौ. मिति | आपूर्तक वा निर्माण व्यवसायी | रकम रु |
|---|---|---|
| ८-२०८१।९।२४ | त्रिपूराराा कन्ट्रक्सन एण्ड कन्सल्ट प्रालि | १६६३२९ |
| ५-२०८२।९।२४ | मष्टा देवी डेभलपर्स एण्ड कन्सल्टेन्सी सर्भिस | ५१२४७ |
| २-२०८२।८।०४ | मष्टा कन्ट्रक्सन एण्ड सप्लायर्स | ५३०००० |
| | जम्मा | ७४७५७६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,४७,५७६ |

३४ **इजलास भत्ता**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ११(२) मा न्यायिक समितिको सदस्यको हकमा त्यस्तो समितिका सदस्यहरूले प्रति महिना बढीमा दुईवटा बैठकको लागि प्रति बैठक रु.५०० का दरले इजलास भत्ता पाउने उल्लेख छ । पालिकाले मिति २०८२।३।२२ मा गो.भौ. ४४२ बाट देहाय अनुसार न्यायिक समितिका संयोजक तथा सदस्यलाई २०८१ श्रावण देखि २०८२ जेष्ठ मसान्तसम्म देहाय अनुसार ३० वटा बैठकमा प्रति बैठक रु.१००० का दरले इजलास भत्ता भुक्तानी गरेको पाइयो । अतः स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐनमा तोकिएको भन्दा बढी संख्या र दर रु.५०० ले बढी भुक्तानी देखिएको देहाय अनुसार असुल गर्नुपर्ने रु.

| क्र.सं. | पद नाम | रु.५०० का दरले २४ वटा बैठकको हुने रु. | रु.१००० का दरले ३० वटा बैठकको भुक्तानी रु. | बढी भुक्तानी रु. | करपछिको रकम रु. |
|---|---|---|---|---|---|
| १ | उपाध्यक्ष श्री सरिता रोकाया | १२००० | ३०००० | १८००० | १५३०० |
| २ | सदस्य श्री डबल बहादुर बानियाँ | १२००० | ३०००० | १८००० | १५३०० |
| ३ | सदस्य श्रीदान बहादुर बुढा | १२००० | ३०००० | १८००० | १५३०० |
| | जम्मा | ३६००० | ९०००० | ५४००० | ४५९०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,९०० |

३५ **भुक्तानी बाँकीको विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु आर्थिक वर्षको बजेटले नखामेमा खर्च बेहोर्नुको उचित आधार र पर्याप्त कारण भएमा खर्चको बिल भरपाई सहित तोकिएको ढाँचामा आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र भुक्तानी दिन बाँकीको विवरण (म.ले.प.फा.नं.२२१) प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) मा स्वीकृत दरबन्दीको तलव, महँगी भत्ता, स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, बन्दीको सिदा, सेवा निवृत्त सुविधा र स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसम्झौता बमोजिमको रकम मात्र भुक्तानी दिन बाँकी दायित्वमा राख्न पाउने व्यवस्था छ । तर पालिकाले नियमावलीले व्यवस्था गरे भन्दा फरक हुने गरी र सभाबाट गत वर्षको भुक्तानी बाँकी भनी बजेट व्यवस्था नभएको अवस्था तथा भुक्तानी बाँकीको प्रमाणित अभिलेख बेगर देहायअनुसार नियमित वार्षिक कार्यक्रम तथा शीर्षकबाट गत वर्षको दायित्व उल्लेख गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| गो.भौ. | मिति | विवरण | रकमरु. |
|---|---|---|---|
| ७० | २०८१।८। २ | रेडियो खेस्मालिका एफ.एम. मा कार्यरत कर्मचारीको २०८० माघ देखि २०८१ असार सम्मको तलब भत्ता रु. | १९२००० |
| १७ | २०८१।६। १९ | २०८०।८१ को घरभाडा बापत घरधनी श्री नर प्रसाद जैसी र मन प्रसाद संजेललाई घरभाडा रु. | ५३००० |
| ९६ | २०८१।८। २५ | वडा अनुदान शीर्षकबाट २०८०।९।६ मा वडाको मोटरसाइकल मर्मत र इन्धन बापतको रकम श्री जय बहादुर रावललाई भुक्तानी रु. | ९५४८१ |
| ४६ | २०८१।६। २३ | कुखुरा फर्म साझेदारी कार्यक्रम अन्तर्गत कुखुराको चल्ला तथा दाना ढुवानी बापत्को रकम श्री यकेन्द्र नाथलाई भुक्तानी रु. | १८१००० |
| | | जम्मा | ५२१५८१ |

| | |
|---|---|
| अनियमित भएको | ५,२१,५८१ |

### ३६ कार्यक्रम तथा संस्था तोकी अनुदान

कर्णाली प्रदेश कृषि तथा सहकारी सम्बन्धी (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ को दफा ३ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि क्षेत्रको विकासका लागि अनुदान उपलब्ध गराउन सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले समग्र कृषकको सहभागिता सिमित हुने गरी वार्षिक कार्यक्रममा संस्था तथा कृषक फर्म तोकेर बजेट विनियोजन गरे अनुसार यो बर्ष निम्न अनुसार अनुदान वितरण गरेको देखिन्छ । कृषि विकास अनुदानका लागि सूचना प्रकाशित नगरी संस्था तोकेर बजेट स्वीकृत गरेको उचित एवं पारदर्शी देखिएन।

| भौ.नं. | मिति | बजेटमा तोकिएकोकार्यक्रम शीर्षक | विवरण/बापत | रकम रु. |
|---|---|---|---|---|
| ४५५ | २०८२।३। २२ | दिदी बहिनी मिलिजुली समुहमार्फत आय आर्जन | प्लाष्टिक टनेल लगायतका सामग्री वितरण | २४१००० |
| ४२६ | २०८२।३। २० | कर्णाली ग्रामीण विकास केन्द्र- कृषि तथा जलाधार परिवर्तन कार्यक्रम | संस्थाको कर्मचारीको पारिश्रमिक, फर्निचर र कृषक तालिम सञ्चालन | ५००००० |

### ३७ कर्मचारीलाई शोधभर्ना

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चीस हजार रुपयाँ भन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नु पर्ने उल्लेख छ । पालिकाबाट खरिद गरिएका मालसामानको रकम आपूर्तिकर्ताको नाममा एकाउण्टपेयी चेक मार्फत भुक्तानी दिनुपर्नेमा खरिदको बिल समावेश गरी देहायका अनुसार कर्मचारीहरुलाई शोधभर्ना भुक्तानी गरेको पाइयो । साथै भुक्तानी लिने कर्मचारीहरुले सामाग्री आपूर्तकलाई रकम बुझाएको भरपाईहरू समेत संलग्न राखेको पाइएन । तसर्थ सेवा प्रदायकलाई एकाउण्टपेयी चेक मार्फत सम्बन्धित आपूर्तकको नाममा नै भुक्तानी दिई कर्मचारी मार्फत् आपुर्तकलाई नगदमा भुक्तानी दिने कार्य नियन्त्रण गर्नु पर्दछ ।

| गो.भौ./मिति | भुक्तानी लिने कर्मचारी | विवरण | रकम रु |
|---|---|---|---|
| ११२-२०८१।९।२४ | सि.अ.न.मी. श्री कमला कार्की | विभिन्न मितिमा एम.भी. इन्टरप्राईजेजबाट स्टेशनरी खरिद बापतको रकम शोधभर्ना | ९९१५९ |
| ११३-२०८१।९।२४ | सि.अ.न.मी. श्री कमला कार्की | विभिन्न मितिमा एम.भी. इन्टरप्राईजेजबाट स्टेशनरी खरिद बापतको रकम शोधभर्ना | ६८००० |
| ११४-२०८१।९।२४ | सि.अ.न.मी. श्री कमला कार्की | विभिन्न मितिमा एम.भी. इन्टरप्राईजेजबाट स्टेशनरी खरिद बापतको रकम शोधभर्ना | ९५४४५ |
| | | जम्मा | २६२६०४ |

### ३८ औषधी खरिद

पालिका कार्यालयबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने औषधिको परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पूल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य माल सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम लगायतका सूचना उल्लेख हुनुपर्दछ । पालिकाले मिति २०८२।३।२४ मा गो.भौ.५३२ बाट रु.११,०९,८३४ को ११८ प्रकारको औषधि खरिद गरी मुक्तिनाथ मेडिको फर्मालाई भुक्तानी गरेको छ । उक्त सप्लायर्सबाट जारी भएको बीजक तथा पालिकाको जिन्सी दाखिलामा उक्त औषधिहरूको ब्याच नं. तथा एक्सायरी मिति उल्लेख भएको देखिएन । खरिद गरिएका औषधि तथा मेडिकल सामग्रीका ब्याच नं. तथा प्रयोग म्याद उल्लेख गरी जिन्सी दाखिला पश्चात् मात्र खर्च लेखाङ्कन गर्नुपर्दछ ।

### ३९ मसलन्द तथा कार्यालय सामग्री

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४६ मा सरकारी सम्पत्तिको जिम्मा, अभिलेख, लेखांकन, प्रतिवेदन, संरक्षण लगायतका कार्यको जिम्मेवारी कार्यालय प्रमुखको हुने तथा नियम ४७ मा कार्यालयमा जुनसुकै माध्यमबाट प्राप्त भएका मालसामानको मूल्य खुलाई लगत राख्नुपर्ने व्यवस्था छ । सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2)को दोस्रो भर्जन सबै सरकारी कार्यालयले अनिवार्य प्रयोग गर्नुपर्ने गरी महालेखा नियन्त्रक कार्यालयबाट २०८१ श्रावण देखि लागु भएको छ । पालिकाका वडाले यो वर्ष वडा कार्यालय व्यवस्थापन खर्च अन्तर्गत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च अन्तर्गत प्रति वडा रु.६ लाख ७२ लाखका दरले ११ वडाले रु.७३ लाख ९२ हजार लाख खर्च गरेकोमा उक्त रकमबाट खरिद गरेका मसलन्द तथा कार्यालय सामग्री PAMS मा जिन्सी दाखिला नगरी म्यानुअल दाखिला गर्ने गरेको पाइयो । पालिकाले अन्तिम त्रैमासिकमा वडा कार्यालयको जिन्सी PAMS दाखिला गर्ने गरे तापनि पहिलो, दोस्रो र तेस्रो त्रैमासिकमा वडा कार्यालयबाट PAMS को प्रयोग नभएका कारण पालिको PAMS बाट सिर्जना भएको खर्च भएर जाने जिन्सीको प्रतिवेदनले यथार्थ विवरण चित्रण गरेको छैन । अतः पालिकाले सबै वडा कार्यालयलाई PAMS को अनिवार्य प्रयोग गराई जिन्सीको अभिलेख अद्यावधिक गरी PAMS बाट नै जिन्सीको प्रतिवेदन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

### ४० विज्ञापन सेवा शुल्क

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ (२)(ख) तथा विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६(क) बमोजिम कार्यालयले सूचना तथा विज्ञापन शुल्क भुक्तानी गर्दा पेस भएको बिल बमोजिमको रकमको ३ प्रतिशत रकम सेवा शुल्क बापत विज्ञापन बोर्डको कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय अनुसार सूचना तथा विज्ञापन बापत भुक्तानी गरेकोमासो अनुसार सेवा शुल्क कट्टी गरेको नदेखिएकोले ३ प्रतिशतले हुने रकम असुल गरी विज्ञापन बोर्डको खातामा दाखिला गर्नुपर्ने रु.

| शीर्षक | भौचर नं. र मिति | भुक्तानी प्राप्त गर्ने संस्था | भुक्तानीरकम रु. | ३प्रतिशतले हुने सेवा शुल्करु. |
|---|---|---|---|---|
| चालु | ९१-२०८१।८।१८ | पी.एस. एडभटाइजिङ्ग | १६०१७८ | ४८०५ |
| चालु | ११८-२०८१।९।२५ | पी.एस. एडभटाइजिङ्ग | १०६७८५ | ३२०४ |
| चालु | २३६-२०८२।२।२० | पी.एस. एडभटाइजिङ्ग | ५२२०६ | १५६६ |
| चालु | २६२-२०८२।२।२९ | पी.एस. एडभटाइजिङ्ग | १३०५१५ | ३९१५ |
| चालु | २६४-२०८२।२।२९ | पी.एस. एडभटाइजिङ्ग | १८३९०८ | ५५१७ |
| प्रदेश पुँजीगत | २५-२०८२।३।२५ | जोइन मिडिया हाउस प्रालि | ४२७१४ | १२८० |
| प्रदेश पुँजीगत | २५-२०८२।३।२५ | नेशनल मिडिया एजेन्सी प्रालि | ५३३९२ | १६०२ |
| | | जम्मा | ७२९६९८ | २१८९० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,८८९ |

### ४१ अनुगमन खर्च

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ७ मा पदाधिकारीले आफ्नो क्षेत्रभित्रको आयोजना तथा कार्यक्रमको अनुगमनका लागि अनुसूची-१ मा तोकिए बमोजिम अध्यक्षले रु.१५०००, उपाध्यक्षले

रु.१२०००, वडा अध्यक्षले रु.८०००, कार्यपालिका सदस्यले रु.५५०० र सभाका सदस्यले रु.२००० का दरले मासिक अनुगमन भत्ता पाउने उल्लेख छ । पालिकाले मासिक सुविधा भुक्तानी गर्दा सो अनुसार अनुगमन भत्ता भुक्तानी गरेकोमा पालिका भित्रका योजना तथा कार्यक्रम अनुगमन बापत देहाय अनुसार दैनिक भ्रमण भत्ता भुक्तानी गरेको छ । ऐनमा तोकिए बमोजिम अनुगमन भत्ता मासिक सुविधामा समावेश गरी भुक्तानी भएकोमा देहाय अनुसारका पदाधिकारीलाई योजना तथा कार्यक्रम अनुगमन बापत छुट्टै दैनिक भ्रमण भुक्तानी भएको देखिएकोले अनुगमन खर्च दोहोरो परेको पाइयो । स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन बमोजिम दोहोरो देखिएको अनुगमन बापत भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| शीर्षक | भौ.नं. रमिति | पदाधिकारी | बेहोरा | रकम |
|---|---|---|---|---|
| पालिका चालु | ५६७-२०८२।३।२५ | उपाध्यक्ष श्री सरिता रोकाया | पालिका स्तरीय योजना अनुगमन बापत | १७००० |
| पालिका चालु | ५६७-२०८२।३।२५ | वडा अध्यक्ष श्री रामकृष्ण कार्की | पालिका स्तरीय योजना अनुगमन बापत | १५००० |
| पालिका चालु | ५६७-२०८२।३।२५ | सदस्य सचिव श्री लोकेन्द्र शाही | पालिका स्तरीय योजना अनुगमन बापत | १६२०० |
| प्रदेश पुँजीगत | २९-२०८२।३।२५ | अध्यक्ष श्री अज बहादुर शाही | मिति २०८२।१।१५ देखि २१, मिति २०८२।२।५ देखि ११ र २०८२।२।२४ देखि ३० सम्म मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरूको अनुगमन | ३७८०० |
| प्रदेश पुँजीगत | २९-२०८२।३।२५ | उपाध्यक्ष श्री सरिता रोकाया | मिति २०८२।१।१९ देखि २४, मिति २०८२।२।११ देखि २४ र २०८२।२।३१ देखि २०८२।३।५ सम्म मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरूको अनुगमन | २८८०० |
| प्रदेश पुँजीगत | २९-२०८२।३।२५ | वडा अध्यक्ष श्री भरत बहादुर शाही | मिति २०८२।२।२४ देखि ३० सम्म मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरूको अनुगमन | ९३७५ |
| | | | जम्मा | १२४१७५ |

| असुल गर्नुपर्ने | १,२४,१७५ |
|---|---|

### ४२ एक गाउँ एक प्राविधिक

नेपाल सरकार, अर्थ मन्त्रालयको च.नं.३३५ मिति २०७६।६।८ को पत्रबाट स्थानीय तहको लागत साझेदारीमा एक गाउँ एक प्राविधिक कार्यक्रम सञ्चालन गरिएको उल्लेख छ । चालु आर्थिक वर्ष २०८१।८२ मा उक्त कार्यक्रममा संघबाट ५०/५० प्रतिशत बेहोर्नु पर्नेमा पालिकाले देहाय अनुसार १०० प्रतिशत खर्च गाउँपालिका चालुबाट बेहोरेको पाइयो । जसबाट पालिकालाई देहाय अनुसार थप व्ययभार परेको देखियो । साझेदारी कार्यक्रम अनुसार बजेट प्राप्त नभएकोले पालिकाबाट खर्च लेखेको जानकारी लेखापरीक्षणको क्रममा प्राप्त भएको छ । अतः स्वीकृत मोडालिटी अनुसार कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

| क्र.सं. | पद | नाम | पारिश्रमिक रु. | पालिकाको ५० प्रतिशत | संघको ५० प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रा.स. | श्री चक्र बहादुर डाँगर | ४२७७२६ | २१३८६३ | २१३८६३ |
| २ | प्रा.स. | श्री देवेन्द्र घोडासैनी | ४२७७२६ | २१३८६३ | २१३८६३ |
| ३ | प्रा.स. | श्री दान बहादुर बुढा | ४२७७२६ | २१३८६३ | २१३८६३ |
| ४ | प्रा.स. | श्री दिल बहादुर घोडासैनी | ४२७७२६ | २१३८६३ | २१३८६३ |
| ५ | प्रा.स. | श्री नेत्र बहादुर बुडथापा | ४२७७२६ | २१३८६३ | २१३८६३ |
| ६ | प्रा.स. | श्री साहाना कार्की | ४२७७२६ | २१३८६३ | २१३८६३ |
| | | जम्मा | २५६६३५६ | १२८३१७८ | १२८३१७८ |

४३ **सक्कल बिल**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको पुष्टि हुने खर्च बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०८१।६।२१ मा गो.भौ. २९ बाट नगर प्रहरि सञ्चालन तथा व्यवस्थापन शीर्षकबाट नगर प्रहरीका लागि पोशाक खरिद गरेको फोटोकपी बिल समावेश गरी छायाँनाथारारा एग्रो प्रा.लि.लाई रु.३,३१,०९५ भुक्तानी गरेको छ । अतः फोटोकपी बिलको आधारमा भुक्तानी गरेको देखिएकोले सक्कल बिल बिजक पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३१,०९५ |

४४ **दोहोरो भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको पुष्टि हुने खर्च बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले पालिका चालु तर्फ २०८१।१०।११ मा गो.भौ.१६४ बाट जोइन मिडिया हाउस प्रालिले २०८१।१०।१० मा जारी गरेको ८०६ र ८०७ नं. को फोटोकपी बिल समावेश गरी रु.१३१६९७ भुक्तानी गरेको देखिन्छ । सोही मिडिया कम्पनीको सक्कल बिल समावेश गरी प्रदेश पुँजीगततर्फको मिति २०८२।३।२५ मा गो.भौ.२५ बाट पुनः भुक्तानी भएकोले दोहोरो भुक्तानी भएको असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३१,६९७ |

४५ **जिन्सी दाखिला**

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४६ मा सरकारी सम्पत्तिको जिम्मा, अभिलेख, लेखांकन, प्रतिवेदन, संरक्षण लगायतका कार्यको जिम्मेवारी कार्यालय प्रमुखको हुने तथा नियम ४७ मा कार्यालयमा जुनसुकै माध्यमबाट प्राप्त भएका मालसामानको मूल्य खुलाई लगत राख्नुपर्ने व्यवस्था छ । पालिका मिति २०८२।३।२५ मा गो.भौ.५३६ बाट वडा सचिव श्री अजय शर्मा लोहारको रु.२,५०,००० पेस्की फछर्यौट गरेकोमा वडा नं.१ ले २०८१।१२।१३ मा ज्याबाला ईलेक्ट्रोनिक्स होमबाट रु.५८,९०० मूल्य को ल्यापटप(DELL I3, १५.६) खरिद गरेकोमा उक्त ल्यापटप सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला गरेको देखिएन । एक वर्ष भन्दा बढी अवधि आयु भएको ल्यापटप पालिको सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS)को खप्ने खातामा दाखिला भएको प्रमाण पेश हनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५८,९०० |

४६ **खर्चको पुष्ट्याइँ**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको पुष्टि हुने खर्च बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्न अनुसार छन्:

४६.१ भौचर नं.३९३-२०८२।३।१६ बाट पालिकाले विपद् व्यवस्थापन कार्यक्रम अन्तर्गत ८ फिटको २५ बन्डल र ९ फिटको २१ बन्डल जस्ता तथा २५ एम.एम.को २२०० मिटर र २० एम.एम.को ३००० मिटर पाइप खरिद गरी श्रीषा हार्डवयेर एण्ड अर्डर सप्लायर्सलाई रु.९,८८,९८९ भुक्तानी गरेको पाइयो । उक्त खरिद भएका पाइप तथा जस्ता वितरण नगरी पालिकामा मौज्दात रहेको देखियो । उक्त खरिद गरिएका जस्ता तथा पाइप तोकिएको कार्यक्रममा वितरण गरेको प्रमाण पेश हुनुपर्दछ ।

४६.२ पालिकाले कृषक तालिम सञ्चालन र कृषि तथा जलाधार परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि पालिकाले रु.५ लाख र कर्णाली ग्रामीण विकास केन्द्रले रु.१ लाख ४० हजार गरी रु.६ लाख ४० हजारको सम्झौता गरेको छ । पालिकाले यो वर्ष मिति २०८२।३।२० मा गो.भौ.४२६ बाट कर्णाली ग्रामीण विकास केन्द्रलाई रु.५ लाख भुक्तानी गरेकोमा रु.४,७०,०७८ को मात्र बिल भरपाई संलग्न रहेको देखियो । सम्झौतामा कुल रु.६ लाख ४० हजार खर्च मध्ये पालिकाले रु.५ लाख मात्र बहोर्नुपर्ने उल्लेख भए अनुसार उक्त कुल खर्च रकम रु.४,७०,०७८ मध्ये पालिकाले रु.३,६७,२४८ मात्र भुक्तानी गर्न मिल्ने देखिन्छ । जसअनुसार केन्द्रले पेश गरेको आर्थिक प्रस्ताव तथा सम्झौता अनुसार उक्त विल भरपाईको आधारमा साझेदारीको अंश रु.१,३२,७५२ कट्टा गर्नुपर्ने

देखिन्छ । सम्झौता अनुसार कुल खर्च रकम भन्दा कमको कार्य केन्द्रबाट भएको अवस्थामा साझेदारी अंश कट्टा नगरी बढी भुक्तानी गरेको रु.१,३२,७५२ असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३२,७५२ |

४६.३ भौचर नं. २१६-२०८२।२।१२ बाट पालिकाले ७०० थान ग्याबियन जाली निर्माणका लागि ग्याबियन तार खरिदको लागि २०८१।११।१७ मा श्री सरोज निर्माण सेवासँग रु.२७,७९,७०८ को खरिद सम्झौता गरेको पाइयो । खरिद सम्झौत अनुसार ८ एस.डब्लु.जी. ३.९० एम.एम.को १६ हजार ४०१ किलोग्राम, १० एस.डब्लु.जी. ३.२५ एम.एम.को २ हजार १६ किलोग्राम र १२ एस.डब्लु.जी. २.६४ एम.एम.को ५२५ किलोग्राम समेत कुल १८ हजार ९४२ किलोग्राम ग्याबियन तार खरिद गरेको पाइयो । स्रेस्ता अनुसार उक्त ग्याबियन तार विपद् व्यवस्थापन शाखा प्रमुख श्री कुल बहादुर शाहीको जिम्मामा रहेकोमा स्थलगत लेखापरीक्षणको क्रममा उक्त तार कार्यालय प्राङ्गणमा खुला आकाशमुनि भण्डारण गरी राखिएको पाइयो । आर्थिक वर्ष २०८२।८३ मा उक्त तारको प्रयोग गरी जाली बनाइने कार्यक्रम रहेको पालिकाले जनाए तापनि उक्त कार्य लेखापरीक्षण अवधिसम्म पनि सुरु भएको देखिएन । खरिद गरिएको उक्त ग्याबियन तारबाट जाली निर्माण गरी तोकिएको कार्यक्रममा वितरण गरेको तथा उचित भण्डारण गरेको प्रमाण पेश हुनुपर्दछ ।

## ४७ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा सरकारी सम्पत्तिको जिम्मा, अभिलेख, लेखाङ्कन, प्रतिवेदन, संरक्षण लगायतका कार्यको जिम्मेवारी कार्यालय प्रमुखको हुने तथा कार्यालयमा जुनसुकै माध्यमबाट प्राप्त भएका मालसामानको मूल्य खुलाई लगत राख्नुपर्ने व्यवस्था छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2)को दोस्रो भर्जन सबै सरकारी कार्यालयले अनिवार्य प्रयोग गर्नुपर्ने गरी महालेखा नियन्त्रक कार्यालयबाट २०८१ श्रावण देखि उक्त प्रणाली लागू भएको छ । महालेखा नियन्त्रक कार्यालयबाट विकास गरिएको प्रणाली अन्तर्गत PAMS-V१ बाट PAMS-V२ मा भएका खप्ने मालसामानको विवरण मात्र जिम्मेवारी सर्ने व्यवस्था गरेकोमा खर्च भएर जाने मालसामानको विवरण सहित स्वतः जिम्मेवारी सर्ने व्यवस्था हुन सकेको अवस्था छैन । साथै कार्यालयबाट आर्थिक वर्ष २०८०।८१ मा खरिद गरिएका खर्च भएर जाने मालसामान, खर्च भएको परिमाण तथा आर्थिक वर्षको अन्तमा बचत भई २०८१।८२ ममा मौज्दात सार्नुपर्ने सामानको विवरण सहित जिन्सी निरीक्षण गरेको देखिएन । साथै कार्यालयको PAMS -V१ प्रणाली लग ईन हुन नसकेकोले सो सम्बन्धमा प्रणालीबाट समेत यकिन गर्न सकिएन । कार्यालयले PAMS -V१ मा मौज्दात देखिएका खर्च भएर जाने सामानको परिमाण यकिन गरी मालसामान निकासी/खर्च भए/नभएको यकिन हुने गरी जिन्सीको लगत अभिलेख तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्दछ ।

## ४८ भ्रमण भत्ता

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १२ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले स्थानीय तहको कामको सिलसिलामा नेपाल भित्र वा नेपाल बाहिर भ्रमण गर्नुपर्दा अनुसूची-२ को दरमा नबढ्ने गरी दैनिक भ्रमण भत्ता भुक्तानी नपाउने उल्लेख छ । साथै अनुसूची-२ को द्रष्टव्यमा पदाधिकारीले सरकारी कामकाजको लागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र यस अनुसूची बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुने उल्लेख छ । तर गाउँपालिकाका देहाय अनुसार पदाधिकारी निम्न अनुसार सरकारी काम बाहेकको सिलसिलामा जिल्ला बाहिर खटिए अवधिको दैनिक भ्रमण भत्ता नपाउने देखिएकोले असुल हुनुपर्ने रु.

| भौचर नं. | मिति | पद नाम | बेहोरा | रकम |
|---|---|---|---|---|
| ४२ | २०८१।६।२३ | उपाध्यक्ष श्री सरिता रोकाय | २०८१।४।१३ देखि २२ र मिति २०८१।४।२४ देखि ३० स्वास्थ्य उपचार र भेटघाटका लागि नेपालगन्ज र काठमाडौं जाँदाको दैनिक भ्रमण भत्ता रु. | ६०००० |
| ४८ | २०८१।७।२१ | वडा नं.१ का अध्यक्ष श्री सिंह बहादुर शाही | २०८१।५।१४ देखि २२ स्वास्थ्य उपचार र भेटघाट का लागि सुर्खेत र नेपालगन्ज जाँदाको दैनिक भ्रमण भत्ता रु. | २१९०३ |
| | | | जम्मा | ८१९०३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८१,९०३ |

### ४९ नगर प्रहरीको राशन भत्ता

खत्याड गाउँपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन, २०८० दफा ५८ मा नगर प्रहरी कर्मचारी नियुक्ति पाएको वा बढुवा भएको मिति देखि तलब भत्ता पाउने तथा तलब र राशन भत्ता उपत्यकाको नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई गाउँ कार्यपालिकाले तोके अनुसार हुने व्यवस्था छ पालिकाले संघ सरकारको प्रहरीको समान तहको कर्मचारीले पाएको सुरु स्केल सरहको तलब हुने गरी करार सम्झौतामा समावेश गरी तलब भुक्तानी गरेको भए तापनि राशन भत्ता सम्बन्धमा करार सम्झौतामा कुनै विषय उल्लेख गरेको छैन । साथै कार्यपालिकाबाट समेत रासन भत्ताको दर सहितको निर्णय नभएको अवस्थामा पालिका कार्यालयले देहाय अनुसार १० नगर प्रहरी कर्मचारीलाई निम्नानुसार रु.७००० का दरले २०८१ कार्तिक देखि २०८२ असार मसान्तसम्मको राशन भत्ता भुक्तानी गरेको छ । पालिकाको कानुन अनुसार कार्यपालिकाको निर्णय बेगर भुक्तानी भएको राशन भत्ता नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | पद | नाम | राशन भत्ता दर रु. | महिना | जम्मारकम रु. |
|---|---|---|---|---|---|
| १ | प्रहरीहवल्दार | श्री जगत बहादुर डाँगर | ७००० | ९ | ६३००० |
| २ | प्रहरीजवान | श्री कविता भण्डारी | ७००० | ९ | ६३००० |
| ३ | प्रहरीजवान | श्री एकराज थापा | ७००० | ९ | ६३००० |
| ४ | प्रहरीजवान | श्री टीका प्रसाद जैसी | ७००० | ९ | ६३००० |
| ५ | प्रहरीजवान | श्री वीर सिंह थापा | ७००० | ९ | ६३००० |
| ६ | प्रहरीजवान | श्री दान बहादुर शाही | ७००० | ९ | ६३००० |
| ७ | प्रहरीजवान | श्री झुपुल्ली बाँनिया | ७००० | ९ | ६३००० |
| ८ | प्रहरीजवान | श्री नर बहादुर डाँगर | ७००० | ९ | ६३००० |
| ९ | प्रहरीजवान | श्री जीवन बुढा | ७००० | ९ | ६३००० |
| १० | प्रहरीजवान | श्री धनेन्द्र शाही | ७००० | ९ | ६३००० |
| | | जम्मा | | | ६३०००० |

| | |
|---|---|
| अनियमित भएको | ६,३०,००० |

### ५० कर्मचारी सेवा करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैँचे लगायतका पदमा प्रतिस्पर्धाको आधारमा सेवा करारबाट पदपूर्ति गर्ने तथा सो बाहेक अन्य पदमा सेवा करारबाट पदपूर्ति गर्ने नपाइने व्यवस्था गरेको छ । साथै कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा

२१ मा स्थानीय तहको संगठनको कार्य प्रकृति अनुसार अति आवश्यक भएको अवस्थामा स्थानीय तहको आन्तरिक स्रोतबाट पारिश्रमिक तथा सुविधा बेहोर्ने गरी तयार भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत भई सिर्जना हुने अस्थायी दरबन्दीमा कार्यपालिकाबाट स्वीकृत भएको कार्यविधि बमोजिम सेवा करारमा लिन सक्ने व्यवस्था छ । पालिकाको आर्थिक स्रोत, कार्यबोझ, भौगोलिक अवस्था, आवश्यकता लगायतको आधारको विश्लेषण गरी संगठन व्यवस्थापन तथा सर्वेक्षण (O&M) प्रतिवेदन तयार गरी स्वीकृत गराएको देखिएन । पलिकाले उक्त कानुनमा उल्लिखित प्रकृया बेगर यो वर्ष करार कर्मचारी सेवा अन्तर्गत प्राविधिक सहायक, हलुका सवारी चालक, कार्यालय सहयोगी, सामाजिक परिचालक गरी गाउँपालिका कार्यालयमा ५२ जना कर्मचारी राखी रु.१,८५,०६,०४७ र स्वास्थ्यतर्फ हे.अ. ६, रेडियो ग्राफर १, अ.हे.व.५, अनमि १२, ल्याब असिस्टेन्ट १, कार्यालय सहयोगी ६ र स्वीपर २ गरी ३३ जना कर्मचारी राखी रु.१,२६,१७,५,३५ गरी कुल रु.३,११,२३,५८२ पारिश्रमिक खर्च गरेको छ । जसमध्ये संघ तथा प्रदेश कार्यक्रम करार, कार्यालय सहयोगी, सवारी चालक समेत २१ जना बाहेक पालिकाको स्वीकृत दरबन्दी बाहिर स्वास्थ्य तर्फका ३३ जना र पालिका तर्फका ७ जनासमेत ४० जना करार कर्मचारीको पारिश्रमिकमा रु.१,४८,९४,४७२ खर्च लेखेको छ । संघ तथा प्रदेशको कार्यक्रमबाट स्थापना भएका वर्थिङ्ग सेन्टर र स्वास्थ्य चौकीका लागि आवश्यक जनशक्तिको दरबन्दी स्वीकृत नभए तापनि कार्यपालिकाको निर्णय र आवश्यकताअनुसार कारारमा कर्मचारी राखेको पालिकाको भनाइ रहेको छ । जसमध्ये पालिकाको स्वीकृत दरबन्दी बाहिरका दश शय्या अस्पतालको लागि इन्जिनियर १, एनजिओ डेस्क १, विपद् संयोजक १, दलित डेस्क १, एफ.एम. टेक्निसियिन १, एफ.एम.को लागि कार्यालय सहयोगी १, पानी हेरालो १, सामुदायिक स्वास्थ्य एकाइमा कार्यरत अ.हे.व. ३, अ.न.मी. २ र कार्यालय सहयोगी ३ गरी १५ जना कर्मचारीहरू करारमा राखी यो वर्ष रु.४९,१२,०५७ खर्च लेखेको छ। पालिकाको आन्तरिक स्रोत रु.४४,५६,९०४ मात्र रहेको अवस्थामा दरबन्दी बेगर करार सेवामा कर्मचारी भर्ना गरी खर्च लेखेको उक्त रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४९,१२,०५७ |

५१ **स्थानीय भत्ता**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७७।४।८ को परिपत्र अनुसार सूचना प्रविधि अधिकृतको मासिक पारिश्रमिक र पोशाक खर्च बापत तोकिएको रकम मन्त्रालयले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट शोधभर्ना भुक्तानी हुने उल्लेख छ । साथै मन्त्रालयले उपलब्ध गराएको नमुना कानुनको आधारमा पालिकाले सूचना प्रविधि अधिकृतको कार्य विवरण, पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी संक्षिप्त कार्यविधि तयार गरी पारित गर्नुपर्ने उल्लेख छ । पालिकाले उक्त कार्यविधि बेगर सूचना प्रविधि अधिकृत श्री बासुदेव थापालाई २०८१।६।१८ मा गो.भौ.१० समेतबाट मासिक पारिश्रमिक भुक्तानी गर्दा मासिक रु.१४,७६० का दरले रु.१,७७,१२० स्थानीय भत्ता भुक्तानी गरेको पाइयो । पालिकाले उक्त कार्यविधि तयार नगरेको अवस्थामा नेपाल सरकारबाट करार कर्मचारीले स्थानीय भत्ता पाउने कानुनी व्यवस्था नभएकोले सूचना प्रविधि अधिकृतलाई भुक्तानी भएको स्थानीय भत्ता असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७७,१२० |

५२ **अनुगमन तथा भ्रमण**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी सेवा सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १२ पदाधिकारी तथा सदस्यले स्थानीय तहको कामको सिलसिलामा नेपालभित्र वा नेपाल बाहिर भ्रमण गर्दा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची-२ को दरमा नबढ्ने गरी दैनिक भ्रमण भत्ता भुक्तानी नपाउने उल्लेख छ । त्यसैगरी पालिकाले भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कर्मचारीको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ । पालिकाले यो वर्ष अनुगमन तथा भ्रमण भत्तामा रू.१५,५४,८०६ खर्च लेखेको पाइयो । नमुना छनौट गरी परीक्षण गर्दा सरकारी कामको सिलसिलमा जिल्ला बाहिर खटिएको अवस्थामा मात्र भ्रमण भत्ता भुक्तानी पाउने उल्लेख भएकोमा पालिकाका प्रमुख लगायत पदाधिकारीहरुको अधिकांश भ्रमणमा कार्यालयको कामका लागि भनी उल्लेख भएको र भ्रमणको स्पष्ट उद्देश्य तथा प्रयोजन खुलाई सोको पुष्टि हुने प्रमाण कागजात संलग्न गर्ने नगरेको, संघ तथा प्रदेश सरकारसँग योजना माग गर्न तथा प्रदेश सरकारका विभिन्न निकायसँग छलफल तथा कार्यक्रममा काठमाडौं, सुर्खेत, नेपालगञ्ज, गमगढी लगायतका स्थानमा गएको जनाई पदाधिकारी तथा कर्मचारीहरूले भ्रमण भत्ता भुक्तानी लिने गरेको, पदाधिकारी सेवा सुविधा सम्बन्धी ऐनको अनुसूची-२ को द्रष्टव्यमा

भ्रमण गर्ने पदाधिकारीबाट भ्रमण प्रतिवेदन पेश हुन नगरेको प्रमाणित दूरी तथा बास बस्नुपर्ने अवस्थाको खुलासा बेगर पालिकाभित्रमा विभिन्न वडाहरू, जिल्ला सदररमुकाम लगायतका स्थानमा गएको जनाई भ्रमण खर्च भुक्तानी गरेको लगायतका बेहोराहरू देखिएका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै स्थानीय तहका पदाधिकारी सेवा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ११ मा आफ्नो स्रोत तथा क्षमताका आधारमा कम हुन सक्ने गरी सभाले पदाधिकारी सुविधा निर्धारण गर्न सक्ने व्यवस्था छ । पालिकाको यो वर्षको कुल आन्तरिक आम्दानी रू.४४,५६,९०४।- रहेकोमा कुल आन्तरिक आयको तुलनामा ३४.८८ प्रतिशत अर्थात् रू.१५,५४,८०६ दैनिक भ्रमण भत्तामा खर्च गरेको देखिन्छ । अतः कानुनमा उल्लेख भए अनुसारको व्यवस्थाको पालना गरी भ्रमण खर्चलाई मितव्ययी तथा यथार्थपरक बनाउनुपर्दछ।

५३ **तोकिए भन्दा बढी संख्याको बैठक भत्ता**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ११ उपदफा १ मा पदाधिकारी तथा सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा न्यायिक समिति लगायत स्थानीय तहको अन्य कुनै पनि समिति वा उपसमितिको बैठकमा भाग लिए बापत प्रत्येक दिनको लागि अनुसूची-२ बमोजिमको रकम बैठक भत्ता बापत पाउने उल्लेख छ । साथै उपदफा २ मा उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि एक महिनामा ३ वटा भन्दा बढी बैठकको भत्ता लिन नपाइने उल्लेख छ । वडा समितिकै बैठक बापत प्रति महिना ३ वटा बैठकको बैठक भत्ता वडातर्फको बजेटबाट भुक्तानी भएकोमा वडा अध्यक्ष र कार्यपालिका सदस्य पुनः कार्यपालिकाको बैठकमा मिति २०८२।३।८ मा गो.भौ.३४४ बाट ६० औँ देखि ९४ औसम्म कार्यपालिकाको बैठक भत्ता भुक्तानी भुक्तानी लिएको देखिन्छ । स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन बमोजिम वडा समिति तथा कार्यपालिकाको बैठक बापत मासिक तीन भन्दा बढी हुने गरी भुक्तानी भएको बैठक भत्ता असुल हुनुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ५३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,२६,०२५ |

५४ **निमित्त भत्ता**

निजामती सेवा नियमावली, २०५० को नियम ४७ मा कुनै पदमा कायम मुकायम भई वा १५ दिन भन्दा बढी अवधि निमित्त भई काम गरेकोमा त्यसरी काम गर्ने निजामती कर्मचारीले निमित्त भत्ता पाउने व्यवस्था छ । जसअनुसार निमित्तको जिम्मेवारीमा रहेको कर्मचारीको ग्रेड सहितको तलब एक तह माथिको सुरु तलब स्केल भन्दा बढी भएमा निजले निमित्त भत्ता पाउने देखिँदैन । पालिकामा संघीय निजामति सेवाको शाखा अधिकृत (रा.प.तृतीय) तहको प्रमुख प्रशासकीय अधिकृत हुने र शाखा अधिकृतको सुरु स्केल तलब रु.४३,६८९ मात्र रहेकोमा कार्यालयको निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री बासुदेव कार्कीको ग्रेड सहितको तलब मासिक रु.५३,८८१ रहेको छ । जसअनुसार निजले प्रमुख प्रशासकीय अधिकृत हुँदाको अवधिको निमित्त भत्ता भुक्तानी पाउने देखिँदैन । तर मिति २०८१।१०।१३ मा गो.भौ.१६७ बाट अधिकृत छैटौँ श्री बासुदेव कार्कीलाई निमित्त भत्ता बापत रु.३९,६२४ भुक्तानी गरेको पाइयो । कानुन अनुसार नपाउने देखिएको उक्त निमित्त भत्ता असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,६२४ |

५५ **बढी तलब भुक्तानी**

योगदानमा आधारित निवृत्तिभरणमा पाउने कर्मचारीको तलब भत्ता खर्च लेख्दा मासिक पारिश्रमिक ६ प्रतिशतले कट्टी गरी सोही बराबरको रकम थप गरी योगदानमा आधारित निवृत्तिभरणको लागि कर्मचारी सञ्चय कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०८१ माघ देखि २०८२ असारसम्म कर्मचारीको पारिश्रमिकबाट ६ प्रतिशत रकम कट्टी नगरेको अवस्थामा मिति २०८२।३।२४ मा गो.भौ.५३४ बाट २०८१ माघ देखि २०८२ असारसम्म ३४ जना कर्मचारीको कुल रकम रु.८,९१,६८७.३० पालिकाबाट मात्र खर्च लेखी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरेको देखियो । जस अनुसार कर्मचारीले बेहोर्नुपर्ने ६ प्रतिशतले हुने रकम समेत पालिकाबाट खर्च लेखेकोले पालिकाबाट बढी खर्च लेखी उक्त कोषमा जम्मा भएको असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,४५,९०९ |

५६ **पालिका अनुदानबाट शिक्षक**

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलव भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ मा विद्यार्थी संख्याका आधारमा हिमाल, पहाड तथा तराईका विद्यालयहरूमा तोकिएको विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गर्नुपर्ने, शिक्षक दरबन्दी अपुग भएमा जिल्लामा पुल दरबन्दीमा रहेका अन्य स्थानीय तहबाट मिलान गर्नुपर्ने उल्लेख छ। पालिकाले शिक्षक दरबन्दी मिलान बेगर मिति २०८१।६।१६ मा गो.भौ.४ र ५, मिति २०८१।२।४ मा गो.भौ.२०६ र मिति २०८१।३।२ मा गो.भौ.३०१ लगायतबाट २२ विद्यालयमा माध्यामिक तहका ९ र आधारभूत तहका १९ गरी २८ जना शिक्षक राखी २०८१ श्रावण देखि २०८२ असारसम्मको पारिश्रमिकमा रु.९०,५२,००० खर्च गरेको छ। उक्त शिक्षक छनौट, करार सम्झौता लगायतका विवरण पालिकामा रहेको देखिएन । पालिकाको आन्तरिक स्रोत रु.४४,६९,९०४ मात्र रहेको अवस्थामा आन्तरिकसँग तुलना गर्दा आन्तरिक आयले उक्त खर्चको ४९.३८ प्रतिशत मात्र धानेको अवस्था छ । अतः शिक्षक विद्यार्थी अनुपातको विश्लेषण सहित शिक्षक दरबन्दी मिलान नगरी पालिकाले शिक्षक राखी खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९०,५२,००० |

५७ **लागत साझेदारी**

कर्णाली प्रदेश कृषि तथा सहकारी सम्बन्धी (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ ले अधिकतम लागत साझेदारी सहित प्रस्ताव छनोट गरी कृषि विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले यो वर्ष मिति २०८२।३।२० मा गो.भौ.४२६ बाट कर्णाली ग्रामीण विकास केन्द्रलाई कृषक तालिम सञ्चालनका लागि रु.५ लाख अनुदान दिएको देखिन्छ । विकास केन्द्रले पेश गरेको आर्थिक प्रस्ताव अनुसार संस्थामा कार्यरत कर्मचारीको पारिश्रमिक, कार्यालय व्यवस्थापन, अनुगमन, कार्यसमिति बैठक तथा सार्वजनिक सुनुवाइ सम्बन्धी कार्यमा कुल रु.६ लाख ४० हजार मध्ये संस्थाको लागत साझेदारी हुने क्रियाकलाप अन्तर्गत उक्त संस्थमा कार्यरत कर्मचारीको पारिश्रमिकमा रु.१,२०,००० र फर्निचर खरिदमा रु.२०,००० मात्र रहेको देखिन्छ । पालिकाले कृषि तथा जलाधार परिवर्तन कार्यक्रमका लागि बजेट विनियोजन गरेकोमा सो भन्दा फरक कार्यक्रम सञ्चालन हुने गरी संस्थाको प्रस्ताव स्वीकृत तथा सम्झौता गरी कार्य भएको कारण पालिकाबाट उपलब्ध अनुदानबाट कृषक तालिम र कृषि तथा जलाधार परिवर्तन कार्यक्रम सञ्चालन सम्बन्धी कार्य भएको देखिएन । साथै संस्थाकै कर्मचारीको १२ महिनाको पारिश्रमिक र फर्निचर व्यवस्थापनमा मात्र लागत साझेदारी उल्लेख भएकोमा कृषक तथा कृषि विकासमा उक्त अनुदान प्रयोग नभई संस्थाका नियमित कार्यक्रममा लागि पालिकाबाट अनुदान उपलब्ध गराएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

५८ **उपभोक्ता समिति परिचालन**

गाउँपालिका कार्यालयले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देहायका व्यहारा देखिएका छन्:-

५८.१ **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सी.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, लघु जलविद्युत आयोजना निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउनुपर्दछ । यसका केही उदाहरण देहायअनुसार छन्:-

| भौ. नं./मिति | कामको विवरण | भुक्तानी रकम रु. |
|---|---|---|
| ३४-०८२।२।२७ (गापा पुँजीगत) | सामुदायिक स्वास्थ्य भवन डुमाना | ९६०००० |
| १३६-०८२।३।२५(गापा पुँजीगत) | ६ नं वडा कार्यालय मञ्च निर्माण | ३८४००० |
| ०१-०८२।३।२५ (स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम) | आधारभूत स्वास्थ्य चौकी भवन श्रीकोट | २९६२०२६ |

५८.२ **मर्मत सम्भार कोष** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समितिले सम्पन्न आयोजनाको सेवा उपयोग गरे बापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत् सम्पन्न आयोजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाइएकोले निर्मित आयोजनाहरूको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।

५८.३ **आयोजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिका कार्यालयबाट सञ्चाचालित आयोजनाहरू मध्ये उपभोक्ता समिति मार्फत् संचालन भएका आयोजनाहरू सम्पन्न भइसके पश्चात् समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि संचालन गरिएका योजनाहरू सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत तोकी हस्तान्तरण गर्ने गरेको पाइएन। समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरूको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ ।

५८.४ **बीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम ३क मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट रु.२० लाखभन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा बीमा गराउनुपर्ने व्यवस्था छ। यद्यपि कार्यालयले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट उल्लिखित रकमभन्दा बढी मूल्यको सडक, भवन लगायतका संरचना निर्माण कार्य गराउँदा बीमा गराएको देखिएन । अतः त्यस्ता कार्यको बीमा गरी/गराई निर्माण कार्यमा निहित जोखिम वहन गर्ने व्यवस्था गर्नुपर्दछ । बीमा नगराई निर्माण कार्य भएका रु.२० लाखभन्दा बढी मूल्यका निर्माण कार्यका केही उदाहरण देहायअनुसार छन्:-

| शीर्षक | भौ. नं./मिति | योजना/समिति | कुल सम्झौता रकम रु. | कुल कार्य रु. | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|
| प्रदेश पुँजीगत | १२-२०८२।३।१७ | स्वास्थ्य चौकी घेराबार योजना, खत्याड-१ | २२७७५९० | २२२७८७३ | १९१६३४३ |
| प्रदेश पुँजीगत | १८-२०८२।३।१९ | वडा नं.७ कार्यालय घेराबार निर्माण तथा फिल्ड व्यवस्थापन | २२७६४६३ | २२१९५०३ | १९१०९५८ |
| प्रदेश पुँजीगत | २१-२०८२।३।२० | वडा नं.६ कार्यालय भवन निर्माण | २२८४९५२ | २२८४९३१ | १९५९९८२ |

५८.५ **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उप नियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

५९ **हस्तान्तरण गर्न नमिल्ने कार्य उपभोक्ता समितिबाट**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी सिर्जना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत् गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिका कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिबाट निर्माण गर्नुपर्ने र आफ्नै स्वामित्वमा राख्नुपर्ने देहायका भवन निर्माणको कार्य उपभोक्ता समिति मार्फत् गराई भुक्तानी गरेको पाइयो। उपभोक्ता समिति मार्फत कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नै नमिल्ने र बोलपत्र आह्वान गरी गर्नुपर्ने कार्यहरू समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो । उपभोक्ता समितिलाई हस्तान्तरण नहुने प्रकृतिका योजनाहरू नियमावलीमा भएको व्यवस्था भए अनुसार प्रतिस्पर्धाको माध्यम निर्माण गराउनुपर्दछ ।

| भौ. नं./मिति | कामको विवरण | भुक्तानी रकम रु. |
|---|---|---|
| ३४-०८२।२।२७ (गापा पुँजीगत) | सामुदायिक स्वास्थ्य भवन डुमाना | ९६०००० |
| ३६-०८२।२।२७ (गापा पुँजीगत) | वडा कार्यालय भवन घेराबार | ३८४००० |
| ३८-०८२।२।२७ (गापा पुँजीगत) | स्वास्थ्य चौकी भवन सुकाढिक घेराबार | १४४००० |
| ५९-०८२।२।२९ (गापा पुँजीगत) | आधारभूत स्वास्थ्य केन्द्र रिखिया | ३८०५७० |
| १३६-०८२।३।२५(गापा पुँजीगत) | ६ नं वडा कार्यालय मञ्च निर्माण | ३८४००० |
| ०१-०८२।३।२५ (स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम) | आधारभूत स्वास्थ्य चौकी भवन श्रीकोट | २९६२०२६ |
| १२-२०८२।३।१७ (प्रदेश पुँजीगत) | स्वास्थ्य चौकी घेराबार योजना, खत्याड-१ | १९१६३४३ |
| १८-२०८२।३।१९ (प्रदेश पुँजीगत) | वडा नं.७ कार्यालय घेराबार निर्माण तथा फिल्ड व्यवस्थापन | १९१०९५८ |
| २१-२०८२।३।२० (प्रदेश पुँजीगत) | वडा नं.६ कार्यालय भवन निर्माण | १९५९९८२ |
| | जम्मा | ११००१८७९ |

६० **खर्चको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस पालिकाले मन्दिर, गुम्बा, खेलकुद मैदान निर्माण जस्ता अनुत्पादक योजनाहरू समेत छनौट गरी खर्च गरेको पाइयो । यो वर्ष पालिकाले विभिन्न ८ मन्दिर निर्माण तथा मर्मत/सम्भारमा रु. २० लाख ९८ हजार खर्च गरेको पाइयो । अनुत्पादक योजनाहरूमा लगानी निरुत्साहित गरी स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरू छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

६१ **ठेक्का व्यवस्थापन**

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली, २०६४ बमोजिम कुनै ठेक्का कार्यको लागत अनुमानदेखि बोलपत्र मूल्याङ्कन, खरिद सम्झौता, म्याद थप, भेरिएशन आदेश लगायतका कागजात ठेक्का फाइलमा व्यवस्थित गरी राख्नुपर्नेमा कार्यालयले सोअनुसार ठेक्का फाइल व्यवस्थित अद्यावधिक राखेको पाइएन । साथै ठेक्काको रनिङ्ग बिलमा सम्झौताअनुसारको (As per BoQ) परिमाण तथा मूल्य राख्ने गरेको नपाइएकोले कुनै आइटममा हालसम्म भएको कार्यपरिमाण तथा बाँकी कार्य परिमाण यकिन गर्न समेत नसकिने अवस्था रहेको पाइयो । अतः खरिद सम्झौतासँग सम्बन्धित सबै कागजात ठेक्का फाइलमा व्यवस्थित गरी राख्नुपर्दछ । साथै रनिङ्ग बिलमा सम्झौताअनुसारको परिमाण तथा मूल्य राखी ठेक्का बिलमा सुधार गर्नुपर्दछ ।

६२ **चेनेज तथा लोकेशन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४३ मा निर्माण कार्यको प्राविधिक विवरणमा खुलाउनुपर्ने विवरण अन्तर्गत प्रस्तावित निर्माण कार्यको कार्यक्षेत्र उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले सडक निर्माण सम्बन्धी कार्यको लागत अनुमानत तयार गर्दा तथा

प्राविधिक बिल तयार गर्दा, गराउँदा कार्य हुने र भएको स्थानको चेनेज खुलाउनुपर्नेमा सो अनुसार भएको पाइएन । कार्यालयले सडक तथा गोरेटो बाटो ढलान (रिजिड पेभमेण्ट), नाला निर्माण, रिटेनिङ्ग वाल लगायतका संरचनाजन्य कार्य गर्दा अधिकांश योजनामा चेनेज तथा लोकेशन खुलाउने गरेको पाइएन । एउटै सडक उपभोक्ता समिति तथा ठेक्का प्रकृया दुवै माध्यमबाट गराउने गरेको देखिएकोले सो अवस्थामा चेनेज नखुलाउँदा कार्यमा दोहोरोपना तथा ओभरल्याप हुन सक्ने हुँदा यसतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

### ६३ निर्माण कार्यको गुणस्तर

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ। कार्यालयले उपभोक्ता समितिहरूसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् हुने निर्माण कार्यको गुणस्तर गुणस्तर सुनिश्चितत गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल स्ट्रेन्थ टेष्ट गराउने जस्ता कार्य भएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

### ६४ पूँजीगत बजेटबाट चालु प्रकृतिका खर्च

महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार पूँजीगत खर्चको वर्गीकरणभित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने पूँजीगत सुधारका खर्चहरु समावेश हुने व्यवस्था छ। तर कार्यालयले सो भन्दा फरक हुने गरी कार्यालयले सवारी साधन मर्मतलाईपुँजीगत कार्यक्रममा समावेश गरी खर्च गरेको पाइयो । कार्यालयले गाउँपालिका पुँजीगत खर्च शीर्षकबाट सवारी साधन मर्मत, बीमा तथा नवीकरण शुल्क लगायतमा बापत रु. १५६२०५९।४० खर्च लेखाङ्कन गरेको पाइयो । यसरी चालु÷कार्य सञ्चालन प्रकृतिका कार्यमा पूँजीगत बजेट खर्च गर्दा एकातर्फ पूँजीगत कार्यमा भएको खर्चको यथार्थ तस्वीर चित्रण नहुने तथा पूँजीगत सम्पत्ति निर्माण तथा सिर्जनामा पनि योगदान नपुग्ने हुँदा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ । यसका केही उदाहरण देहाय अनुसार छन्ः-

| भौ.नं./मिति | विवरण | रकम रु. |
|---|---|---|
| ०२-०८१/६/२० | २ थान टायर बापत न्यू नमस्ते अटो पाट्र्सलाई भुक्तानी | ३३००० |
| ०४-०८१/६/२३ | ब्याक हो लोडर ढुवानी भाडा बापत रिकार्ड नेपाल प्रा.लि. | २७५००० |
| ०५-०८१/७/२७ | ब्याक हो लोडर मर्मत बापत वेष्टर्न अर्थ मुभर्स सुर्खेत | ५०११८० |
| ६४-०८२/३/०१ | मोटरसाइकल मर्मत बापत श्रेष्ठ ट्रेड हब | १००००० |

### ६५ कण्टिन्जेन्सी कट्टी तथा खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित अनुसूची-१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीबापत समावेश गर्ने व्यवस्था छ । पालिका कार्यालयले पुँजीगत खर्च शीर्षक अन्तर्गत सञ्चालन हुने योजनाहरूको लागि विनियोजित बजेटको ४ प्रतिशतले हुने रकम कण्टिन्जेन्सी खर्च बापत कट्टी गर्ने गरेको पाइयो । यस वर्षको कुल पुँजीगत बजेट रु.१५ करोड ४ हजारको आधारमा कण्टिन्जेन्सी बापतको बजेट रकम रु. ६० लाख हुने देखिन्छ । कार्यालयले कण्टिन्जेन्सीबाट भएको खर्चको अभिलेख समेत नराखेकोले कण्टिन्जेन्सी खर्च रकम समेत यकिन हुन सकेन । अतः सोबाट हुने खर्चको व्यवस्थित अभिलेख राखी यस्तो खर्चलाई मितव्ययी र पारदर्शी बनाउनुपर्दछ।

### ६६ ठेक्का फाइल तथा कार्य सम्पादन जमानत पेश नभएको -

सार्वजनिक खरिद नियमावली, २०६४ मा कार्यसम्पादन जमानतको म्याद त्रुटि सच्याउने अवधिभन्दा १ महिना पछिसम्मको हुनुपर्ने व्यवस्था छ ।

कार्यालयले गाउँपालिका पुँजीगत शीर्षकको भौचर नं. २२०-२०८२।३।२५ बाट वडा नं ६ रास्कोटीबाडामा ग्राभेल कार्य (ठेक्का नं ०३-०८०।८१) को प्रथम रनिङ्ग बिल बापत साइमन निर्माण सेवालाई रु.७५२०४६ भुक्तानी गरेकोमा सो सम्बन्धी लागत अनुमान, ठेक्का फाइल तथा सम्झौता लगायतका कागजात पेश हुन आएन । साथै उक्त ठेक्का कार्यको कार्य सम्पादन जमानत समेत पेश नभएकोले ठेक्का सम्बन्धी उल्लिखित कागजात पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,५२,०४६ |

६७ **बढी दरबाट भुक्तानी** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी गर्दा लागत अनुमान तथा दर विश्लेषणबाट स्वीकृत दरको आधारमा गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समितिलाई विभिन्न निर्माण कार्यको भुक्तानी गर्दा विभिन्न आइटमको लागि दर विश्लेषणबाट स्वीकृत दरभन्दा बढी (ओभरहेडसहितको दरसमेतबाट) दरबाट भुक्तानी गरेको पाइयो । यससम्बन्धी ब्यहोरा देहायअनुसार छन्:-

बढी भुक्तानी भएको रकम यकिन गरी असुल गरिने कार्यालयको भनाइ रहेको छ ।

६७.१ भौ. नं. ११३-०८२।३।१५ (गा. पा. पुँजीगत)

ढुङेखोला तटबन्ध निर्माण उपभोक्ता समितिलाई रु.३८४,०००।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा निम्नलिखिलत आइटमको लागत अनुमान तयारी तथा खरिद सम्झौता र भुक्तानी पालिकाबाट स्वीकृत दरभन्दा बढी दरबाट भुक्तानी गरेको पाइयो । जसको कारणबाट देहायअनुसार रु.२०३३३।-बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| आइटम | कार्य परिमाण | स्वीकृत दर | भुक्तानी दर | बढी दर प्रति घ.मी. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| ग्याबियन बक्स (साइज ३*1*१) | १३ बक्स | १८५६०।७४ | १९३६०।७४ | ८००। | १०४००। |
| ग्याबियन बक्स (साइज १.५*1*१) | २१ बक्स | ९४३०।५७ | ९९०३।५७ | ४७३। | ९९३३। |
| | | | | जम्मा | २०३३३। |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,३३३ |

६७.२ भौ. नं. १९४-०८२।३।२४ (गा. पा. पुँजीगत)

जनजागरण मा. वि. खेलमैदान निर्माण उपभोक्ता समितिलाई रु.९२६,०५५।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा निम्नलिखिलत आइटमको लागत अनुमान तयारी तथा खरिद सम्झौता र भुक्तानी पालिकाबाट स्वीकृत दरभन्दा बढी दरबाट भुक्तानी गरेको पाइयो । जसको कारणबाट देहायअनुसार रु.२०५३५।बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| आइटम | कार्य परिमाण | स्वीकृत दर | भुक्तानी दर | बढी दर प्रति घ.मी. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| ग्याबियन बक्स (साइज २*1*१) | ३७ बक्स | १२५७२।३३ | १३१२७।३३ | ५५५। | २०५३५। |
| | | | | जम्मा | २०५३५। |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,५३५ |

६७.३ भौ. नं. १६५-०८२।३।२३ (गा. पा. पुँजीगत)

रिखिया गाउँ पीसीसी बाटो निर्माण उपभोक्ता समितिलाई रु.३८४,०००।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा निम्नलिखिलत आइटमको लागत अनुमान तयारी तथा खरिद सम्झौता र भुक्तानी पालिकाबाट स्वीकृत दरभन्दा बढी दरबाट भुक्तानी गरेको पाइयो । जसको कारणबाट देहायअनुसार रु.३०७७१।बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| आइटम (कार्य विवरण) | कार्य परिमाण (घ.मी.) | स्वीकृत दर | भुक्तानी दर | बढी दर प्रति घ.मी. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| PCC (1:2:4) | १४.४० | २०४१७।३३ | २२५५४।२० | २१३६।८७ | ३०७७१ |
| | | नर्मल पीसीसी भएकोमा पीसीसी फर आरसीसीको दरबाट भुक्तानी भएको । | | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,७७१ |

६७.४ भौ. नं. ३४-०८२।२।२७ (गा. पा. पुँजीगत)

सामुदायिक स्वास्थ्य भवन, डुमाना निर्माण उपभोक्ता समितिलाई रु.९६०,०००।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा निम्नलिखित आइटमको लागत अनुमान तयारी तथा खरिद सम्झौता र भुक्तानी ओभरहेडसहितको दरबाट भुक्तानी गरेको पाइयो । जसको कारणबाट देहायअनुसार रु.१०८१६१।बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| आइटम (कार्य विवरण) | कार्य परिमाण (घ.मी.) | स्वीकृत दर | भुक्तानी दर | बढी दर प्रति घ.मी. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| MS Bar | १५१.५ (Kg.) | १४९ | १७२ | २२ | ३३९४ |
| Stone Masonary (1:6) | ४० | १३५०६ | १५५३२ | २०२६ | ८१०७६ |
| PCC (1:3:6) | ११ | १४७८८ | १७००६ | २२१८ | २३६९१ |
| जम्मा | | | | | 108161 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०८,१६१ |

६७.५ <u>भौ. नं. १६०-०८२।३।२३ (गा. पा. पुँजीगत)</u>

नेरा देवानडाँडा तटबन्ध निर्माण उपभोक्ता समितिलाई रु.५६५,७०३।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा निम्नलिखिलत आइटमको लागत अनुमान तयारी तथा खरिद सम्झौता र भुक्तानी पालिकाबाट स्वीकृत दरभन्दा बढी दरबाट भुक्तानी गरेको पाइयो । जसको कारणबाट देहायअनुसार रु.२५६६२।-बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| आइटम | कार्य परिमाण | स्वीकृत दर | भुक्तानी दर | बढी दर प्रति घ.मी. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| ग्याबियन बक्स (साइज १.५*1*१) | ३९ बक्स | ९४३०।५७ | ९९०३।५७ | ४७३। | १८४४७।- |
| ग्याबियन बक्स (साइज २*1*१) | १३ बक्स | १२५७२।३३ | १३१२७।३३ | ५५५। | ७२१५।- |
| | | | | जम्मा | २५६६२।- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,६६२ |

६७.६ <u>भौ. नं. ६५-०८२।३।०२ (गा. पा. पुँजीगत)</u>

बाल शिक्षा मा. वि., चिन्तु घेराबार उपभोक्ता समितिलाई रु.४८०,०००।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा निम्नलिखित आइटमको लागत अनुमान तयारी तथा खरिद सम्झौता र भुक्तानी ओभरहेडसहितको दरबाट भुक्तानी गरेको पाइयो । जसको कारणबाट देहायअनुसार रु.१७३९६४।बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| आइटम | कार्य परिमाण (घ.मी.) | स्वीकृत दर | भुक्तानी दर | बढी दर प्रति घ.मी. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| ग्याबियन बक्स (साइज २*१*१) | ४४ | ९१७३।६० (स्टोन प्याकिङ सहित) | १३१२७।३३ | ३९५३।७३ | १७३९६४। |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७३,९६४ |

६७.७ <u>भौ. नं. २९-०८२।२।२३ (गा. पा. पुँजीगत)</u>

देवीरुमा आधारभूत विद्यालय, सेही घेराबार उपभोक्ता समितिलाई रु.३८४,०००।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा निम्नलिखिलत आइटमको लागत अनुमान तयारी तथा खरिद सम्झौता र भुक्तानी ओभरहेडसहितको दरबाट भुक्तानी गरेको पाइयो । जसको कारणबाट देहायअनुसार रु.५९४७५।बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| आइटम (कार्य विवरण) | कार्य परिमाण (घ.मी.) | स्वीकृत दर | भुक्तानी दर | बढी दर प्रति घ.मी. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| PCC (1:3:6) | 1.9 | १४७८८.२० | १७००६.४३ | २२१८.२२ | ४२१५.०० |
| Stone Masonary (1:6) | 11.34 | १३५०५.८६ | १५५३१.७४ | २०२५.८८ | २२९७३.०० |
| PCC (1:2:4) | 0.61 | १७७५४.२० | २२९०१.३३ | ५१४७.१३ | ३१४०.०० |
| Fencing with Angle & 2”*2” Gabion Net | 121.5 (Sq.m.) | १५९२.९६ | १८००.०५ | २०७.०९ | २५१६१.०० |
| MS Agnle Post | 129.6 (Kg.) | १४३.६० | १६५.१४ | २१.५४ | २७९२.०० |
| MS Bar | 53.31 (Kg.) | १४९.३६ | १७१.७६ | २२.४० | ११९४.०० |
| | | | | जम्मा | ५९४७५.०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५९,४७५ |

६८ **बढी दरबाट भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम स्वीकृत नर्म्स अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाबाट स्वीकृत दररेट अनुसार २०० सीसीभन्दा बढी क्षमताको मेशिनको प्रति घण्टा दर रु.८५००।- रहेकोमा पहिरो पन्छाउने (Landslide Clearance) कार्यको लागत अनुमान दर विश्लेषण गर्दा रु.९०००।- राखेको पाइयो । मेशिनको प्रति घण्टा दर रु.८५००।- राख्दा उक्त कार्यको दर प्रति घ.मी. ओभरहेड सहित रु.१०९।२० हुने देखिन्छ । तर कार्यालयले प्रति घ.मी. दर रु.११५।२० का दरले निर्माण व्यवसायीसँग सोझै खरिद विधिबाट सम्झौता गरी लागत अनुमान दरबाटै भुक्तानी गरेको कारणबाट प्रति घ.मी. रु.६।- का दरले बढी भुक्तानी भई निम्नानुसार रु. ६५७६३।- बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी उक्त रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

बढी भुक्तानी भएको रकम यकिन गरी असुल गरिने कार्यालयको भनाइ रहेको छ ।

| भौ. नं./मिति | योजनाको नाम | निर्माण व्यवसायी | कार्य परिमाण (घ.मी.) | बढी दर प्रति घ.मी. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| ११-०८१।८।१४ | झुगलादेखि माझचौरसम्म सडक मर्मत/पहिरो सफाइ | महादेव मष्ट निर्माण सेवा | ६५१९.२४ | ६।- | ३९११५ |
| १८५-०८२।३।२४ | झुगलादेखि माझचौरसम्म सडक मर्मत/पहिरो सफाइ | एन्.के. मल्टी सर्भिस प्रा.लि. | ४४४१.२६ | ६।- | २६६४८ |
| | | | | जम्मा | ६५७६३ |

| असुल गर्नुपर्ने | ६५,७६३ |
|---|---|

६९ **खर्चको पुष्ट्याइँ**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सार्वजनिक रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नलिखित कार्यको भुक्तानी गर्दा प्रतिलिपि बिलको आधारमा भुक्तानी गरेको पाइयो । अतः प्रतिलिपि बिलको आधारमा भएको देहायअनुसारको खर्च रु.३७०५००।- नियमसम्मत नेदेखिएको रु.

| भौ.नं./मिति | विवरण | फर्मको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| ०४-०८१/६/२३ | ब्याक हो लोडर ढुवानी भाडा (सुर्खेत-गोठीज्यूला) | रिकार्ड नेपाल प्रा.लि. | २७५००० | बिल नं. १०/०८१।६।१५ को प्रतिलिपि बिलबाट भुक्तानी |
| २०२-०८२/३/२४ | ल्यापटप थान १ | आउटलूक सप्लायर्स | ९५५०० | |
| | | जम्मा३ | ३७०५०० | |

| प्रमाण पेश नगरेको | ३,७०,५०० |
|---|---|

७० **पुत्ताखोला-डुमाना सडक स्तरोन्नति (ठे.नं. ०९/०८१।८२)**

भौ. नं. २११/०८२।३।२५ (प्रदेश समपूरक आयोजना) पुत्ताखोला-डुमाना सडक स्तरोन्नति (नयाँ ट्र्याकसमेत) कार्यको लागि कार्यालयले आ. व. २०८१।८२ मा रु.१९४९३३७०।६५।- (मू.अ.कर/पि.एस्. सहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु.४४९९०२७।२०।- (७६.९२ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी एस्.बी.एन्. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. २०८२।३।२५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०८१।१२।२८ मा सम्झौता भई यो वर्ष पहिलो रनिङ बिल बापत रु.३६४०३५।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:-

७०.१ **रोड वे एक्जाभेशन कार्यमा बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नाप, जाँचको आधारमा नापी किताब (मेजरमेण्ट बूक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। भिरालो जमिनमा रोड वे एक्जाभेशनको परिमाण गणना गर्दा कुल परिमाणमा स्लोप कटिङको लागि ५० प्रतिशत अर्थात् सडकको चौडाइ र कटिङ हाइटबाट औसत एरिया निकाली खुद एक्जाभेशन परिमाण गणना गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । अतः पहिलो रनिङ बिलबाट भुक्तानी भएको ५९०६.६४ घ.मी.को ५० प्रतिशतले हुने २९५३.३२ घ.मी.को प्रति घ.मी. रु.५०।- का दरले बढी भुक्तानी भएको रु. १४७,६६६।- असुल हुनुपर्ने रु.

बढी भुक्तानी भएको रकम यकिन गरी असुल गरिने कार्यालयको भनाइ रहेको छ ।

| असुल गर्नुपर्ने | १,४७,६६६ |
|---|---|

७०.२

**सोधभर्ना लिनुपर्ने** - लागत साझेदरी समझदारी पत्र अनुसार प्रदेश सरकारले ५० प्रतिशत र गाउँपालिकाले ५० प्रतिशत व्यहोर्ने उल्लेख छ । उल्लिखित सडक निर्माण कार्यको पहिलो रनिङ बिल बापत रु.३६४०३५। भुक्तानी गर्दा प्रदेश सरकार स्रोतबाट खर्च नबेहोरी पूरै वित्तीय समानीकरणबाट बेहोरेको देखिएकोले खर्च रकमको ५० प्रतिशतले हुने रु.१८२०१७।५० प्रदेश सरकार बाट सोधभर्ना प्राप्त गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| सोधभर्ना नलिएको | १,८२,०१८ |

७०.३ **पेस्की जमानतको म्याद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम (३) मा उपनियम (१) बमोजिम पेस्की दिँदा आपूर्तिकर्ता, निर्माण व्यवसायी तथा सेवा प्रदायकबाट त्यस्तो पेस्की रकम खाम्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिनुपर्ने व्यवस्था छ ।

यस सडक निर्माण कार्यका निर्माण व्यवसायी एस्.बी.एन्. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.सँग भएको खरिद सम्झौताको म्याद २०८२।७।३० सम्म (म्याद थप बाट कायम) रहेको देखिन्छ । कार्यालयले उक्त निर्माण व्यवसायीलाई प्रदान गरेको मोबिलाइजेश पेस्की रु.८९९८०४।- बाँकी रहेको देखिन्छ । निर्माण व्यवसायीले सिटिजन्स बैंक लि.बाट जारी पेस्की जमानत पेश गरेकोमा उक्त पेस्की जमानतको म्याद २०८२।४।२७ सम्म मात्र रहेको पाइयो । अतः उक्त पेस्की जमानतको म्याद म्याद थप गरी, गराई पेस्की फछर्यौट हुने अवधिसम्मको बैंक जमानत पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,९९,८०४ |

७१ **रातापानी-लुई सडक स्तरोन्नति (ठे.नं. ११-०८१।८२)**

<u>भौ. नं. २१२/०८२।३।२५ (गा. पा. पुँजीगत)</u>

रातापानी-लुई सडक निर्माण कार्यको लागि कार्यालयले आ. व. २०८१।८२ मा रु. ३७४७१८२।- (मू.अ.कर/पि.एस्. सहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु.८९७६८१।०४ (७६.०४ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी एस बी एन् कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. २०८२।३।२५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०८१।१२।२८ मा सम्झौता भई यो वर्ष प्रथम रनिङ बिल बापत रु.६७४५९४।- भुक्तानी भएको देखिन्छ ।

**रोड वे एक्जाभेशनको परिमाण गणना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नाप, जाँचको आधारमा नापी किताब (मेजरमेण्ट बूक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। रोड वे एक्जाभेशनको परिमाण गणना गर्दा क्रस सेक्सन ड्रइङसहित नापी किताबमा चेनेजवाइज लम्बाइ, चौडाइ, कटिङ हाइट उल्लेख गरी अघिल्लो र पछिल्लो चेनेजको मीन (औसत) एरियाको आधारमा एक्जाभेशन क्वाण्टिटी गणना गर्नुपर्नेमा मीन एरिया ननिकाली एक्जाभेशनको परिमाण गणना गरेको पाइयो । कार्यालयले ५५० मी लम्बाइमा कार्य हुँदा ४८७०.०५ घ.मी.को प्रति घ.मी. रु.१२०। का दरले भुक्तानी गरेको पाइयो । मीन एरियाको आधारमा एक्जाभेशनको परिमाण गणना गर्दा करिब आधा (२४३५.०३) मात्र परिमाण आउने हुँदा यस सम्बन्धमा यकिन गरी क्रस सेक्सन ड्रइङ तथा मीन एरियासहितको नापी विवरण तथा प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९२,२०४ |

७२ **काममा दोहोरोपना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप, जाँचको आधारमा नापी किताब (मेजरमेण्ट बूक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।कार्यालयले झुगलादेखि माझचौर सडक खण्डको विभिन्न स्थानमा मर्मत बापत भौ.नं. ११।०८१८।१४ (गा.पा. पुँजीगत) बाट महादेव मष्ट निर्माण सेवालाई रु. ७३६६७४।- र सोही सडक खण्डमा सडक सफाइ गरेको उल्लेख गरी एन्.बी.ए. सप्लायर्स/कन्स्ट्रक्शनलाई रु.८००००।- भुक्तानी गरेको पाइयो । एउटै सडकमा यसरी २ वटा फर्मबाट कार्य गराएकोमा नापी किताबमा काम गरेको स्थानहरुको चेनेज समेत खुलाएको छैन । नापी किताबमा लोकेशन खुलाएकोमा सोको परीक्षण गर्दा कतिपय स्थानका नामहरू एउटै रहेको पाइएकोले उक्त काममा दोहोरोपना रहेको अवस्था सक्ने देखिन्छ । अतः यस सम्बन्धमा कार्यालयबाट यकिन गरी दोहोरो भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

दोहोरो भुक्तानी सम्बन्धमा यकिन गरी असुल गरिने कार्यालयको भनाइ रहेको छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,००० |

७३ **भुक्तानीमा कर कट्टी (भौ. नं. १८-०८१।१०।३ (गा. पा. पुँजीगत))**

आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन आदि भुक्तानीमा रकममा १५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था छ। पालिका कार्यालयले जोगीलेख-रोलसैन-जिउका-गाठीलेख हुँदै डुमाना सडकको सर्वे तथा डीपीआर कार्य कार्यालयका १० कर्मचारीहरुबाट गराई देहायअनुसार रु.६४४४५५।३० सेवा शुल्क भुक्तानी गरेकोमा १ प्रतिशतका दरले मात्र कर कट्टी गरेको पाइयो । अतः देहायका कर्मचारीहरुबाट नपुग १४ प्रतिशत रकम छुट कर बापतको रकम असुल हुनुपर्ने रु.

कर बापतको रकम सम्बन्धित कर्मचारीबाट असुल गरी राजस्व खातामा दाखिला गरिने कार्यालयको भनाइ रहेको छ ।

| क्र. सं. | कर्मचारीको नाम, पद | भुक्तानी रु. | १४ प्रतिशतले हुने छुट कर रु. |
|---|---|---|---|
| १ | इञ्जिनियर श्री दीपक धिताल | १४७२५७ | २०६१६ |
| २ | सब इञ्जिनियर श्री विक्रम शाही | २१२१६५ | २९७०३ |
| ३ | सब इञ्जिनियर श्री ककेश शाही | १५४६३ | २१६५ |
| ४ | खा.पा.स.टे. श्री जीतबहादुर बुढा | १०२४५३ | १४३४३ |
| ५ | अ. सब इञ्जिनियर श्री गणेश खड्का | ४९१७८ | ६८८५ |
| ६ | अ. सब इञ्जिनियर श्री विकास शाह | ४९१७८ | ६८८५ |
| ७ | अ. सब इञ्जिनियर श्री अंकराज बुढा | १६३९३ | २२९५ |
| ८ | सहायक चौथो श्री खेम हमाल | २२५४० | ३१५६ |
| ९ | सि.अ.हे.व. श्री हरिबहादुर बुढा | १५४६३ | २१६५ |
| १० | का.स. श्री वीरजङ्ग शाही | १४३६५ | २०११ |
| | जम्मा | 644455 | ९०२२४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,२२४ |

७४ **घटी लम्बाइमा कार्य**

भौ. नं. २२१-०८२।३।२५

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप, जाँचको आधारमा नापी किताब (मेजरमेण्ट बूक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । रातापानी-नखर्ची सडक निर्माणको स्वीकृत डिजाइन तथा लागत अनुमान अनुसार १४५० मी. लम्बाइको सडक निर्माण गर्ने र सोको कार्य परिमाण १०२६६.२३ घ.मी. हुने उल्लेख छ । तर निर्माण व्यवसायी श्री मष्टादेव डेभलपर्स एण्ड कन्सल्टेन्सी सर्भिसलाई प्रथम तथा फाइनल बिल बापत रु.९२०६२६।- भुक्तानी गरेको बिल भर्पाई तथा नापी किताब परीक्षण गर्दा कार्यालयले ९२० मी. (५३० मी. घटी) लम्बाइको सडक निर्माण गरी, गराई पूरै परिमाणको भुक्तानी गरेकोमा डिजाइन तथा लागत अनुमान संशोधन गरेको पाइएन । स्वीकृत डिजाइन तथा लागत अनुमान अनुसार ९२० मी. लम्बाइमा कार्य हुँदा रोड वे कटिङ्गको परिमाण ६५१३.७५ घ.मी. मात्र हुने देखिन्छ । तर नापी किताब तथा बिलमा १०२५७.१३ घ.मी. समावेश गरेकोले ३७५२.४८ घ.मी. बढी परिमाणको प्रति घ.मी. रु. ६५।- का दरले रु.२,४३,९११।- थप व्ययभार परेको देखियो । अतः घटी लम्बाइमा बढी कार्य परिमाण गणना सम्बन्धमा थप प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४३,९११ |

७५ **पूर्व निर्धारित क्षतिपूर्ति**

भौ. नं. १९१-०८२।३।२४

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायी वा आपूर्तिकर्ताले तोकिएको अवधिमा कार्य सम्पन्न नगरेमा प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ गाउँपालिका गेट तथा प्रहरी पोष्ट निर्माण कार्यका निर्माण व्यवसायी कालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.सँग भएको खरिद सम्झौता अनुसार २०८१।१२।३० सम्म कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ । कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न मिति नखुलाएकोले निर्माण व्यवसायीले भुक्तानीका लागि दिएको निवेदनलाई आधार मान्दा २०८२।३।०३ मा मात्र कार्य सम्पन्न भएको देखिएकोले ६५ दिन ढिला गरी कार्य सम्पन्न भएको देखिन्छ । अतः मू.अ. कर बाहेकको खरिद सम्झौता रकम रु. ७१४०४६।१६ को प्रति दिन ०.०५ प्रतिशतका दरले २२ दिनको पूर्व निर्धारित क्षतिपूर्ति बापतको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,२०७ |

७६ **भुक्तानी बाँकीको विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सार्वजनिक रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयले आ. व. २०८१।८२ को स्वीकृत बजेट तथा कार्यक्रममा २०८०।८१ को बाँकी पुँजीगत भुक्तानी भनी यो वर्ष देहायअनुसार रु.१७८८१४६।- खर्च लेखाङ्कन गरेकोमा नियमानुसार सम्बन्धित निकायबाट भुक्तानी बाँकीको विवरण (म.ले.प.फा.नं. २२१) प्रमाणित गराएको देखिएन । अतः उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| भौ.नं./मिति | विवरण | संस्था वा फर्मको नाम | खर्च रकम रु. |
|---|---|---|---|
| ०५-०८१/७/२७ | ब्याक हो लोडर मर्मत | वेष्टर्न अर्थ मुभर्स सुर्खेत | ५०११८० |
| ०७-०८१/७/२७ | शौचालय निर्माण | बालज्योति आ. वि. बरातु | ३०९०४१ |
| ०८-०८१/७/२८ | जिउला सिँचाइ कुलो निर्माण | उपभोक्ता समिति | ९७७२५ |
| ०९-०८१/८/०६ | नदै मन्दिर निर्माण | उपभोक्ता समिति | ३८४००० |
| १७-०८१/९/२८ | गाउँपालिकाको वृत्तचित्र निर्माण | | ४९७२०० |
| | | जम्मा | १७८९१४६ |

| | |
|---|---|
| अनियमित भएको | १७,८९,१४६ |

७७ **विज्ञापन सेवा शुल्क**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ (२)(ख) तथा विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६(क) बमोजिम कार्यालयले सूचना तथा विज्ञापन शुल्क भुक्तानी गर्दा पेस भएको बिल बमोजिमको रकमको ३ प्रतिशत रकम सेवा शुल्क बापत विज्ञापन बोर्डको कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहाय अनुसार सूचना तथा विज्ञापन बापत भुक्तानी गरेकोमासो अनुसार सेवा शुल्क कट्टी गरेको नदेखिएकोले ३ प्रतिशतले हुने रकम असुल गरी विज्ञापन बोर्डको खातामा दाखिला गर्नुपर्ने रु.

| भौ.नं./मिति | भुक्तानी प्राप्त गर्ने संस्था | भुक्तानी रकम रु. (मू.अ.कर बाहेक) | ३ प्रतिशतले हुने सेवा शुल्करु. |
|---|---|---|---|
| १५/2081-९-२५ (गा.पा. पुँजीगत) | पी. एस्. एडभरटाइजिङ नेपालगञ्ज | ८३०५५ | २२०५ |
| १६/2081-९-२५ (गा.पा. पुँजीगत) | पी. एस्. एडभरटाइजिङ नेपालगञ्ज | ११८६५० | ३१५० |
| २४/208२-२-२० (गा.पा. पुँजीगत) | पी. एस्. एडभरटाइजिङ नेपालगञ्ज | २०१७०६ | ५३५५ |
| ४८/208२-२-२९ (गा.पा. पुँजीगत) | पी. एस्. एडभरटाइजिङ नेपालगञ्ज | ११८६५० | ३१५० |
| २०६/208२-३-२५ (गा.पा. पुँजीगत) | जोइन मिडिया हाउस प्रा. लि. | ८८९८७ | २३६२।५० |
| ५/208९-९-२५ (संघीय पुँजीगत) | पी. एस्. एडभरटाइजिङ नेपालगञ्ज | ११८६५० | ३१५० |
| २१/208२-२-२० (संघीय पुँजीगत) | पी. एस्. एडभरटाइजिङ नेपालगञ्ज | ७७१२३ | २०४८ |
| | | जम्मा | २१४२१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,४२१ |

## ७८ घटी निर्माण सामग्री

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ६ मा उपभोक्ता समितिले निर्माण कार्यको भुक्तानी माग गर्दा निर्माण सामग्री तथा ज्यालाको बिल भर्पाई पेश गर्नुपर्ने व्यवस्था छ । यसैगरी गाउँपालिकाबाट पारित उपभोक्ता समिति परिचालनसम्बन्धी निर्देशिकामा निर्माण कार्यको उचित गुणस्तर कायम गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नलिखित निर्माण कार्यको नापी किताब, प्राविधिक बिल तथा कार्य सम्पन्न प्रतिवेदन परीक्षण गर्दा स्वीकृत नर्म्स बमोजिम देहायअनुसारको परिमाणमा सिमेण्ट प्रयोग गर्नुपर्ने देखिन्छ। तर संलग्न बिल भर्पाई परीक्षण गर्दा आवश्यक परिमाणभन्दा न्यून परिमाण खरिद गरेको पाइयो ।उक्त निर्माण कार्यको गुणस्तर परीक्षण पनि नभएको र आवश्यक परिमाणमा निर्माण सामग्री समेत प्रयोग नगरेको अवस्थामा तोकिएको गुणस्तर बमोजिमको कार्य भएको सम्बन्धमा यकिन हुन सकेन । अतः उल्लिखित कार्यमा तोकिएको मापदण्डबमोजिमको परिमाणको निर्माण सामग्री प्रयोग भएको प्रमाण पेश हुनुपर्ने अन्यथा निर्माण सामग्री बापत भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| भौ नं./मिति | योजनाको नाम | कार्य विवरण | निर्माण सामग्रीको आवश्यक परिमाण तथा लागत मूल्य | खरिद परिमाण | घटी परिमाण | घटी परिमाणको मूल्य रु. |
|---|---|---|---|---|---|---|
| गाउँपालिका पुँजीगततर्फ | | | | | | |
| ९-०८१।८।६ | नदै मन्दि निर्माण उ.स. | स्टोन मे. (1:6)-१४.६३ घ.मी.,<br>पीसीसी (1:3:6)-२.४८ घ.मी. | सिमेण्टः ४२ बोरा<br>प्रति बोरा लागतः१५४०।५० (मूअकर बाहेक) | २५ बोरा | सिमेण्टः १७ बोरा | २६१८९ |
| २७-०८२।२।२२ | कटिया-कप्साडी सिँचाइ कुलो | स्टोन मे. (1:6)-१५.२९ घ.मी.,<br>पीसीसी (1:2:4)-६.४० घ.मी. | सिमेण्टः ६१ बोरा<br>प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः ४५ बोरा | सिमेण्टः १६ बोरा | २४६४८ |
| २८-०८२।२।२२ | गबिरघरदेखि दुल्लामाणु बाटो निर्माण | पीसीसी (1:2:4)-११.८८ घ.मी. | सिमेण्टः ७६ बोरा<br>प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः ६७ बोरा | सिमेण्टः ९ बोरा | १३८६५ |
| ३०-०८२।२।२३ | श्री पञ्चदीप आ. वि. | स्टोन मे. (1:6)-१३.२२ घ.मी.,<br>पीसीसी (1:2:4)-२.१० घ.मी. | सिमेण्टः ४१ बोरा<br>प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः ३२ बोरा | सिमेण्टः ९ बोरा | १३८६५ |
| ३४-०८२।२।२७ | सामु स्वास्थ्य केन्द्र भवन डुमाना | स्टोन मे. (1:6)-४०.०२ घ.मी.,<br>पीसीसी (1:2:4)-१०.६८ घ.मी. | सिमेण्टः १३१ बोरा<br>प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः १०५ बोरा | सिमेण्टः २६ बोरा | ४००५३ |
| ३७-०८२।२।२७ | देवानबाडा पीसीसी बाटो निर्माण | पीसीसी (1:2:4)-२०.८२ घ.मी. | सिमेण्टः १३३ बोरा<br>प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः ८० बोरा | सिमेण्टः ५३ बोरा | ८१६४६ |
| ४४-०८२।२।२८ | कोटदेखि कुत्यासम्म घेराबार | पीसीसी (1:2:4)-८.७५ घ.मी. | सिमेण्टः ५६ बोरा<br>प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः २३ बोरा | सिमेण्टः ३३ बोरा | ५०८३७ |
| ५९-०८२।२।२९ | रिखिया आधारभूत स्वास्थ्य केन्द्र | स्टोन मे. (1:6)-१०.६८ घ.मी.,<br>पीसीसी (1:2:4)-४.७२ घ.मी. | सिमेण्टः ६४ बोरा<br>प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः २० बोरा | सिमेण्टः ४४ बोरा | ६७७८२ |
| ७२-०८२।३।३ | डोब जुकेना सिँचाइ कुलो | कुलोमा आरसीसी वर्क्स | डण्डीः ३१७.०४ के.जी.<br>प्रति के.जी. लागतः १४८।४९ | डण्डीः २०० के.जी. | डण्डीः ११७.०४ के.जी. | १७३७९ |
| 78-०८२।3।05 | धवलपुरा वाणपाल | स्टोन मे. (1:6)-१४.१३ घ.मी.,<br>पीसीसी (1:2:4)-०.९५ घ.मी. | सिमेण्टः ५१ बोरा<br>प्रति बोरा | सिमेण्टः ३७ बोरा | सिमेण्टः १४ बोरा | २१५६७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मन्दिर निर्माण | | लागतः१५४०।५० | | | |
| ८०-०८२। 3।05 | देवानबाडा पीसीसी बाटो निर्माण | स्टोन मे. (1:6)-२४.०९ घ.मी., | सिमेण्टः ५१ बोरा<br>प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः ४१ बोरा | सिमेण्टः १० बोरा | १५४०५ |
| ८७-०८२। ३।८ | डिम्ना सिँचाइ कुलो | कुलोमा आरसीसी वर्क्स | डण्डीः ३८९.९८ के.जी.<br>प्रति के.जी. लागतः १४९।३६ | डण्डीः २९५ के.जी. | डण्डीः ९५ के.जी. | १४१८९ |
| ९१-०८२। ३।१० | जामिरगाउँ पीसीसी बाटो निर्माण | पीसीसी (1:2:4)-१७.९८ घ.मी. | सिमेण्टः ११५ बोरा<br>प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः १०० बोरा | सिमेण्टः १५ बोरा | २३१०८ |
| ९२-०८२। ३।१० | घटाल माणु निर्माण | स्टोन मे. (1:6)-१८.६४ घ.मी. | सिमेण्टः ३९.५ बोरा<br>प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः २५० बोरा | सिमेण्टः १४.५ बोरा | २२३३७ |
| ९५-०८२। ३।१० | भागोटी घट्ट आरसीसी कुलो | कुलोमा आरसीसी वर्क्स | डण्डीः ६१६.२० के.जी.<br>प्रति के.जी. लागतः १४९।३६ | डण्डीः ५५० के.जी. | डण्डीः ६६.२० के.जी. | ९८८८ |
| ९६-०८२। ३।१० | ने. रा. आ. वि. खर्क | पीसीसी (1:2:4)-१.१३ घ.मी.,पीसीसी (1:1.5:3)-४.४२ घ.मी., स्टोन मे. (1:6)-१५.४२ घ.मी. | सिमेण्टः ७५ बोरा<br>प्रति बोरा लागतः१५४०।५० (मूअकर बाहेक) | सिमेण्टः ५५ बोरा | सिमेण्टः २० बोरा | ३०८१० |
| | ने. रा. आ. वि. खर्क | डण्डीः १६८ के.जी. | डण्डीः१०० के.जी.<br>प्रति के.जी. लागतः १४९।३६ (मूअकर बाहेक) | डण्डीः ६८ के.जी. | डण्डीः १५५८ के.जी. | १०१५६ |
| 107-०८२। 3। | सरस्वती मा वि घेराबार | स्टोन मे. (1:6)-१७.२८ घ.मी.,पीसीसी (1:2:4)-४.५८ घ.मी. | सिमेण्टः ५७ बोरा<br>प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः ४५ बोरा | सिमेण्टः १२ बोरा | १८४८६ |
| ९५-०८२। ३।१० | भागोटी खोला लघु जलविद्युत योजना | पीसीसी (1:2:4)-१५.८७ घ.मी. | सिमेण्टः १०१ बोरा प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः ४० बोरा | सिमेण्टः ५१ बोरा | ७८५६६ |
| ९५-०८२। ३।१० | भागोटी खोला लघु जलविद्युत योजना | आरसीसी वर्क्स | डण्डीः ४२७ के.जी.<br>प्रति के.जी. लागतः १४९।३६ | डण्डीः २०० के.जी. | डण्डीः २२७ के.जी. | ३३९०५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११५-०८२।३।१५ | थापाधारा मन्दिर निर्माण | स्टोन मे. (1:6)-११.१६ घ.मी.,पीसीसी (1:2:4)-१.21 घ.मी., 20mm प्लाष्टर (1:3) २६.७५ व.मी. | सिमेण्टः ४८ बोरा प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः १५ बोरा | सिमेण्टः ३३ बोरा | ५०८३६ |
| 122-०८२।3।17 | वडा कार्यालय बाटो तथा घेराबार | स्टोन मे. (1:6)-२६.७७ घ.मी., | सिमेण्टः ५७ बोरा<br>प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः ४५ बोरा | सिमेण्टः १२ बोरा | १८४८६ |
| १३५-०८२।३।१९ | खुमाडु मन्दिर निर्माण | स्टोन मे. (1:6)-९.९१ घ.मी.,पीसीसी (1:2:4)-१०.७३ घ.मी. | सिमेण्टः ९० बोरा प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः ६० बोरा | सिमेण्टः ३० बोरा | ४६२१५ |
| १३५-०८२।३।१९ | वडा कार्यालय मञ्च निर्माण | स्टोन मे. (1:6)-7.47 घ.मी., पीसीसी (1:2:4)-2.७6 घ.मी.,पीसीसी (1:1.5:3)-5.5 घ.मी., 12.5mm प्लाष्टर (1:4) ५७.१९ व.मी. | सिमेण्टः ८४ बोरा प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः ६९ बोरा | सिमेण्टः १५ बोरा | २३१०८ |
| १३८-०८२।३।१९ | बाल शिक्षा आ वि २ कोठे भवन | पीसीसी (1:3:6)-०.९० घ.मी.,पीसीसी (1:2:4)-१४.४४ घ.मी. | सिमेण्टः ९६ बोरा<br>प्रति बोरा लागतः१५४०।५० (मूअकर बाहेक) | सिमेण्टः ७० बोरा | सिमेण्टः २६ बोरा | ४००५३ |
| १३८-०८२।३।१९ | बाल शिक्षा आ वि २ कोठे भवन | आरसीसी वर्क्स | डण्डीः १७००के.जी.<br>प्रति के.जी. लागतः १४९।३६ (मूअकर बाहेक) | डण्डीः १२५४ के.जी. | डण्डीः ४४६ के.जी. | ६६६१५ |
| १४५-०८२।३।२० | तलिखर्क सिँचाइ कुलो | स्टोन मे. (1:6) - ९ घ.मी.,पीसीसी (1:2:4)-९.६ घ.मी. | सिमेण्टः ८० बोरा प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः ७० बोरा | सिमेण्टः ३० बोरा | १५४०५ |
| १४५-०८२।३।२० | तलिखर्क सिँचाइ कुलो | आरसीसी वर्क्स | डण्डीः ५८६.५९ के.जी.<br>प्रति के.जी. लागतः १४९।३६ (मूअकर बाहेक) | डण्डीः ५०० के.जी. | डण्डीः ८६.५९ के.जी. | १२९३३ |
| १71-०८२।३।23 | प्रास्वाके रातापानी जाने बाटो मर्मत | स्टोन मे. (1:6) - २१.६८ घ.मी. | सिमेण्टः ४६ बोरा प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः ३० बोरा | सिमेण्टः १६ बोरा | २४६४८ |
| १९४-०८२।३।२४ | जनजागरण मावि खेलमैदान | स्टोन मे. (1:6) - २५.२९ घ.मी.,पीसीसी (1:2:4)-३.१४घ.मी. | सिमेण्टः ७३ बोरा प्रति बोरा लागतः१५४०।५० | सिमेण्टः ४० बोरा | सिमेण्टः ३३ बोरा | ५०८३६ |
| संघीय सशर्त पुँजीगततर्फ | | | | | | |
| ४१-०८२।३।२५ | महादेव मष्टा नमुना मा वि | स्टोन मे. (1:6)-६.३० घ.मी., बृक मे. (1:4)-३८.०४ घ.मी., पीसीसी (1:2:4)-9.34 घ.मी.,पीसीसी (1:1.5:3)-५.४९ घ.मी.,20mm प्लाष्टर (1:3) १६५.४९ व.मी. | सिमेण्टः २३२ बोरा<br>प्रति बोरा लागतः१५४०।५० | सिमेण्ट खरिदः ४० बोरा | नपुग सिमेण्टः १९२ बोरा | २९५७७६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४१-०८२।३।२५ | महादेव मष्टा नमुना मा वि | बृक मेसनरी (1:4)-३८.०४ घ.मी., | आवश्यक इँट्टा सं.-७४४८<br>प्रति इँट्टा लागतः ५२।७६ | इँट्टा खरिदको बिल संलग्न नभएको | इँट्टा सं.-७४४८ | ३९२९५६ |
| ४१-०८२।३।२५ | महादेव मष्टा नमुना मा वि | आरसीसी वर्क्स | डण्डीः ४२०.२५ के.जी., प्रति के.जी. लागतः १४९।३६ (मूअकर बाहेक) | डण्डी खरिदको बिल संलग्न नभएको | डण्डीः ४२०.२५ के.जी. | ६२७८६ |
| | | | | | जम्मा | १७१५३३४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,१५,३३४ |

७९ **कालाकाँडा-पाँचे-नखर्ची-राम्नाकाँध सडक स्तरोन्नति (ठे.नं. ०८-०८१।८२)**

भौ. नं. २०९/०८२।३।२५ (प्रदेश समपूरक आयोजना)

कालाकाँडा-पाँचे-नखर्ची-राम्नाकाँध सडक स्तरोन्नति कार्य (प्याकेज १) का लागि कार्यालयले आ. व. २०८१।८२ मा रु. १८००८१५०।५५ (मू.अ.कर/पि.एस्. सहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु.५८२७३२७।५० (६७.६४ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी भिष्मराज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. २०८२।३।२५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०८२।२।०१ मा सम्झौता भई यो वर्ष प्रथम रनिङ बिल बापत रु.३६५४३३६।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:-

७९.१ **रोड वे एक्जाभेशनको परिमाण गणना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नाप, जाँचको आधारमा नापी किताब (मेजरमेण्ट बूक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। रोड वे एक्जाभेशनको परिमाण गणना गर्दा क्रस सेक्सन ड्रइङसहित नापी किताबमा चेनेजवाइज लम्बाइ, चौडाइ, कटिङ हाइट तथा औसत कटिङ एरियाको आधारमा एक्जाभेशन क्वाण्टिटी गणना गर्नुपर्नेमा लम्बाइ, चौडाइ तथा उचाइ (१५००*२*३.५ मी.) गुणा गरी एकमुष्ट १०५०० घ.मी.को ५० प्रतिशत स्लोप कटिङ्ग क्वाण्टिटी कट्टा गरी ५२५० घ.मी.को प्रति घ.मी. रु.१००। का दरले भुक्तानी गरेको पाइयो । अतः रोड वे एक्जाभेशनको यथार्थ परिमाण यकिन गर्न क्रस सेक्सन ड्रइङ तथा नापी किताबमा चेनेजवाइज लम्बाइ, चौडाइ, कटिङ हाइट तथा कटिङ एरियासहितको विवरण तथा प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने रु.

बढी भुक्तानी भएको रकम यकिन गरी असुल गरिने कार्यालयको भनाइ रहेको छ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२५,००० |

७९.२ **त्रुटिपूर्ण लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २064 को नियम १० बमोजिम स्वीकृत नर्म्स अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । त्यस्तै नियम १२३ मा प्राविधिक नाप, जाँचको आधारमा नापी किताब (मेजरमेण्ट बूक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।

कार्यालयले सडक विभागको Norms No. 9.1, Ref. to SS 905 अनुसार Roadway Excavation in all types of soil को दर विश्लेषणअनुसार उस्तै प्रकृतिको एक अर्को सडक योजना पुत्ताखोला-डुमाना सडक (ठे.नं. ०९/०८१।८२) लागत अनुमान दर प्रति घ.मी. रु. २९७।०४ कायम गरेको देखिन्छ । जसमा चट्टान (नरम, मध्यम र कडा चट्टान) को मात्रा ३० प्रतिशत रहेको छ । कार्यालयले यस सडक योजनाको Earth work excavation for Road widening in all types of Soil को लागत अनुमान दर प्रति घ.मी. रु.६३५।२५ निर्धारण गरेकोमा सोको दर विश्लेषण संलग्न गरेको छैन । निर्माण व्यवसायीको कबोल दर दर प्रति घ.मी. रु.१००।- रहेको देखिन्छ । कार्यालयले २१८५ मी. लम्बाइमा सडक निर्माण (केही रिटेनिङ्ग स्ट्रक्चरसहित) को कार्य गर्ने उल्लेख गरेकोमा लागत अनुमानमा सोको चेनेज तथा लोकेशन समेत खुलाएको छैन । कार्यालयले निर्धारण गरेको उक्त लागत अनुमान दरको दर विश्लेषणसमेत पेश हुन नआएकोले त्यस्तै प्रकृतिको अर्को योजनाको लागत अनुमान दरलाई आधार लिँदा प्रति घ.मी. रु.३३८।२१ का दरले ७६४७।

५० घ.मी. Roadway Excavation कार्यको लागत अनुमानमा रु.२५८६४६१। थप लागत समावेश भएको पाइयो । अतः स्वीकृत नर्म्स अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ ।

७९.३ **स्क्यारिफाइङ कार्य** - सार्वजनिक खरिद नियमावली, २064 को नियम १० बमोजिम स्वीकृत नर्म्स अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । त्यस्तै नियम १२३ मा प्राविधिक नाप, जाँचको आधारमा नापी किताब (मेजरमेण्ट बूक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।

कार्यालयले लागत अनुमानमा ४५०० मीटर लम्बाइ र ४ मीटर चौडाइमा Scarifying and loosening of existing sub base भनी १८००० व. मी. को प्रति व. मी. रु.२६।०८ का दरले रु.४६९४७६।- लागत समावेश गरेको पाइयो । कार्यालयका प्राविधिकहरूसँग यस सम्बन्धमा सोधपुछ गर्दा उक्त सडकमा पहिले ग्राभेलिङ (Sub base) कार्य नभएको जानकारी हुन आयो। उक्त सडक खण्डमा यस प्याकेजबाट ४५०० मीटर लम्बाइमा ग्राभेलिङ गर्ने गरी रु.८७१४४७५।- लागत निर्धारण गरेको छ। पहिले ग्राभेलिङ कार्य नै नभएको सडकमा लागत अनुमान तथा खरिद सम्झौतामा ग्राभेल स्क्यारिफाइङ कार्य गर्ने भनी लागत समावेश गरेको औचित्यपूर्ण देखिँदैन । अतः प्रथम रनिङ बिलबाट २५०० मीटर लम्बाइमा १०००० व मी स्क्यारिफाइङ कार्य बापत व्यवसायीलाई प्रति व. मी. रु.२५। का दरले रु.२५००००। भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु
बढी भुक्तानी भएको रकम यकिन गरी असुल गरिने कार्यालयको भनाइ रहेको छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५०,००० |

८० **कालाकाँडा-पाँचे-नखर्ची-राम्नाकाँध सडक स्तरोन्नति (ठे.नं. १३-०८१।८२)**

<u>भौ. नं. ४०, २१०/०८२।३।२५ (प्रदेश समपूरक आयोजना)</u>

कालाकाँडा-पाँचे-नखर्ची-राम्नाकाँध सडक स्तरोन्नति कार्य (दोस्रो पार्ट) का लागि कार्यालयले आ. व. २०८१।८२ मा रु. ८९६८७४२।- (मू.अ.कर/पि.एस्. सहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु.५७४५२३०।२५ (३५.९४ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी भिष्मराज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. २०८२।३।२५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०८२।२।०१ मा सम्झौता भई यो वर्ष दोस्रो रनिङ बिलसम्म रु.४७८५७१८।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:-

८०.१ **त्रुटिपूर्ण लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २064 को नियम १० बमोजिम स्वीकृत नर्म्स अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । त्यस्तै नियम १२३ मा प्राविधिक नाप, जाँचको आधारमा नापी किताब (मेजरमेण्ट बूक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।

कार्यालयले सडक विभागको Norms No. 9.1, Ref. to SS 905 अनुसार Roadway Excavation in all types of soil को दर विश्लेषणअनुसार उस्तै प्रकृतिको एक अर्को सडक योजना पुत्ताखोला-डुमाना सडक (ठे.नं. ०९/०८१।८२) लागत अनुमान दर प्रति घ.मी. रु. २९७।०४ कायम गरेको देखिन्छ । जसमा चट्टान (नरम, मध्यम र कडा चट्टान) को मात्रा ३० प्रतिशत रहेको छ । कार्यालयले यस सडक योजनाको Earth work excavation for Road widening in all types of Soil को लागत अनुमान दर प्रति घ.मी. रु. ६३५।२५ निर्धारण गरेकोमा सोको दर विश्लेषण संलग्न गरेको छैन । निर्माण व्यवसायीको कबोल दर दर प्रति घ.मी. रु. ४५५।- रहेको देखिन्छ । कार्यालयले ४.५ कि.मी. लम्बाइमा सडक स्तरोन्नति (केही रिटेनिङ्ग स्ट्रक्चरसहित) को कार्य गर्ने उल्लेख गरेकोमा लागत अनुमानमा सोको चेनेज तथा लोकेशन समेत खुलाएको छैन । कार्यालयले निर्धारण गरेको उक्त लागत अनुमान दरको दर विश्लेषणसमेत पेश हुन नआएकोले त्यस्तै प्रकृतिको अर्को योजनाको लागत अनुमान दरलाई आधार लिँदा प्रति घ.मी. रु.३३८।२१ का दरले ३३९० घ.मी. Roadway Excavation कार्यको लागत अनुमानमा रु.११४६५३२। थप लागत समावेश भएको पाइयो । अतः स्वीकृत नर्म्स अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ ।

८०.२

**रोड वे एक्जाभेशन कार्यमा बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०64 को नियम १२३ मा प्राविधिक नाप, जाँचको आधारमा नापी किताब (मेजरमेण्ट बूक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। भिरालो जमिनमा रोड वे एक्जाभेशनको परिमाण गणना गर्दा कुल परिमाणमा स्लोप कटिङको लागि सामान्यतया ५० प्रतिशत परिमाण कट्टा गरी खुद एक्जाभेशन परिमाण गणना गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । साथै नापी किताबमा चेनेजवाइज लम्बाइ, चौडाइ, कटिङ हाइट तथा औसत कटिङ एरियाको आधारमा एक्जाभेशन क्वाण्टिटी गणना गर्नुपर्नेमा दोस्रो रनिङ्ग बिलसम्म ३३३९ घ.मी.को भुक्तानी गर्दा लम्बाइ, चौडाइ तथा उचाइ (१८०*४*३.७ मी.) गुणा गरी एकमुष्ट २६६४ घ.मी. परिमाण गणना गरेको तथा साइड वाल कटिङ्ग भनी सोही लम्बाइमा ६७५ घ.मी. (५० प्रतिशत स्लोप कटिङ्ग क्वाण्टिटी कट्टीपछि) समेत जम्मा ३३३९ घ.मी. परिमाणको भुक्तानी गरेको पाइयो । लागत अनुमान तथा खरिद सम्झौताको बीओक्यु अनुसार ४५०० मी. लम्बाइमा ३३९० घ.मी. कार्य परिमाण उल्लेख भएकोमा १८० मी. अर्थात् ४ प्रतिशत लम्बाइमा मात्र कार्य गरेको अवस्थामा ३३३९ घ.मी. (९८.५० प्रतिशत) परिमाणको भुक्तानी भइसकेकोले पनि रोड वे एक्जाभेशनको क्वाण्टिटी गणना विश्वसनीय र यथार्थपरक देखिँदैन । कुल परिमाण ३३३९ घ.मी. मध्ये २६६४ घ.मी. बक्स कटिङ भनी नापी शीटको रिमार्क्समा उल्लेख गरेको भए तापनि भिरालो जमिनमा बक्स कटिङको सम्भावना रहँदैन । साथै यसै सडक योजनामा अन्य २ समेत ३ ठेक्का लगाई कार्य गराएकोमा कुन प्याकेजको कार्य कति चेनेजदेखि कति चेनेज (कि. मी.) सम्म गराएको हो, लागत अनुमान तथा नापी किताब समेतमा खुलाएको छैन । अतः यस सम्बन्धमा यकिन गरी स्लोप कटिङ बापतको एक्जाभेशनको क्वाण्टिटी कट्टा गर्नुपर्ने २६६४ घ.मी.को ५० प्रतिशतले हुने १३३२ घ.मी.को प्रति घ.मी. रु.४५५।- का दरले बढी भुक्तानी भएको रु. ६०६,०६०।- असुल हुनुपर्ने रु.

बढी भुक्तानी भएको रकम यकिन गरी असुल गरिने कार्यालयको भनाइ रहेको छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,०६,०६० |

८१ **कालाकाँडा-पाँचे-नखर्ची-राम्नाकाँध सडक स्तरोन्नति (ठे.नं. १४-०८१।८२)**

<u>भौ. नं. २०८/०८२।३।२५ (प्रदेश समपूरक आयोजना)</u>

कालाकाँडा-पाँचे-नखर्ची-राम्नाकाँध सडक स्तरोन्नति कार्य (तेस्रो पार्ट) का लागि कार्यालयले आ. व. २०८१।८२ मा रु. ७०६७२०३।- (मू.अ.कर/पि.एस्. सहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु.३४९१३०९।३८ (५०.५९ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी भिष्मराज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. २०८२।३।२५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०८२।२।१६ मा सम्झौता भई यो वर्ष प्रथम रनिङ बिल बापत रु.२३८२६७६।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:-

८१.१ **स्क्यारिफाइङ कार्य** - सार्वजनिक खरिद नियमावली, २०64 को नियम १० बमोजिम स्वीकृत नर्म्स अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । त्यस्तै नियम १२३ मा प्राविधिक नाप, जाँचको आधारमा नापी किताब (मेजरमेण्ट बूक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।

कार्यालयले लागत अनुमानमा १५०० मीटर लम्बाइ र ३.५ मीटर चौडाइमा Scarifying and loosening of existing sub base भनी ५२५० व. मी. को प्रति व. मी. रु.२६।०८ का दरले रु.१३६९३०।- लागत समावेश गरेको पाइयो । कार्यालयका प्राविधिकहरूसँग यस सम्बन्धमा सोधपुछ गर्दा उक्त सडकमा पहिले ग्राभेलिङ (Sub base) कार्य नभएको जानकारी हुन आयो। उक्त सडक खण्डमा यस प्याकेजबाट १५०० मीटर लम्बाइमा ग्राभेलिङ गर्ने गरी रु.२९०४८२५।- लागत निर्धारण गरेको छ।

पहिले ग्राभेलिङ कार्य नै नभएको सडकमा लागत अनुमान तथा खरिद सम्झौतामा ग्राभेल स्क्यारिफाइङ कार्य गर्ने भनी लागत समावेश गरेको औचित्यपूर्ण देखिँदैन । अतः प्रथम रनिङ बिलबाट ९०० मीटर लम्बाइमा ३१५० व. मी. स्क्यारिफाइङ कार्य बापत निर्माण व्यवसायीलाई प्रति व. मी. रु.१४०। का दरले रु.४४१०००। भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,४१,००० |

८१.२

**त्रुटिपूर्ण लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २064 को नियम १० बमोजिम स्वीकृत नर्म्स अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । त्यस्तै नियम १२३ मा प्राविधिक नाप, जाँचको आधारमा नापी किताब (मेजरमेण्ट बूक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।

कार्यालयले सडक विभागको Norms No. 9.1, Ref. to SS 905 अनुसार Roadway Excavation in all types of soil को दर विश्लेषणअनुसार उस्तै प्रकृतिको एक अर्को सडक योजना पुत्ताखोला-डुमाना सडक (ठे.नं. ०९/०८१।८२) लागत अनुमान दर प्रति घ.मी. रु. २९७।०४ कायम गरेको देखिन्छ । जसमा चट्टानको मात्रा ३० प्रतिशत (नरम, मध्यम र कडा चट्टान) रहेको छ । कार्यालयले यस सडक योजनाको Earth work excavation for Road widening in all types of Soil को लागत अनुमान दर प्रति घ.मी. रु. ६३५।२५ निर्धारण गरेकोमा सोको दर विश्लेषण संलग्न गरेको छैन । निर्माण व्यवसायीको कबोल दर दर प्रति घ.मी. रु. २२५।- रहेको देखिन्छ । कार्यालयले १५०० कि.मी. लम्बाइमा सडक स्तरोन्नति (केही रिटेनिङ्ग स्ट्रक्चरसहित) को कार्य गर्ने उल्लेख गरेकोमा लागत अनुमानमा सोको चेनेज तथा लोकेशन समेत खुलाएको छैन । कार्यालयले निर्धारण गरेको उक्त लागत अनुमान दरको दर विश्लेषणसमेत पेश हुन नआएकोले त्यस्तै प्रकृतिको अर्को योजनाको लागत अनुमान दरलाई आधार लिँदा प्रति घ.मी. रु.३३८।२१ का दरले ३९३७। ५० घ.मी. Roadway Excavation कार्यको लागत अनुमानमा रु.१३३१७०२। थप लागत समावेश भएको पाइयो । अतः स्वीकृत नर्म्स अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ ।

८१.३ **रोड वे एक्जाभेशनको परिमाण गणना** - सार्वजनिक खरिद नियमावली, २064 को नियम १२३ मा प्राविधिक नाप, जाँचको आधारमा नापी किताब (मेजरमेण्ट बूक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। रोड वे एक्जाभेशनको परिमाण गणना गर्दा क्रस सेक्सन ड्रइङसहित नापी किताबमा चेनेजवाइज लम्बाइ, चौडाइ, कटिङ हाइट तथा औसत कटिङ एरियाको आधारमा एक्जाभेशन क्वाण्टिटी गणना गर्नुपर्नेमा लम्बाइ, चौडाइ तथा उचाइ (१८०*१.५*३.५ मी.) गुणा गरी एकमुष्ट ४७२५ घ.मी.को ५० प्रतिशत स्लोप कटिङ्ग क्वाण्टिटी कट्टा गरी २३६२.५० घ.मी.को प्रति घ.मी. रु२२५। का दरले भुक्तानी गरेको पाइयो । अतः रोड वे एक्जाभेशनको यथार्थ परिमाण यकिन गर्न क्रस सेक्सन ड्रइङ तथा नापी किताबमा चेनेजवाइज लम्बाइ, चौडाइ, कटिङ हाइट तथा कटिङ एरियासहितको विवरण तथा प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००,७७८ |

८२ **दश शय्या अस्पताल भवन निर्माण**

<u>भौ.नं. ०४, ४२-२०८२।३।२५ (एकीकृत स्वास्थ्य पूर्वाधार-अन्तरसरकारी वित्त हस्तान्तरण)</u>

गाउँपालिकाले वडा नं. ४ स्थित इजरकाटियामा १० शय्या अस्पताल भवन निर्माणको लागि २०७८।७९ मा रु. ११,०६,०२,१२३।- (मू.अ. कर, पीएस् सहित) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. १०,६६,०७,७०७।३६ (३.६१ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी पीपीसीएल स्वीकार जे. भी. सँग २०८१।३।१९ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९।३।२० मा खरिद सम्झौता भएको देखिन्छ। निर्माण व्यवसायीलाई यो वर्ष पहिलो र दोस्रो रनिङ्ग बिल बापत रु.२६६,१७,३४६। भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:-

८२.१ **म्याद थप सम्बन्धमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था (काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध नगराउन नसकेमा वा अन्य मनासिब कारण) परी खरिद सम्झौताको काम त्यस्तो खरिद सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु २१ दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी निवेदन दिनुपर्ने, उपनियम (२) मा म्याद थपको लागि प्राप्त निवेदन जाँचबुझ गर्दा सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध नगराएको, ऐनको दफा ६७क बमोजिम छानबिनका लागि कागजात झिकाएको कारणले काममा ढिलाइ भएको वा विपद् वा काबु बाहिरको परिस्थिति रहेको अवस्थामा बोलपत्र स्वीकृत गर्ने अधिकारीले अवधि र कारण खुलाई म्याद थप गर्न सक्ने सक्ने व्यवस्था छ । उपनियम (४) मा म्याद थप सम्बन्धी कारबाही प्रक्रिया खरिद सम्झौताको अवधिभित्रै टुङ्ग्याउनुपर्ने र म्याद थपको कारबाही प्रक्रिया समयमा

टुङ्ग्याउने र म्याद थप भएका खरिद सम्झौताको कार्य प्रगतिको अनुगमन, मूल्याङ्कन र कारबाही समयमै नगर्ने पदाधिकारी वा कर्मचारीलाई तालुक निकायले प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नुपर्ने समेत व्यवस्था छ ।निर्माण व्यवसायीसँग मिति २०७९।३।२० मा भएको खरिद सम्झौता बमोजिम यो खरिद सम्झौताको म्याद २४ महिना (२०८१।३।१९ सम्म) रहेकोमा कार्यपालिकाबाट २ पटक गरी २०८३ मार्ग मसान्तसम्मअर्थात् २९ महिना ११ दिन (१२२ प्रतिशत) म्याद थप भएको देखियो । म्याद थपसम्बन्धी कागजात परीक्षण गर्दा बाढी, पहिरो, बाटो अवरुद्ध लगायतका कारण उल्लेख भए तापनिदेहायअनुसार निर्माण व्यवसायीले समयमा निवेदन नदिएको, निवेदन पेश भएको अवस्थामा पनि कार्यालयमा दर्ता नभएको, म्याद थप सम्बन्धी कारबाही प्रक्रिया खरिद सम्झौताको अवधिभित्रै नटुङ्ग्याएको, म्याद थपको निर्णय गर्दा नियमावलीको व्यवस्था बमोजिम म्याद थप गर्नुपर्नाको कारण तथा अवस्था सम्बन्धमा कार्यालयबाट पर्याप्त जाँचबुझ तथा विश्लेषण नभएको, म्याद थप गर्नुपर्नाको कारण तथा आधारलाई पुष्ट्याइँ गर्ने प्रमाण कागजात संलग्न नभएको लगायतका अवस्था देखियो।

| म्याद थप नं. | कायम अन्तिम म्याद | निवेदन दिनुपर्ने मिति | निवेदन दिएको मिति | निवेदनमा ढिलाइ अवधि | म्याद थपको कारबाही टुङ्ग्याएको मिति | म्याद थपको कारबाहीमा ढिलाइ अवधि |
|---|---|---|---|---|---|---|
| १ | ०८१।३।१९ | ०८१।२।२९ | निवेदन संलग्न नभएको | - | ०८१।३।३० | ११ दिन |
| २ | ०८२।३।20 | ०८२।२।३० | निवेदन संलग्न नभएको | - | ०८१।३।३२ | १२ दिन |

खरिद सम्झौताको म्याद म्याद थप गर्दा निर्माण व्यवसायीबाट समयमै निवेदन प्राप्त गरी म्याद थप गर्नुपर्नाको कारण तथा अवस्था सम्बन्धमा पर्याप्त जाँचबुझ तथा विश्लेषण गर्ने, म्याद थप गर्नुपर्नाको कारण तथा आधारलाई पुष्ट्याइँ गर्ने प्रमाण कागजात संलग्न गर्ने तथा म्याद थपको कारबाही प्रक्रिया समयमै टुङ्ग्याउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

८२.२ **भेरिएसन सम्बन्धमा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौताका बखत पूर्वानुमान गर्न नसकिएको अवस्थामा भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । पालिका कार्यालयले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत डिजाइन/डीपीआर रिभ्यू रिपोर्टअनुसार कार्यपालिकाको मिति २०८०।६।२४ निर्णयबाट शुरुको सम्झौता रकममा रु.६८,१३,६७०।- (६.३६ प्रतिशत) वृद्धि गरी संशोधित सम्झौता रकम रु.११,३४,२१,३७७। कायम हुने गरी भेरिएसन आदेश जारी भएको पाइयो । शुरुको डिजाइन तथा लागत अनुमानमा Main Building with one storey, Compound wall, Land development works लगायतका कार्य रहेकोमा निर्माणस्थलको अवस्थिति तथा जग्गाको कमीका कारण पछि Main Building with 2.5 storey and Septic Tank निर्माण गर्ने गरी भेरिएसन भएको पाइयो । भेरिएसन शीटअनुसार आरसीसी सम्बद्ध मुख्य आइटममा देहायअनुसारको परिमाण वृद्धि भएको देखिन्छः

| विवरण | बीओक्यु दर (प्रति एकाइ) रु. | लागत अनुमान तथा बीओक्यु अनुसारको परिमाण | भेरिएसन आदेश अनुसारको परिमाण | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| कंक्रिट (पीसीसी फर आरसीसी) | १९५००।- | ६७५.४० घ. मी. | ९११.२८ घ. मी. | ३४.९२ |
| रिइन्फोर्समेण्ट वर्क | १७००००।- | ९७.९९ मे. ट. | १४४.०३मे. ट. | ४६.९८ |

उपर्युक्त तालिकाअनुसार कंक्रिटको परिमाण ३४.९२ प्रतिशतले वृद्धि भएकोमा डण्डीको परिमाण ४६.९८ प्रतिशतले थप भएको पाइयो । आरसीसी कार्यमा कंक्रिट र डण्डी अन्तरसम्बन्धित वस्तु भएको र ती दुई सामग्रीको घट बढ समेत आनुपातिक नै हुने हुन्छ । तथापि यस भेरिएसनमा डण्डीको परिमाण अस्वाभाविक रुपले वृद्धि भएको देखिएकोमा बार बेण्डिङ शेड्युलसहितको विस्तृत परिमाण गणना विवरण भेरिएसन फाइलमा संलग्न गरेको देखिएन । कंक्रिटको परिमाण वृद्धिको अनुपात अनुसार डण्डीको परिमाण १३२.२१ मे. टन मात्र हुने देखिएकोमा खरिद सम्झौताको बीओक्युमा १४४.०३ मे. ट. राखेको पाइयो । सोअनुसार ११.८२ मे. टन थप परिमाणको प्रति मे. टन रु.१७०,०००।- का दरले संशोधित खरिद सम्झौतामा थप दायित्व सिर्जना हुने गरी रु.२०,०९,४००।- थप लागत समावेश

भएको देखिन्छ । अतः डण्डीको परिमाणमा अस्वाभाविक वृद्धि सम्बन्धमा बार बेण्डिङ शेड्युलसहित डण्डीको विस्तृत परिमाण गणना विवरण तथा प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने रु.

यस सम्बन्धमा अध्ययन गरी गराई प्राविधिक पुष्ट्याइँ पेश गरिने कार्यालयको भनाइ रहेको छ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,०९,४०० |

८२.३ **डण्डीको परिमाण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप, जाँचको आधारमा नापी किताब (मेजरमेण्ट बूक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । भेरिएसनबाट कायम डण्डीको कुल परिमाण १४४.०३ मे. टन मध्ये दोस्रो रनिङ बिलसम्म ५६.७०९ मे. टनको रु.९६,४०,५२०। भुक्तानी भएको देखिन्छ । तथापि डण्डीको बार बेण्डिङ शेड्युलसहितको विस्तृत नापी तथा परिमाण गणना विवरण ठेक्का बिलसाथ संलग्न गरेको पाइएन । अतः बार बेण्डिङ शेड्युलसहितको विस्तृत नापी तथा डण्डीको परिमाण गणना विवरण पेश हुनुपर्दछ ।

८२.४ न्यून कार्य प्रगति - निर्माण व्यवसायीसँग मिति 20७९।३।२० मा भएको खरिद सम्झौता बमोजिम यो खरिद सम्झौताको म्याद २४ महिनामा अर्थात् २०८१।३।१९ सम्म कार्य सम्पन्न गर्नुपर्नेमा कार्य सम्पन्न गर्नुपर्ने अवधि समाप्त भई तत् पश्चात् २ पटक गरी २०८३ मार्ग मसान्तसम्म अर्थात् २९ महिना ११ दिन (१२२ प्रतिशत) म्याद थप हुँदा समेत अस्पताल भवन निर्माण कार्यको प्रगति २०८२ आषाढ मसान्तसम्म २३.४७ प्रतिशत मात्र देखिएको छ । अतः सम्झौताको कार्यतालिका तथा म्याद थपको निर्णय बमोजिम तोकिएको समय र लागतमा कार्य सम्पन्न हुने गरी निर्माण कार्य गर्नु गराउनुपर्दछ।

## ८३ जम्फै गाउँ ढल निकास योजना

भौ. नं. ३०-०८२।३।२० (संघीय सशर्त पुँजीगत) जम्फै गाउँ ढल निकास उपभोक्ता समितिलाई रु.१९,१५,७७३।- भुक्तानी गरेको बिल, भरपाई तथा नापी किताब परीक्षण गर्दा देखिएका बेहोरा निम्नानुसार छन्:-

८३.१ **बढी दरबाट भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी गर्दा लागत अनुमान तथा दर विश्लेषणबाट स्वीकृत दरको आधारमा गर्नुपर्दछ । कार्यालयले ढल निकास उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी गर्दा निम्नलिखिलत आइटमको लागत अनुमान तयारी तथा खरिद सम्झौता र भुक्तानी ओभरहेडसहितको दरबाट भुक्तानी गरेको पाइयो । जसको कारणबाट देहायअनुसार रु.242648।बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

बढी भुक्तानी भएको रकम यकिन गरी असुल गरिने कार्यालयको भनाइ रहेको छ ।

| आइटम (कार्य विवरण) | कार्य परिमाण (घ.मी.) | स्वीकृत दर | भुक्तानी दर | बढी दर प्रति घ.मी. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| Stone Masonary (1:6) | १४.८ | १३५०५.८६ | १५५३१.७४ | २०२५.८८ | २९९८३. |
| PCC (1:2:4) for RCC | २४.९३ | १९९१४.२ | २२९०१.३३ | २९८७.१३ | ७४४६९. |
| PCC (1:2:4) in foot trail | ३५.६९ | १७७५४.२ | २०४१७.३३ | २६६३.१३ | ९५०४७. |
| MS Bar | १९२६.२७ (Kg.) | १४९.३६ | १७१.७६ | २२.४ | ४३१४८. |
| | | | | जम्मा | २४२६४८. |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४२,६४८ |

८३.२ **रसिद केरमेट गरी बढी रकम दाबी** - सार्वजनिक खरिद नियमावली, २064 को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा

पेश गर्नुपर्ने व्यवस्था छ । ढल निर्माण उपभोक्ता समितिसँग मिति भएको सम्झौताको बीओक्युको आइटम नं १० मा Additional for Rara National Park Tax (PS) बापत रु.३०,०००।- राखेकोमा सो बापतको पूरै रकम भुक्तानी गरेको पाइयो । सो सम्बन्धी बिल भर्पाई परीक्षण गर्दा उपभोक्ता समितिले रारा राष्ट्रिय निकुञ्जबाट मिति २०८१।११।०४ मा काटिएको र. नं. ३७२ को रु.२७९३।५० को नगदी रसिद केरमेट (ओभरराइट) गरी अक्षरुपी महलमा दुई र हजारको बिचमा नौ थप गरी दुई नौ हजार सात सय त्रियान्नब्बे रुपैयाँ पचास पैसा बनाई तथा अङ्क महलमा समेत केरमेट गरी भुक्तानी दाबीका लागि पेश गरेको देखियो । यस गाउँपालिकाको लेखापरीक्षण पश्चात उक्त निकुञ्जको लेखापरीक्षणको सिलसिलामा समेत सो नम्बरको नगदी रसिद परीक्षण गर्दा रसिदको रकम रु.२७९३।५० नै रहेको पाइयो । उपभोक्ता समितिले यसरी सरकारी कागजात केरमेट गरी रु.२७९३।५० को नगदी रसिदबाट रु.३०,०००।- दाबी गरी भुक्तानी समेत लिएको देखिएकोले उक्त समितिलाई जिम्मेवार गराई बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

बढी भुक्तानी भएको रकम असुल गरिने कार्यालयको भनाइ रहेको छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,२०७ |

८४ **मालसामानको प्रयोग**

खरिद गरिएका मालसामान तथा उपकरण प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षामा आबद्ध हुने लाभग्राहीको दर्ता तथा नवीकरणका लागि वडा कार्यालयहरूलाई हस्तान्तरण गर्ने गरी भौ.नं. १७७-२०८३।३।२३ बाट रु.२४१३६८।- मूल्यका १२ थान बायोमेट्रिक फिङ्गर प्रिण्ट स्क्यानर खरिद गरेकोमा उक्त मालसामान पालिका कार्यालयमै रहेको पाइयो । अतः उक्त मालसामान यथाशीघ्र वडा कार्यालयहरूलाई हस्तान्तरण गरी प्रयोगमा ल्याएको प्रमाण पेश हुनुपर्ने रु. २४१३६८।-

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४१,३६८ |

८५ **मालसामान तथा उपकरणको निरीक्षण/परीक्षण-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान तोकिएको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु, गराउनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नलिखित भौचरबाट देहायअनुसारका मालसामान तथा उपकरणहरू खरिद गरेकोमा उल्लिखित उपकरणहरू तोकिएको मापदण्ड तथा स्पेसिफिकेशन बमोजिम भए नभएको सम्बन्धमा निरीक्षण/परीक्षण भएको देखिएन । अतः आपूर्ति गरिएका मालसामान तथा मेशिन/औजार तोकिएको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भएको आश्वस्तताको लागि प्राविधिक स्पेसिफिकेशन निर्धारण गरी निरीक्षण वा परीक्षण गर्ने व्यवस्था हुनुपर्दछ । मालसामान तथा उपकरणहरू आपूर्ति भई परीक्षण (Post Delivery Inspection-PDI) नभएका केही उदाहरण देहाय अनुसार छन्-

| भौ.नं./मिति | फर्मको नाम | मालसामानको विवरण | परिमाण | मूल्य रु. |
|---|---|---|---|---|
| १८९-०८२।३।२१ गा. पा. पुँजीगत तर्फ) | क्वालिटी रिन्युएबल इनर्जी | सोलार प्यानल तथा ब्याट्री | ४० सेट | ५१२२१७ |
| १७७-०८२।३।२३ गा. पा. पुँजीगत तर्फ) | एम्फ्यासिस टेक फाउण्डेशन प्रा.लि. | बायोमेट्रिक फिङ्गर प्रिण्ट स्क्यानर | १२ थान | २४१३६८ |
| | | जम्मा | | ७५३५८५ |

८६ **घटी अवधिको कार्य सम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ मा कार्यसम्पादन जमानतको म्याद त्रुटि सच्याउने अवधिभन्दा १ महिना पछिसम्मको हुनुपर्ने व्यवस्था छ ।

निम्नलिखित १० योजनाको निर्माण सम्झौताको म्याद २०८२ कार्तिक मसान्तसम्म थप भएकोमा सो अनुसार निर्माण व्यवसायीबाट कार्यसम्पादन जमानतको म्याद थप गराएको देखिएन । अतः म्याद थपपछि कायम खरिद सम्झौताको म्यादबमोजिम त्रुटि सच्याउने अवधिभन्दा १ महिना पछिसम्म मान्य अवधि भएको देहायअनुसार रु.२,८३,७९,१२३।- को कार्यसम्पादन जमानत पेश हुनुपर्दछ।

| योजनाको नाम | निर्माण व्यवसायी | कार्य स. गर्नुपर्ने मिति (म्याद थपपछि) | पेश भएको का. स. जमानतको म्याद | हुनुपर्ने म्याद | घटी म्याद | जमानत रकम रु. |
|---|---|---|---|---|---|---|
| श्री महादेव मष्टा नमुना मा वि भवन निर्माण | बी. एस्. निर्माण सेवा | २०८२।७।३० | २०८३।४।२५ | २०८३।८।३० | ४ महिना | २३२५००० |
| श्री सर्वोदय मा वि भवन निर्माण | उज्वल निर्माण सेवा | २०८२।७।३० | २०८३।४।२५ | २०८३।८।३० | ४ महिना | २५२०००० |
| श्री ने रा आधारभूत विद्यालय भवन निर्माण | बुढा निर्माण सेवा | २०८२।७।३० | २०८३।४।३० | २०८३।८।३० | ४ महिना | २३८५००० |
| श्री लोकप्रिय मा वि भवन निर्माण | साइमन निर्माण सेवा | २०८२।७।३० | २०८३।४।२५ | २०८३।८।३० | ४ महिना | २३२५००० |
| कालाकाँडा-पाँचे-नखर्ची-राम्नाकाँध सडक (ठे. नं. ८) | भिष्मराज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २०८२।७।३० | २०८३।२।२५ | २०८३।८।३० | ६ महिना | ५०३११५० |
| कालाकाँडा-पाँचे-नखर्ची-राम्नाकाँध सडक (ठे. नं. १३) | भिष्मराज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २०८२।७।३० | २०८३।४।२५ | २०८३।८।३० | ४ महिना | १४३५००० |
| कालाकाँडा-पाँचे-नखर्ची-राम्नाकाँध सडक (ठे. नं. १४) | भिष्मराज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २०८२।७।३० | २०८३।४।२५ | २०८३।८।३० | ४ महिना | १४३२४७३ |
| पुत्ताखोला जोगीलेख सडक (ठे. नं.) | एसबीएन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २०८२।७।३० | २०८३।३।२५ | २०८३।८।३० | ५ महिना | ६२६०५०० |
| श्री कालिका मा वि बुगा (ठे. नं. ०१) | एसबीएन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २०८२।७।३० | २०८३।६।१० | २०८३।८।३० | २ महिना २० दिन | २०९५००० |
| श्री ने रा मा वि जिउका (ठे. नं. ०४) | मष्टादेव डेभलपर्स एण्ड कन्सल्टेन्सी सर्भिस | २०८२।७।३० | २०८३।४।२५ | २०८३।८।३० | ४ महिना | २५७०००० |
| | | | | | जम्मा | २८३७९१२३ |

८७ **नन-फाइलर**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ (१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले विक्रम सम्वत् अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ । साथै यस सम्बन्धमा अर्थ मन्त्रालयले चलानी नं. ३२७, मिति २०७७।०८।०९ को पत्रबाट आयकर वा मूल्य अभिवृद्धि कर विवरण बुझाए/नबुझाएको सुनिश्चित गरेर मात्र भुक्तानी गर्नुपर्ने उल्लेख गरी पत्राचार गरेको छ । यस कार्यालय मातहत विभिन्न निर्माण कार्यमा संलग्न देहायका निर्माण व्यवसायी तथा फर्म नन-फाइलर देखिएकोले निजहरूलाई भुक्तानी भएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| भौ.नं./मिति | निर्माण व्यवसायी वा फर्मको नाम | नन फाइलर अवधि | मू. अ. कर भुक्तानी रु. |
|---|---|---|---|
| ४, ४२-०८।१०।२ (एकीकृत स्वास्थ्य पूर्वाधारतर्फ) | पीपीसिएल्-स्वीकार जे.भी. (PAN-618297382) (१० शय्या अस्पताल निर्माण) | मू. अ. करतर्फ २०८१/टी/१ देखि नन-फाइलर (आ. रा. वि. को २०८२।२।९ को निर्णयानुसार मूअकर निलम्बित) | २१४३५२० |
| ३-०८१।६।२० (गा. पा. पुँजीगत तर्फ) | शान्ति निर्माण सेवा (PAN-303945761) | आयकरतर्फ २०७७।७८ देखि र मू. अ. करतर्फ २०७७ माघदेखि नन-फाइलर | ६६३८८ |
| १४-०८१।९।२५ (गा. पा. पुँजीगत तर्फ) | एन्. बी. ए. सप्लायर्स/कन्स्ट्रक्शन (PAN-३०३४७०७८६) | मू. अ. करतर्फ २०८१।टी।२ देखि नन-फाइलर रहेको | ९२०४ |
| १८५-०८१।३।२४ (गा. पा. पुँजीगत तर्फ) | एन. के. मल्टी सर्भिस प्रा.लि. (PAN-619319216) | मू. अ. करतर्फ २०८१।टी।२ देखि नन-फाइलर रहेको | ४०४१५ |
| २१०-०८१।३।२५ (गा. पा. पुँजीगत तर्फ) | साइमन निर्माण सेवा (PAN-..) | मू. अ. करतर्फ २०८१।T।1 देखि नन-फाइलर (आ. रा. वि. को २०८२।२।९ को निर्णयानुसार मूअकर निलम्बित) | ६०५६३ |
| २२१-०८२।३।२५ (गा. पा. पुँजीगत तर्फ) | मष्टादेव डेभलपर्स एण्ड कन्सल्टेन्सी सर्भिस (PAN-610407213) | मू. अ. करतर्फ २०८१ कार्तिकदेखि नन-फाइलर | ७४१३९ |
| १२-०८१।२।०२ (संघीय पुँजीगत तर्फ) | मष्टादेव डेभलपर्स एण्ड कन्सल्टेन्सी सर्भिस (PAN-610407213) | मू. अ. करतर्फ २०८१ कार्तिकदेखि नन-फाइलर | १४३७९५ |
| १६-०८१।२।१३ (संघीय पुँजीगत तर्फ) | बि.एस. निर्माण सेवा (PAN-619319216) | मू. अ. करतर्फ २०८१ कार्तिकदेखि नन-फाइलर | १७४४५४ |
| ३९-०८१।३।२५ (संघीय पुँजीगत तर्फ) | बि.एस. निर्माण सेवा (PAN-619319216) | मू. अ. करतर्फ २०८१ कार्तिकदेखि नन-फाइलर | ९१०२६ |
| ३४-०८१।३।२५ (संघीय पुँजीगत तर्फ) | साइमन निर्माण सेवा (PAN-..) | मू. अ. करतर्फ २०८१।T।1 देखि नन-फाइलर (आ. रा. वि. को २०८२।२।९ को निर्णयानुसार मूअकर निलम्बित) | ३०६९५६ |
| ४०-०८१।३।२५ (संघीय पुँजीगत तर्फ) | मष्टादेव डेभलपर्स एण्ड कन्सल्टेन्सी सर्भिस (PAN-610407213) | मू. अ. करतर्फ २०८१ कार्तिकदेखि नन-फाइलर | २२१६२१ |
| | | जम्मा | ३३३२०८१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,३२,०८१ |

८८ **घटी निर्माण सामग्री**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ६ मा उपभोक्ता समितिले निर्माण कार्यको भुक्तानी माग गर्दा निर्माण सामग्री तथा ज्यालाको बिल भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रदेश पुँजीगत अन्तर्गत डाडिया नमुना मावि रातापानी पीसीसी बाटो निर्माण कार्यको नापी किताब, प्राविधिक बिल तथा कार्य सम्पन्न प्रतिवेदन परीक्षण गर्दा स्वीकृत लागत अनुमान अनुसारको परिमाणमा डण्डी प्रयोग गर्नुपर्ने देखिन्छ। पालिकाले मिति २०८२।३।१६ मा गो.भौ.८ बाट डाडिया नमुना मावि रातापानी पीसीसी बाटो निर्माण उपभोक्ता समितिलाई रु.१९,६०,००० भुक्तानी गरेको बिल भरपाइ परीक्षण गर्दा प्राविधिक बिलमा १४५६.७८ मिटर रेलिङ्गको कार्यको प्रति रनिङ्ग मिटर रु.१९८.९८ का दरले रु.२८९८७० समावेश गरेको पाइयो । तर संलग्न बिल अनुसार उपभोक्ता समितिले किस्मत ग्रिल उद्योगबाट ४५६ मिटर मात्र रेलिङ्ग खरिद गरेको देखियो । जसअनुसार आवश्यक परिमाण भन्दा १०५८.७ मिटर रेलिङ्ग न्यून परिमाणमा रेलिङ्ग खरिद गरेको पाइयो । अतः तोकिएको परिमाणमा निर्माण सामग्री प्रयोग भएको प्रमाण पेश हुनुपर्ने अन्यथा निर्माण सामग्री बापत भुक्तानी भएको रु.२,१०,६६४।१२ असुल हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | २,१०,६६४ |
|---|---|

८९ **बढी रकम दाबी**

सार्वजनिक खरिद नियमावली, २064 को नियम १० मा स्वीकृत जिल्ला दररेट अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत स्थानीय दररेट अनुसार लागत अनुमान तयार गर्ने गरेमा उक्त दररेट अनुसार खरिद गरिएका निर्माण सामाग्री रोयल्टी वा प्रशासनिक दण्ड जरिबाना बापतको अतिरिक्त रकम थप गर्न पाउने देखिँदैन । साथै स्वीकृत स्थानीय दररेट अधिकतम खरिद दर रहेकोमा पालिकाले मिति २०८१।३।१७ मा गो.भौ.९ बाट नेरा आवि निगालीबोट घेराबार तथा मर्मत र बमकाडा टोल बाटो निर्माण समितिलाई सम्झौतामा रु.२०००० समावेश गरेकोमा रारा राष्ट्रिय निकुञ्जमा तिरेको नगदी रसिद (दण्ड जरिबाना) संलग्न गरी BOQ अनुसारको पुरै रकम भुक्तानी गरेको पाइयो । सो सम्बन्धी बिल भर्पाई परीक्षण गर्दा उपभोक्ता समितिले रारा राष्ट्रिय निकुञ्जबाट मिति २०८१।११।२५ मा काटिएको र. नं. ३७९ को रु.९५७७।५० को नगदी रसिद अंक र अक्षरमा केरमेट (सच्चाइ) गरी रु.२९,५७७।५० भुक्तानी दाबीका लागि पेश गरेको देखियो । यस पालिकाको लेखापरीक्षण पश्चात् उक्त निकुञ्जको लेखापरीक्षणको सिलसिलामा समेत सो नम्बरको नगदी रसिद परीक्षण गर्दा रसिदको रकम रु.९,५७७.७० नै रहेको पाइयो । उपभोक्ता समितिले यसरी सरकारी कागजात केरमेट गरी रु.९५७७ को नगदी रसिदलाई रु.२९,५७७ को बनाएकोले उपभोक्ता समितिबाट पेश हुने अन्य विल भरपाईहरू समेत वास्तविक तथा यथार्थ रहेको यकिन हुने अवस्था छैन । अतः सरकारी कागजात केरमेट गर्ने उक्त समितिलाई जिम्मेवार खरिद नियमावली अनुसार स्वीकृत दररेट भित्र समावेश भएको रकममा अतिरिक्त हुने गरी समितिले कुनै निकायमा तिरेको दण्ड जरिबाना थप गर्न पाउने नदेखिएको असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २९,५७७ |
|---|---|

९० **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था (काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध नगराउन नसकेमा वा अन्य मनासिब कारण) परी खरिद सम्झौताको काम त्यस्तो खरिद सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु २१ दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी निवेदन दिनुपर्ने, उपनियम (२) मा म्याद थपको लागि प्राप्त निवेदन जाँचबुझ गर्दा सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध नगराएको, ऐनको दफा ६७क बमोजिम छानबिनका लागि कागजात झिकाएको कारणले काममा ढिलाइ भएको वा विपद् वा काबु बाहिरको परिस्थिति रहेको अवस्थामा बोलपत्र स्वीकृत गर्ने अधिकारीले अवधि र कारण खुलाई म्याद थप गर्न सक्ने सक्ने व्यवस्था छ । उपनियम (४) मा म्याद थप सम्बन्धी कारबाही प्रक्रिया खरिद सम्झौताको अवधिभित्रै टुङ्ग्याउनुपर्ने र म्याद थपको कारबाही प्रक्रिया समयमा टुङ्ग्याउने र म्याद थप भएका खरिद सम्झौताको कार्य प्रगतिको अनुगमन, मूल्याङ्कन र कारबाही समयमै नगर्ने पदाधिकारी वा कर्मचारीलाई तालुक निकायले प्रचलित कानुन बमोजिम विभागीय कारबाही गर्नुपर्ने समेत व्यवस्था छ । तर कार्यपालिकाले २०८२।३।३२ मा उल्लिखित प्रकृया बेगर यस आर्थिक वर्षमा निर्माण सम्पन्न नभई बाँकी रहेको योजनाहरुको २०८२ मंसिर मसान्त सम्म म्याद थप गर्ने निर्णय गरेकोमा निर्माण व्यवसायीबाट म्याद थपका लागि आवश्यक कार्यसम्पादन जमानत, बिमा लगायतका कागजातको म्याद थप गरेको समेत देखिँदैन । खरिद नियमावलीमा भएको व्यवस्था अनुसार मात्र म्याद थप गर्नुपर्दछ ।

९१ **पञ्चदेव माध्यामिक विद्यालय भवन निर्माण**

ठेक्का नं.५।२०८१।८२, पालिकाले पञ्चदेव माध्यामिक विद्यालय भवन निर्माण कार्यको लागि रु.९०,४२,१५७ को लागत अनुमान तयार गरी बोलपत्र आह्वान गरेकोमा २०८२।३।२५ भित्र निर्माण सम्पन्न गर्ने गरी श्री सरोज निर्माण सेवासँग २०८१।९।१८ मा रु.४५,१७,३३९ को खरिद सम्झौता गरेको छ । यस सम्बन्धमा देखिएका बेहोराहरू निम्न अनुसार छन्:

९१.१ **कार्यसम्पादन जमानत-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) मा खरिद सम्झौता व्यवस्था भए बाहेक निर्माण कार्यको त्रुटि सच्याउने अवधि भन्दा एक महिना बढीको कार्यसम्पादन जमानत राख्नुपर्ने व्यवस्था छ । पालिकाले गरेकोमा २०८२।३।२५ भित्र निर्माण सम्पन्न गर्ने गरीश्री सरोज निर्माण सेवासँग २०८१।९।१८ मा गरेको खरिद सम्झौताको जीसीसी ४२.१ मा

कार्यसम्पादन जमानतको अवधि २४ महिना हुनुपर्ने उल्लेख छ । तर निर्माण व्यवसायीले अगस्त १०, २०२६ सम्म मात्र म्याद भएको कृषि विकास बैंकबाट जारी रु.१८,१०,११३ को बैँक जमानत पेश पाइयो । खरिद सम्झौताको सर्त अनुसार २४ महिना अर्थात् अगस्त १०, २०२७ सम्मको बैँक जमानत आवश्यक पर्नेमा अगस्त १०, २०२६ सम्मको मात्र बैँक जमानत पेश गरेको अवस्थामा खरिद सम्झौता गर्नुको कारण स्पष्ट हुन सकेन । अतः सम्झौताको सर्त अनुसार अगस्त १०, २०२७ सम्म म्याद भएको बैँक जमानत पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,१०,११३ |

९१.२ **बोलपत्रको विशेष मूल्याङ्कन-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ मा बोलपत्र दाताले सन्तोष जनक रूपमा कार्य गर्न नसक्ने गरी न्यून रकम कबोल गरेमा न्यून दर कबोल गर्नाको कारण सहितको स्पष्टीकरण माग गर्ने तथा स्पष्टीकरण सन्तोष जनक नभएमा थप ८ प्रतिशत कार्यसम्पादन जमानत लिई बोलपत्र स्वीकृतिको लागि सिफारिस गर्न बोलपत्रको विशेष मूल्याङ्कन गर्न सकिने व्यवस्था छ । कार्यालयले आर.सी.सी स्ट्रक्चर सहितको विद्यालय भवन निर्माणका लागि रु.९०,४२,१५७ को लागत अनुमान तयार गरेकोमा निर्माण व्यवसायीले रु.४५,१७,३३९ कार्य गर्ने गरी कबोल गरेको देखिन्छ । जसअनुसार निर्माण व्यवसायीले लागत अनुमानको तुलनामा ५०.०४ प्रतिशतले हुने घटी रकम कबोल गरेको अवस्थामा बोलपत्र मूल्यांकन समितिबाट बोलपत्रको विशेष मूल्यांकन गरेको देखिएन । निर्माण व्यवसायीले लागत अनुमानको तुलनामा अस्वाभाविक दर कबोल गरेको अवस्थामा कार्यालयले नियमावलीमा भएको व्यवस्थाको अनुसार बोलपत्रको विशेष मूल्यांकन गर्नुपर्दछ ।

९१.३ **म्याद थप तथा प्रगति-** निर्माण व्यवसायीसँग २०८१।९।१८ मा भएको सम्झौता अनुसार २०८२।३।२५ सम्म कार्य सम्पन्न गर्नुपर्नेमा २०८२ आषाढ मसान्तसम्म रु.१८,६६,७५७ को मात्र कार्य गरेको पाइयो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ मा काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध नगराउन नसकेमा वा अन्य मनासिब कारण खुलाई खरिद सम्झौताको सर्त अनुसार म्याद थप गर्नुपर्नेमा सो बेगर कार्यपालिकाले २०८२।३।३२ मा २०८२ मंसिर मसान्तसम्म म्याद थप गर्ने र उक्त अवधिभित्र निर्माण सम्पन्न नगरे पूर्वनिर्धारित क्षतिपूर्ति लाग्ने निर्णय भएको देखिन्छ । निर्माण व्यवसायीबाट तोकिएको समयभित्र निर्माण सम्पन्न हुन नसक्नुको कारण एवं बीमा तथा कार्यसम्पादन जमानत म्याद थप गरेको प्रमाण र संशोधित कार्य तालिका सहित थप भएको अवधि भित्र निर्माण सम्पन्न गर्नुपर्ने प्रतिबद्धता बेगर कार्यपालिकाबाट म्याद थप सम्बन्धी निर्णय भएको उचित देखिएन । साथै निर्माण व्यवसायीबाट सुरु निर्माण सम्पन्न गर्नुपर्ने अवधि भित्र निर्माण कार्यको ४१.३२ प्रतिशत मात्र प्रगति भएको देखिन्छ । अतः कानुनको व्यवस्था अनुसार म्याद थप गर्ने तथा सम्झौताको कार्यतालिकामा तोकिएको समय र लागतमा कार्य सम्पन्न हुने गरी निर्माण कार्य गर्नु गराउनुपर्दछ।

९१.४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दा बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा स्पष्ट कारण खुलाई भेरिएसन गर्न सक्ने व्यवस्था छ । विद्यालय भवन निर्माण कार्यको लागत अनुमान तथा डिजाइन अनुसार १५ वटा पिल्लरमा ५.२ लम्बाइ र १२ एम.एम. साइजका मिटरका ६० वटा र ५.२ मिटरका १६ एम.एम. साइजका ६० डण्डी प्रयोग गर्नुपर्ने उल्लेख छ । उल्लिखित प्रकृया तथा प्राविधिक पुष्ट्याई बेगर निर्माण व्यवसायीलाई भुक्तानी भएको प्रथम रनिङ्ग बिलको नापीमा ५.२ मिटरका १२० वटै १६ एम.एम. साइजका डण्डी समावेश गरेको पाइयो । जसबाट लागत अनुमान भन्दा २१५.२८ किलोग्राम डण्डी बढी हुने गरी प्रति किलोग्राम रु.१२५ का दरले रु.२६,९१० थप लागत परेको अवस्था छ । अतः लागत अनुमान भन्दा बढी हुने गरी फरक डण्डी प्रयोग गर्नुपर्नाको प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने अन्यथा उक्त बढी भुक्तानी भएको असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,९१० |

९१.५ **बोलपत्र कागजात-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको पुष्टि हुने खर्च बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ ले खरिद कारबाही गर्दा सार्वजनिक खरिद अनुगमन

कार्यालयबाट प्रकाशित बोलपत्र कागजातको प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले विद्यालय भवन निर्माण कार्यमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट प्रकाशित ढाँचा तथा पालिकाबाट खुलाउनु पर्ने विवरण नखुलाई बोलपत्र सम्बन्धी कागजात तयार गरेको तथा खरिद सम्झौता गरेको पाइयो । साथै प्राविधिक नापी किताब तथा ठेक्का बिलमा कार्यालयबाट नापी गरेको मिति तथा खरिद सम्झौतासँग सम्बन्धित विवरण खुलाएको समेत देखिएन । अतः तोकिएको ढाँचामा बोलपत्र सम्बन्धी कागजात तयार गरी खरिद सम्झौता तथा सोको कार्यान्वयन गर्नुपर्दछ ।

९१.६ **फरक शीर्षकबाट पेस्की-** कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २४ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम भित्र रही खर्च गर्ने आदेश दिनुपर्ने व्यवस्था छ । प्रदेश सरकार विशेष अनुदानको कार्यक्रमतर्फको उक्त विद्यालय भवन निर्माण कार्यमा संघीय सशर्तको स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण शीर्षकबाट पेस्की दिन मिल्ने देखिँदैन । पालिकाले निर्माण व्यवसायी श्री सरोज निर्माण सेवाले अप्रिल ८, २०२५ सम्म म्याद भएको कृषि विकास बैंकबाट जारी बैंक जमानत पेश गरेकोमा संघीय सरकार सशर्तबाट मिति २०८१।१०।११ मा गो.भौ.९ बाट रु.३९९७६४ पेस्की दिएको देखिन्छ । जसका कारण उक्त पेस्की यो वर्ष फछ्र्यौट नभएको तथा पेस्की जमानतको म्याद समेत समाप्त भई पेस्की जोखिममा परेको अवस्था छ । अतः उक्त पेस्की रकम असुल गरी संघीय सञ्चित कोष दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९९,७६४ |

## ९२ मुख्यमन्त्री रोजगार कार्यक्रम

मुख्य मन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ बुँदा नं. ५ मा अधिकतम प्रतिशतको लागत साझेदारी हुने कार्यक्रम छनौट गर्नुपर्ने, बुँदा नं.६ बमोजिम आयोजना कार्यान्वयन गर्नुपर्ने तथा बुँदा नं.७ मा आयोजना सञ्चालन गर्दा अनुसूची-५ मा उल्लेख भए अनुसार लागत अनुमान श्रमिकको ज्याला र सामग्रीको अनुपातमा रकम खर्च गर्नुपर्ने उल्लेख छ । कार्यविधिको अनुसूची-५ मा पक्की सडकमा ५० प्रतिशत, भवन (कम्पाउण्ड समेत) मा ५० प्रतिशत र सिँचाइ कुलो निर्माणमा ५० प्रतिशत रकम श्रमिकको ज्यालामा खर्च गर्नुपर्ने उल्लेख छ । तर पालिकाले कार्यविधिमा उल्लेख भए भन्दा कम रकम श्रमिकको ज्याला मा तथा बढी रकम निर्माण सामग्रीमा खर्च गर्ने गरी लागत अनुमान तयार गरी देहाय अनुसार योजना उपभोक्ता समितिलाई भुक्तानी गरेको पाइयो ।कार्यविधिले उक्त उल्लेख भएको अनुपातमा ज्याला रकम खर्च गरी निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्ने रकम पालिकाको लागत साझेदारी हुन सक्ने व्यवस्था गरेकोमा पालिकाबाट लागत साझेदारी भएको देखिएन । अतः कार्यक्रमबाट कार्यविधिले तोके भन्दा बढी रकम निर्माण सामग्रीमा र घटी रकम ज्यालामा खर्च गरेको देखिएकोले लक्ष्य अनुसार रोजगारी समेत सिर्जना भएको देखिएन । अतः कार्यविधिमा तोकिएको अनुपात अनुसार मात्र ज्याला र निर्माण सामग्री खर्च गर्नुपर्दछ ।

| भौचर | मिति | योजना/समिति | भुक्तानी रकम रु. | ज्यालामा भुक्तानीहुनुपर्ने रु | ज्यालातर्फ भक्तानीरु. | घटी रकम रु. |
|---|---|---|---|---|---|---|
| २ | २०८२।२। २३ | ने.रा.आ.वि.विद्यालय घेराबार | १८९५२६४ | ९४७६३२ | ६६४०५३ | २८३५७९ |
| ४ | २०८२।३। १३ | निरनग्लीघाट बाटो तथा प्रतिक्षालय निर्माण | १९६०००० | ९८०००० | ७५५७८५ | २२४२१५ |
| ८ | २०८२।३। १६ | डाडियानमान मा.वि.रातापानी पीसीसी बाटो | १९६०००० | ९८०००० | ८६५३५५ | ११४६४५ |
| ९ | २०८२।३। १७ | नेरा आविनिगालिबोट घेराबार र बमकाडा टोल बाटो निर्माण | १९२७५०४ | ९६३७५२ | ७४८६८२ | २१५०७० |
| १२ | २०८२।३। १७ | वडा नं.१स्वास्थ्य चौकी घेराबार आयोजना | १९१६३४३ | ९५८१७२ | ६९०९३३ | २६७२३९ |
| १६ | २०८२।३। १६ | सुकाढीकसिँचाई कुलो निर्माण | १८५०१३५ | ९२५०६८ | ७३८८३७ | १८६२३१ |
| १९ | २०८२।३। २० | भगवती आविघेराबार योजना | १९४४६४१ | ९७२३२१ | ८४९२०० | १२३१२१ |
| २१ | २०८२।३। २० | वडा नं.६कार्यालय भवन निर्माण | १९५९९८२ | ९७९९९१ | ८६३०५७ | ११६९३४ |
| २३ | २०८०।३। २० | ठुला खोलादेखि मानसैना सिँचाइ कुलो निर्माण | १८१३६०१ | ९०६८०१ | ५५२८०० | ३५४००१ |
| २४ | २०८०।३। २० | पुत्ताखोला देखि रैसेडी सिँचाइ कुलो निर्माण | १४१८३०३ | ७०९१५२ | ३४९६०० | ३५९५५२ |
| | | | १८६४५७७३ | ९३२२८८७ | ७०७८३०२ | २२४४५८५ |

**९३ प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तर्जुमा भएको छ । यो कार्यक्रम अन्तर्गत पालिकाका ११ वटा वडामा १२ वटा योजना सञ्चालन गरी यस वर्ष १९४ जनालाई बढीमा २५ दिन रोजगारमा लगाई ज्याला बापत रु.३५०२९९२। खर्च भएको विवरण पेश भएको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको नदेखिएकोले कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

**९४ शीर्षक फरक पारी खर्च**

कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २४ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम भित्र रही खर्च गर्ने आदेश दिनुपर्ने व्यवस्था छ । पालिकाले वडा नं.११ को वडा व्यवस्थापन अनुदान बापत रकम पालिका चालुतर्फको शीर्षकबाट खर्च गर्नुपर्नेमा प्रदेश पुँजीगततर्फको २०८२।३।२५ मा गो.भौ.३३ बाट कर्णाली प्रदेश मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको सुकाढिक सिँचाई कुलो निर्माण योजनाबाट रु.१,४९,००० र पुत्ता खोला देखि रैसेडी सिँचाई कुलो

निर्माणबाट रु.८१,००० गरी रु.२,३०,००० वडा अनुदान उल्लेख गरी वडा सचिव श्री तिलक प्रसाद तिवारीलाई भुक्तानी गरेको देखिन्छ । पालिका चालु तर्फ लेख्नुपर्ने खर्च प्रदेश पुँजीगतबाट लेखेकोले उक्त रकम प्रदेश सञ्चित कोष फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३०,००० |

## ९५ बढी कन्टिन्जेन्सी खर्च

मुख्य मन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ बुँदा नं. ११ मा आयोजना कार्यान्वयन गर्ने निकायले कार्यविधि बमोजिम सञ्चालन हुने आयोजनामा विनियोजन बजेटको बढीमा २ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । तर पालिकाले मुख्य मन्त्री रोजगार कार्यक्रमतर्फ आयोजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख खाता राखेको देखिएन । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गरिएका मध्ये देहायका योजनामा कार्यविधिले तोकेभन्दा बढी हुने कन्टिन्जेन्सी खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| भौचर र मिति | योजना/समिति | बजेट खर्च रकम रु. | २ प्रतिशतले हुने कन्टिन्जेसी र रु. | कन्टिन्जेसी खर्च भौचर र मिति | कन्टिन्जेसी खर्च गरेको रु. | बढी खर्च कन्टिन्जेसी रु. |
|---|---|---|---|---|---|---|
| ९-२०८२। ३।१७ | नेरा आवि निगालिबोट घेराबार र बमकाडा टोल बाटो निर्माण | १९२७५०४ | ३८५५० | २६-२०८२।३। २५ | ६६९०० | २८३५० |
| १०-२०८२। ३।१७ | केरइ चिमाड्डुङ्ग्री पीसीसी बाटो | १६८०४१० | ३३६०८ | २९-२०८२।३। २५ | १५०८७५ | ११७२६७ |
| १६-२०८२। ३।१६ | सुकाढीक सिँचाई कुलो निर्माण | १८५०१३५ | ३७००३ | ३३-२०८२।३। २५ | १४९००० | १११९९७ |
| २३-२०८०। ३।२० | ठुला खोला देखि मानसैना सिँचाइ कुलो निर्माण | १८१३६०१ | ३६२७२ | ३४ र ३५ -२०८२।३।२५ | १२१००० | ८४७२८ |
| २४-२०८०। ३।२० | पुत्ता खोला देखि रैसेडी सिँचाइ कुलो निर्माण | १४१८३०३ | २८३६६ | ३३-२०८२।३। २५ | ८१००० | ५२६३४ |
| | | ८६८९९५३ | १७३७९९ | | ५६८७७५ | ३९४९७६ |

| | |
|---|---|
| अनियमित भएको | ३,९४,९७६ |

## ९६ आवासीय भवन निर्माण

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को बुँदा नं २७ मा श्रमिकको कामको बापतको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको ८० प्रतिशतले कायम हुन आउने रकममध्ये जुन बढी हुन्छ सोही दर कायम हुने उल्लेख छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट मिति २०८२। ३।२५ मा गो.भौ.३३४ बाट रुपान्तरण पहल आयोजना, गा.पा.साझेदारी, आवासीय भवन निर्माण कार्यको लागि ज्यालामा रु.११,१०,२१६ र निर्माण सामग्रीमा पालिका पुँजीगतबाट मिति २०८२।३।२५ मा गो.भौ.३२५ बाट आवासीय भवन निर्माण समिति योजना उ.स.लाई रु.१६,४२,१३६ भुक्तानी गरेको पाइयो । निर्देशिका अनुसार अदक्ष कामदारको पालिकाको ज्याला दररेट रु.८८० रहेकोमा ८० प्रतिशतले कायम हुने रु.७०४ का दरले भुक्तानी हुनु पर्नेमा निम्नानुसार रु.२,७२,३८७ बढी भुक्तानी भई थप व्ययभार परेको नियमसम्मत नदेखिएको रु.

| कार्य | एकाइ | परिमाण | भवन निर्माण कार्यको नर्म्स अनुसार नर्म्स नं. | नर्म्स अनुसार प्रति एकाइकामदार संख्या | कुल लाग्ने कामादारसंख्या |
|---|---|---|---|---|---|
| जग खन्ने कार्य | घ.मि. | ४७.६६ | बी १, २-२ | ०.८ | ३८.१३ |
| १:२:४पीसीसी | घ.मि. | १५.६१ | डी १, ७-२घ | ५ | ७८.०५ |
| ढुङ्गाकोसोलिङ्ग | घ.मि. | ११.९२ | सी-१०, ६-५ | १.५ | १७.८८ |
| १:३:६पीसीसी | घ.मि. | ७.९४ | डी १, ७-२ग | ५ | ३९.७ |
| १:६को ढुङ्गाको पर्खाल | घ.मि. | १५६.३६ | सी-६, ६क१-३ | ६.५ | १०१६.३४ |
| जम्मा | | | | | ११९०.१ |
| नेपाल सरकारले तोकेकोन्यूनतम पारिश्रमिक वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको ८०प्रतिशतले हुने रु. | | | | | ७०४. |
| कुल ज्यालामा खर्चलेख्न मिल्ने रकम रु. | | | | | ८३७८२८.९९ |
| प्रधान मन्त्रीरोजगार कार्यक्रमबाट खर्च लेखेको रु. | | | | | १११०२१६. |
| बढी खर्च लेखेको रु. | | | | | २७२३८७.०१ |

| | |
|---|---|
| अनियमित भएको | २,७२,३८७ |

९७ **बढी दरको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०८२।३।१७ मा गो.भौ.१२ बाट वडा नं.१ स्वास्थ्य चौकी घेराबार आयोजना निर्माण उपभोक्ता समितिलाई कर्णाली प्रदेश मुख्य मन्त्री कार्यक्रमबाट रु.१९,१६,३४३ भुक्तानी गरेको देखिन्छ । कार्यालयले उक्त स्रेस्तामा संलग्न गरेको दर विश्लेषण अनुसार ढुङ्गाको पर्खाल (१:६) निर्माण कार्यको दर प्रति घनमिटर रु.११,१५०.५२ रहेको छ । तर निर्माण कार्यको लागत अनुमान तयार गर्दा प्रति घनमिटर रु.१३,५०५ प्रयोग गरेको देखिन्छ । उपभोक्ता समितिलाई लागत अनुमानकै दरमा भुक्तानी भएकोले उक्त निर्माण कार्यमा ढुङ्गाको पर्खाल (१:६) मा ५१.५३ घनमिटरमा प्रति घनमिटर रु.२३५५ का दरले रु.१,२१,३५३.१५ बढी भुक्तानी भएको देखिन्छ । दर विश्लेषण भन्दा बढी दरमा सम्झौता तथा मूल्यांकन गरी बढी भुक्तानी भएको असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२१,३५३ |

९८ **सिप/क्षमता विकास तालिम**

पालिकाले भौ नं १९३।०८२।२।२९ बाट कार्यस्थलमा आधारित सिप/क्षमता विकास तालिम र जीवन उपयोगी सिप विकास तालिम अन्तरगत ९ जनालाई हाउस वाइरिङ्ग तथा ३० जनालाई मेसनरीवाल तालिम ५० दिन संचालन बापत भेरी राप्ती प्राविधिक शिक्षालय प्रा.लि.लाई रु.९,३९,३४०। भुक्तानी गरेको पाइयो ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:-

९८.१ उक्त संस्थाले पेश गरेको प्रस्तावनामा देहाय अनुसार सोधभर्ना हुने खर्च रु.६,१५,०४४। रहेकोमा सोको विल भरपाई संलग्न नराखी खर्च लेखेको पाइयो । अत: सोधभर्ना हुने खर्चको बिल भरपाई पेश हुनु पर्ने रु.

| सि नं | विवरण | रकम |
|---|---|---|
| १ | Pre-training cost | २५००० |
| २ | Tools & minor equipment | २३०००० |
| ३ | Training materials | २५०००० |
| ४ | Facilities cost | १९०००० |
| | जम्मा | ६९५००० |

| प्रमाण पेश नगरेको | ६,९५,००० |
|---|---|

९८.२ सम्झौता बमोजिम मेसनरीवाल तालिम तर्फ ३० जनालाई तालिम दिनु पर्नेमा १० जनाले उक्त तालिम ७ दिन भन्दा कम अवधिमै छोडेको पाइयो । उक्त तालिमको लागि प्रति सहभागी रु.२४,०००। खर्च लागेको देखिन्छ । पालिकाले समयमै अन्य सहभागी छनौट गरी तालिम प्रदान गर्नु पर्नेमा नगर्दा १० जना सहभागी बापत रु.२,४०,०००। थप व्ययभार परेको रु

| अनियमित भएको | २,४०,००० |
|---|---|

९९ **करार कर्मचारी महँगी भत्ता**

अर्थ मन्त्रालयको च.नं.१७१९ मिति २०७९।१।२१ को परिपत्र अनुसार करार सेवामा कार्यरत कर्मचारीहरुलाई महँगी भत्ता उपलब्ध गराउन मिल्ने देखिँदैन । तथापि पालिकाले निम्नलिखित १६ विद्यालयका ४९ जना शिक्षक/कर्मचारीहरुलाई महँगी भत्ता उपलब्ध गराएकोले नपाउने भत्ता खर्च बापतको रकम असुल हुनु पर्ने रु.

| क्र.स. | विद्यालय | शिक्षकको नाम, थर | तह/श्रेणी | मासिक महंगी भत्ता | वार्षिक |
|---|---|---|---|---|---|
| १ | श्री हिमालय आधारभूतविद्यालय, लमेराकोटिला | श्री जय बहादुर बुढा | प्रा. तृतीय | २००० | २४००० |
| २ | श्री नेपाल राष्ट्रियआधारभूत विद्यालय, खर्क | श्री मिना ढकाल | प्रा.तृतीय | २००० | २४००० |
| ३ | श्री लोकप्रियमाध्यमिक विद्यालय, गम्था | श्री नरेश धामी | नि.मा. तृतीय | २००० | २४००० |
| ४ | श्री लोकप्रियमाध्यमिक विद्यालय, गम्था | श्री कर्ण प्रसाद संजेल | नि.मा. तृतीय | २००० | २४००० |
| ५ | श्री लोकप्रियमाध्यमिक विद्यालय, गम्था | श्री जीत बहादुर रोकाया | मा. द्वितीय | २००० | २४००० |
| ६ | श्री लोकप्रियमाध्यमिक विद्यालय, गम्था | श्री हरि प्रसाद अवस्थी | मा. द्वितीय | २००० | २४००० |
| ७ | श्री लोकप्रियमाध्यमिक विद्यालय, गम्था | श्री लिलाराम पौडेल | मा. द्वितीय | २००० | २४००० |
| ८ | श्री लोकप्रियमाध्यमिक विद्यालय, गम्था | श्री वसन्ता पण्डित | मा. द्वितीय | २००० | २४००० |
| ९ | श्री लोकप्रियमाध्यमिक विद्यालय, गम्था | श्री शिवदत्त पन्त | मा. तृतीय | २००० | २४००० |
| १० | श्री भैरव आधारभूतविद्यालय, गाँडेखोला | श्री दिपेन्द्र मल्ल | प्रा.तृतीय | २००० | २४००० |
| ११ | श्री उच्च लेकालीआधारभूत विद्यालय, चाकपाँडे | श्री अमृता पौडेल | प्रा. तृतीय | २००० | २४००० |
| १२ | श्री शिव आधारभूतविद्यालय, डाँडाकोट, नखर्जी | श्री रमेश रोकाया | प्रा. तृतीय | २००० | २४००० |
| १३ | श्री सुमामाई आधारभूतविद्यालय, डाडियाँ | श्री मन बहादुर रावत | प्रा. तृतीय | २००० | २४००० |
| १४ | श्री पञ्चोदयमाध्यमिक विद्यालय, नखर्जी | श्री जोगेन्द्र सुनार | नि. मा. तृतीय | २००० | २४००० |
| १५ | श्री पञ्चोदयमाध्यमिक विद्यालय, नखर्जी | श्री केशवराज पन्त | मा. द्वितीय | २००० | २४००० |
| १६ | श्री पञ्चोदयमाध्यमिक विद्यालय, नखर्जी | श्री श्याम प्रसाद बडु | मा. द्वितीय | २००० | २४००० |
| १७ | श्री पञ्चोदयमाध्यमिक विद्यालय, नखर्जी | श्री रुप बहादुर सोडारी | मा. द्वितीय | २००० | २४००० |
| १८ | श्री पञ्चोदयमाध्यमिक विद्यालय, नखर्जी | श्री चाँदनी रोकाया | मा. द्वितीय | २००० | २४००० |
| १९ | श्री पञ्चोदयमाध्यमिक विद्यालय, नखर्जी | श्री रतन बहादुर भण्डारी | मा. तृतीय | २००० | २४००० |
| २० | श्री लालिगुराँसआधारभूत विद्यालय, नाउला डुमाना | श्री चन्द्र बहादुर रोकाया | प्रा. तृतीय | २००० | २४००० |
| २१ | श्री कालिका माध्यमिकविद्यालय, बुगा | श्री सृजना कार्की | स. प्रशिक्षक | २००० | २४००० |
| २२ | श्री कालिका माध्यमिकविद्यालय, बुगा | श्री जस बहादुर कार्की | स. प्रशिक्षक | २००० | २४००० |
| २३ | श्री कालिका माध्यमिकविद्यालय, बुगा | श्री ऋषिराज जोशी | मा.द्वितीय | २००० | २४००० |
| २४ | श्री कालिका माध्यमिकविद्यालय, बुगा | श्री पृथ्वी बहादुर शाही | मा.द्वितीय | २००० | २४००० |
| २५ | श्री कालिका माध्यमिकविद्यालय, बुगा | श्री जनकराज अवस्थी | मा.द्वितीय | २००० | २४००० |
| २६ | श्री कालिका माध्यमिकविद्यालय, बुगा | श्री भुमिराज शाही | मा.द्वितीय | २००० | २४००० |
| २७ | श्री कालिका माध्यमिकविद्यालय, बुगा | श्री राकेश कुमार सिंह | मा.द्वितीय | २००० | २४००० |
| २८ | श्री कालिका माध्यमिकविद्यालय, बुगा | श्री लवराज पन्त | मा.द्वितीय | २००० | २४००० |
| २९ | श्री कालिका माध्यमिकविद्यालय, बुगा | श्री सुशिल घोडासैनी | मा.द्वितीय | २००० | २४००० |
| ३० | श्री कालिका माध्यमिकविद्यालय, बुगा | श्री गुरु प्रसाद उपाध्याय | मा.द्वितीय | २००० | २४००० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | श्री कालिका माध्यमिकविद्यालय, बुगा | श्री विश्व कुमार चन्द | मा.द्वितीय | २००० | २४००० |
| ३२ | श्री कालिका माध्यमिकविद्यालय, बुगा | श्री गजेन्द्र प्र. उपाध्याय | मा.तृतीय | २००० | २४००० |
| ३३ | श्री कालिका माध्यमिकविद्यालय, बुगा | श्री गोरख कुमार शाही | मा.तृतीय | २००० | २४००० |
| ३४ | श्री महादेव मष्टामाध्यमिक विद्यालय, रातापानी, लुई | श्री नन्द बहादुर रावत | मा. द्वितीय | २००० | २४००० |
| ३५ | श्री महादेव मष्टामाध्यमिक विद्यालय, रातापानी, लुई | श्री चिन्तन कुमार शाही | मा. द्वितीय | २००० | २४००० |
| ३६ | श्री महादेव मष्टामाध्यमिक विद्यालय, रातापानी, लुई | श्री नन्द बहादुर शाही | मा. द्वितीय | २००० | २४००० |
| ३७ | श्री महादेव मष्टामाध्यमिक विद्यालय, रातापानी, लुई | श्री लक्ष्मी प्रसाद देबकोटा | मा. द्वितीय | २००० | २४००० |
| ३८ | श्री सरस्वती माध्यमिकविद्यालय, रिखियाँ | श्री लोकेन्द्र बहादुर शाही | नि. मा. तृतीय | २००० | २४००० |
| ३९ | श्री सरस्वती माध्यमिकविद्यालय, रिखियाँ | श्री रिमा शाही | प्रा. तृतीय | २००० | २४००० |
| ४० | श्री रारा आधारभूतविद्यालय, रोल | श्री रुप बहादुर रोकाया | प्रा.तृतीय | २००० | २४००० |
| ४१ | श्री सर्वोदय माध्यमिकविद्यालय, सुकाढिक | श्री धन बहादुर शाही | नि. मा. तृतीय | २००० | २४००० |
| ४२ | श्री सर्वोदय माध्यमिकविद्यालय, सुकाढिक | श्री मन बहादुर लुवार | नि. मा. तृतीय | २००० | २४००० |
| ४३ | श्री सर्वोदय माध्यमिकविद्यालय, सुकाढिक | श्री लोकेन्द्र बहादुर कार्की | मा. तृतीय | २००० | २४००० |
| ४४ | श्री सर्वोदय माध्यमिकविद्यालय, सुकाढिक | श्री शिवराज पाण्डे | मा. द्वितीय | २००० | २४००० |
| ४५ | श्री सर्वोदय माध्यमिकविद्यालय, सुकाढिक | श्री प्रजापति विष्ट | मा. द्वितीय | २००० | २४००० |
| ४६ | श्री सर्वोदय माध्यमिकविद्यालय, सुकाढिक | श्री लंक बहादुर शाही | मा. द्वितीय | २००० | २४००० |
| ४७ | श्री सर्वोदय माध्यमिकविद्यालय, सुकाढिक | श्री दल बहादुर बोहरा | मा. द्वितीय | २००० | २४००० |
| ४८ | श्री नवज्योति आधारभूतविद्यालय, सेरी | श्री प्रेम बहादुर रोकाया | प्रा. तृतीय | २००० | २४००० |
| ४९ | श्री महादेव माध्यमिकविद्यालय, ह्याङ्ग्लु | श्री जनक कुमार महतारा | मा. तृतीय | २००० | २४००० |
| | | | | जम्मा | ११७६००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,७६,००० |

१०० **शिक्षक दरबन्दी तथा पदपूर्ति स्थिति**

पालिकाबाट प्राप्त आर्थिक वर्ष २०८१।०८२ मा पालिकाभित्र रहेका ४३ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्ति अनुसार पालिकामा रहेका अनुसूचीमा संलग्न भए अनुसार ४३ विद्यालयमा १८२ शिक्षकको दरबन्दी रहेकोमा १२६ स्थायी पदपूर्ति र ५६ जना राहत/करारमा नियुक्त गरी दरबन्दी अनुसारकै पदपूर्ति भएको देखिन्छ। पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा १०० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१०१ **विद्यालय र विद्यार्थी संख्या**

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को विद्यालय र विद्यार्थी संख्या देहाय बमोजिम रहेको छः-

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ४१ | ५८२२ |
| २ | संस्थागत विद्यालय | २ | २६१ |
| | जम्मा | ४३ | ६०८३ |

## १०२ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ को नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२मा पालिकास्थित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात अनुसूचीमा संलग्न भए अनुसारको रहेको छ । उक्त पालिकाबाट प्राप्त विवरण अनुसार पालिकास्थित विद्यालयहरुको शिक्षक विद्यार्थीको औसत अनुपात ३३:२७ रहेको देखिन्छ । जुन अनुपात तोकिएको औसतभन्दा न्यून हो ।

**(विस्तृत विवरण बेरूजु दफा १०२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १०३ एस.ई.ई. परीक्षा नतिजा स्थिति

पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८१ सालको एस.ई.ई. परीक्षामा जम्मा २८५ विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ।

| क्र.सं. | प्राप्त जी.पी.ए. | जम्मा परीक्षार्थी | उत्तीर्ण विद्यार्थी संख्या | | उत्तीर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | ० | ० | ० | ० | ५४ |
| २ | ३.२१ - ३.६० | ६ | ० | ६ | | |
| ३ | २.२५ - ३.२० | १४९ | ० | १४९ | | |
| ४ | २.२५ भन्दा कम | १३० | ० | ० | | |
| | जम्मा | २८५ | ० | १५५ | ० | ५४ |

उपरोक्त तालिका अनुसार एस.ई.ई. मा उत्तीर्ण प्रतिशत ५४ प्रतिशत मात्र रहेको देखिएकोले शैक्षिक गुणस्तरमा थप सुधार गरी नतिजा प्रभावकारी बनाउनु पर्दछ।

## १०४ दिवा खाजा कार्यक्रम

वित्तीय हस्तान्तरण मार्फत सशर्त अनुदानमा प्राप्त रकम खर्च गर्दा तोकिएको आधार र स्वीकृत नर्म्सको आधारमा गर्नुपर्दछ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आर्थिक वर्ष २०८१।८२ को शिक्षातर्फको सर्शत कार्यक्रम कार्यान्वयन पुस्तिकामा पालिकाले दिवा खाजा बापतको अनुदान निकासा गर्दा विद्यालय सञ्चालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिने व्यवस्था मिलाउने, स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात् मात्र थप अनुदान दिने व्यवस्था मिलाउने तथा यसरी तेस्रो त्रैमासिकमा निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरेरमात्र निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निकासा गरेको विद्यालयको दिवा खाजा सम्बन्धी बिल भरपाई नमुना छनोट गरी परीक्षण गर्दा अधिकांश खाजा खुवाएको तेरिजको आधारमा तथा भरपाई आधारमा खाद्यान्न सामग्री खरिदको रकम भरपाई संलग्न राखेको पाइयो ।अत: खाद्यान खरिद गर्दा सम्भव भएसम्म सार्वजनिक खरिद ऐन नियमको पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१०५ **हरित विद्यालय कार्यक्रम**

पालिकाले भौ.नं.२१३।०८२।३।२ बाट नेपाल राष्ट्रिय माध्यमिक विद्यालय जिउकालाई हरित विद्यालय कार्यक्रम संचालन बापत रु.२,६०,७४१। निकासा दिएको पाइयो । पालिका र विद्यालयबिच भएको सम्झौता अनुसार कुल लागत रु.४,२८,०००। रहेकोमा पालिकाले रु.२,९९,६००। र विद्यालयले रु.१,२८,४००। लागत साझेदारी गर्ने र उक्त कार्य २०८१।९।५ सम्म सम्पन्न गर्नु पर्ने देखिन्छ । तर पालिकाले प्राप्त विभिन्न सामग्री खरिद बिल भरपाई रु.३,८९,०२२। को आधारमा विद्यालयलाई रकम भुक्तानी गरेकोमा कार्यसम्पन्न प्रतिवेदन (मूल्यांकन फाराम) तयार नभएको जसले गर्दा लागत साझेदारी रकम यकिन भिडान गर्न सकिएन । अत: क्रियाकलापगत लागत साझेदारी रकम स्पष्ट हुने गरी कार्यसम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन तयार हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६०,७४१ |

१०६ **नि:शुल्क वितरणको लागि**

नमुना छनौटको आधारमा १० वटा औषधी परीक्षण गर्दा देहायका ७ वटामा मूल्य अंकित भएको पाइयो ।

| सि नं | औषधी | दर | परिमाण |
|---|---|---|---|
| १ | Amoxycillin500 mg | ८० | ७३०० |
| २ | Ibuprofen 400mg + paracetamol 325mg tab | ५०० | ११०० |
| ३ | Cefixme 400mg | ५०० | ५००० |
| ४ | Azithromycin 500mg | ११.५० | ५१०० |

अत: नि:शुल्क वितरण गरिने औषधी दुरुपयोग हुन नदिन “नि:शुल्क वितरणको लागि” भन्ने लोगो लगाउनु पर्दछ ।

१०७ **बिल भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न गर्नु पर्ने उल्लेख छ । निम्नानुसारका भौचरबाट ११ वटा स्वास्थ्य केन्द्र/सेवा केन्द्रलाई विभिन कार्यको लागि रकम निकासा गरेकोमा विल भरपाई पेश हुन नआएकोले खर्च पुष्टि गर्ने बिल भरपाई पेश हुनु पर्ने रु

| भौ नं।मिति | विवरण | रकम |
|---|---|---|
| २२०।०८२।३।८ | वडा खोप समन्वय समिति बैठक, घरधुरी सर्वेक्षण, वडा प्रमाणीकरण व्यवस्थापन, वडा अनुगमन तथा भेरिफिकेशन | २५४९४७। |
| २२१।०८२।३।८ | वडा खोप समिति बैठक | १९५१९०। |
| | | ४५०१३७। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५०,१३७ |

१०८ **औषधी खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा...महिना १८ बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । पालिकाले यस वर्ष सिलबन्दी कोटशन मार्फत रारा मेडिसिन एण्ड सर्जिकल डिष्ट्रिब्युटर प्रा.लि.बाट १४४ थरी औषधी तथा सर्जिकल सामान खरिद गरी भौ नं२७४।०८२।३।१९ बाट रु१०३६०००। भुक्तानी गरेकोमा संलग्न बिल तथा जिन्सी दाखिला प्रतिवेदन अनुसार रु.१०,२९,६९५। को मात्र सामान आपूर्ति भएको पाइयो । अत: आपूर्ति भए भन्दा बढी भुक्तानी भएको रु.६,३०५। असुल हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३०५ |

१०९ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालयमा खरिद गरी प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई तथा जिन्सी कितावमा ७ दिनभित्र आम्दानी बाँकी लगत अद्यावधिक गर्नु पर्ने उल्लेख छ । पालिकाले भौ नं२८२।०८२।३।१९ बाट देहाय अनुसारका कार्य स्थल सुरक्षा सामग्री खरिद बापत मनोज मल्टिपर्प्रोज प्रा लि लाई रु२१८८८१। खर्च लेखेको पाइयो । खरिद सामग्रीको जिन्सी दाखिला भएको नदेखिएकोले जिन्सी दाखिला प्रमाण पेश हुनु पर्ने रु

| सि नं | सामग्री | परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | Safety helmet white | १० | ६६० | ६६०० |
| २ | Safety helmet Yellow | ५० | ६६० | ३३००० |
| ३ | Safety Jacket high | ५० | ९०० | ४५००० |
| ४ | Gome boot | ५० | ८०० | ४०००० |
| ५ | Safety shoes cat | ११ | ५६०० | ६१६०० |
| ६ | Gloves | ५० | १५० | ७५०० |
| | जम्मा | | | १९३७०० |
| | मूल्य अभिबृद्धि कर | | | २५१८१ |
| | कूल जम्मा | | | २१८८८१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१८,८८१ |

११० **प्राविधिक ग्रेड**

पालिकाले यस वर्ष अधिकृत छैटौं श्री कमला बानियाँलाई गत विगतको छुट प्राविधिक ग्रेड उल्लेख गरी देहाय बमोजिम रु.६,०५,४७२। खर्च लेखेको पाइयो । उक्त रकम भुक्तानी गर्दा पालिकाले प्राविधिक ग्रेड पाउने नपाउने, पाउने भएमा भुक्तानी भएको अवधि तथा भुक्तानी हुन बाँकी अवधि तथा तह अनुसार ग्रेड रकम यकिन नगरी प्राविधिक ग्रेड छुट भनी खर्च लेखेको पाइएकोले प्राविधिक ग्रेड पाउने आधार प्रमाण तथा प्राविधिक ग्रेड भुक्तानी बाँकी अवधिको ग्रेड रकम यकिन हुनु पर्ने रु.

| भौ नं।मिति | विवरण | रकम |
|---|---|---|
| २९।०८१।७।२१ | २०७३।४।१ देखि २०८१।३।३० सम्म ९६ महिनाको प्रति ग्रेड रु१००७। का दरले २ ग्रेड बापत | १९३३४४। |
| ३०।०८१।८।२ | २१६ महिनाको प्रति ग्रेड रु९५४। का दरले २ ग्रेड बापत | ४१२१२८। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,०५,४७२ |

१११ **शिक्षक महासंघ काज**

शिक्षा नियमावली, २०४९ को नियम १११ मा विद्यालय वा अध्यापनका सम्बन्धी कामका लागि शिक्षा विकास समन्वयको आदेश अनुसार कुनै सभा, सम्मेलन वा सेमिनारमा खटिने शिक्षकले सोही आदेशमा तोकिए बमोजिम अवधिको लागि काज पाउने व्यवस्था छ । यस वर्ष २०८१ चैत्र देखि वैशाखसम्म भएको शिक्षक आन्दोलन कार्यक्रममा पालिका भित्रका विद्यालय शिक्षकहरु सहभागी भएकोमा मिति २०८२।३।११ को गाँउ शिक्षा समितिको निर्णयानुसार आ व २०८२।८३ को २९ दिन सार्वजनिक विदाको दिन शिक्षणार्थ प्रयोग गर्ने निर्णय गरेको पाइयो । सो निर्णयानुसार २९ दिन सार्वजनिक विदाको दिनमा पठनपाठन भए, नभएको सम्बन्धमा अनुगमन गरी यकिन गर्नु पर्दछ ।

१११२ **तलबी प्रतिवेदन**

कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४४(३) मा जिल्ला स्थित कार्यालयले सम्बन्धित प्रदेश लेखा एकाइ कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष स्वास्थ्य तर्फ २८ कर्मचारीलाई तलब बापत यो वर्ष रु.२१८४०७४१। खर्च लेखेकोमा तलबी प्रतिवेदन पास नगरी तलब भुक्तानी गरेको पाइयो । कानुनमा तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरी खर्च लेख्नुपर्दछ ।

११३ **आयुर्वेद तर्फ**

पालिकाले यस वर्ष भौ नं३२१।०८२।३।२४ बाट स्तनपायी आमाहरुको लागि दुग्धबर्धक औषधी वितरण कार्यक्रम तथा जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन बापत कविराज श्री गणेश चौधरीलाई रु.१,००,०००। भुक्तानी भएकोमा उक्त कार्यक्रम संचालन गर्दा खरिद भएका मालसामान सम्बन्धित लाभग्राहीले प्राप्त गरेको यकिन हुने प्रमाण कागजात पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

११४ **आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएको बेहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी नियमित गराई बेरुजु फस्यौंट गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखा परीक्षणकबाट २०८२।५।२० मा आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश भएको पाइयो । आन्तरिक लेखापरीक्षणबाट कायम देहाय अनुसारका बेहोरा असुल फछ्र्यौट हुन बाँकी रहेको छन्:

११४.१ मिति २०८१।८।१३ मा गो.भौ.८३(गाउँपालिका चालु) बाट बुटवल टाइम्सलाई जनहितमा जारी सूचना प्रकाशन गरे वापत रु.१५००० भुक्तानी गरेकोमा सक्कल बिल समावेश नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००० |

११४.२ सिअनमि श्री कमला बानियाँले संचालन गरेको नवशिशु कार्यक्रम अन्तर्गत ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम संचालन वापत रु.२८,५९६ मात्र भुक्तानी हुनु पर्नेमा रु.३१,५९६ हुँदा रु.३००० बढि भुक्तानी भएको असुल हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००० |

११४.३ सिअनमि श्री कमला बानियाँले संचालन गरेको पोषण कार्यक्रम अन्तर्गत विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रममा स्वास्थ्य मन्त्रालयको निर्देशिकाको मापदण्ड विपरीत ३२ कक्षा प्रशिक्षक भत्ता रु.५०० का दरले भुक्तानी हुनु पर्नेमा रु.१,००० का दरले भुक्तानी भएको पाइएकोले कर बाहेक बढि भुक्तानी भएको रु.१३,६०० असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,६०० |

११४.४ मिति २०८१।८।१३ मा गो.भौ.८३(गाउँपालिका चालु) बाट पालिकाको मोटरसाइकल मर्मत गरे वापत खेस्मालिका ए.टु.जेड वर्क सपलाई रु.४८४७ भुक्तानी गरेकोमा बिल समावेश नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८४७ |

११४.५ मिति २०८२।३।१ मा गो.भौ.६३(गाउँपालिका पुँजीगत) बाट पालिकाको बोलेरेमा ए.सी. जडान गरी एसन अटो मोबाईल्सलाई रु.१,२०,००० भुक्तानी गरेकोमा सक्कल विल, खरिद आदेश तथा PAMS मा जिन्सी दाखिला गरेको प्रमाण समावेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,००० |

११५ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी व्यवस्था छ। पालिका कार्यालयले यो वर्ष ४११६ जना लाभग्राहीलाई रु.९,८५,८९,२०१। सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिन्छ । सामाजिक सुरक्षा भत्ता खर्चका भौचर तथा अभिलेखहरु परीक्षण गर्दा देहायका लाभग्राहीहरुको मृत्यु पश्चात् पनि सामाजिक सुरक्षा भत्ता रकम निकासा भएको देखिएकोले उक्त रकम फिर्ता प्राप्त गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.

| सि नं | वडा नं | लाभग्राही | मृत्यु मिति | पाउने भत्ता दर | फिर्ता हुन बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | ९ | बाँचुकला सार्की | २०८१।५।२८ | १२००० | ४०००० |
| २ | २ | धनकृष्ण मल्ल | २०८२।२।२९ | १२००० | ४००० |
| ३ | १ | दल्या टमाटा | २०८२।३।१९ | १२००० | १३४० |
| ४ | २ | पाउसरा नाथ | २०८२।२।२८ | १२००० | ४२७६ |
| ५ | २ | कालीमता कामी | २०८२।२।२५ | १२००० | ४६७५ |
| ६ | २ | नन्दराम बुढा | २०८१।११।४ | १२००० | १५३३५ |
| | | | | जम्मा | ६९६२६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६९,६२६ |

### ११६ ट्रिपर तथा जेसीबी सञ्चालन-

खत्याड गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा १० तथा अनुसूची-९ को क्र.सं.९३ मा ट्रिपर भाडा इन्धन बाहेक बापत प्रति दिन रु.७००० र क्र.सं. ९४ मा जेसीबी भाडा इन्धन बाहेक बापत प्रति दिन रु.१४००० लाग्ने उल्लेख छ । पालिकाले यो वर्ष ६४ दिनको ट्रिपर भाडा बापत रु.४,४८,००० र १०० दिनको जेसीबी भाडा बापत् रु.१४ लाख असुल गर्ने गरी बय प्रक्षेपण गरेको छ । पालिकाले उक्त भाडा बापत प्राप्त रकम अन्य राजस्वमा दाखिला गर्ने गरेको जनाएकोमा यो वर्ष अन्य राजस्वमा कुल रु.३,०६,६३० मात्र प्राप्त भएको देखिन्छ । साथै मेसिन सञ्चालन तथा भाडा आम्दानी अभिलेख समेत नराखेकोले जेसीबी र ट्रिपर भाडा बापतको आम्दानी रकम यकिन हुन सकेन । साथै जेसीवी तथा ट्रिपर भाडामा दिँदा भाडा सम्झौता गर्ने, आदेश दिने कर्मचारी नतोकेको, पालिकाबाट भाडामा गएको दिन, पालिकामा फर्केको दिन, मर्मत गर्नुपर्ने अवस्थामा सञ्चालन हुन नसकेको अवधि लगायतको विवरण राखेको छैन । पालिकाले जेसीबी तथा ट्रिपर भाडामा दिएको विवरण अद्यावधिक गरी असुल तथा दाखिला भएको र असुल तथा दाखिला हुन बाँकी आय रकम यकिन गर्नुपर्दछ ।

### ११७ एफ.एम. रेडियो सञ्चालन

खत्याड गाउँपालिका आर्थिक ऐन, २०८१ को दफा १० मा तथा अनुसूची-९ मा सेवा शुल्क सम्बन्धी व्यवस्था रहेको छ । अनुसूची-९ को क्र.नं.८४ देखि ९१ सम्ममा क्रमशः प्रति हप्ता रु.५००, प्रति महिना रु.१५००, अर्ध वार्षिकको रु.२५०० र वार्षिकको रु.५००० का दरले रेडियो सूचना प्रसारण शुल्क र प्रति हप्ता रु.१०००, प्रति महिना रु.५०००, अर्ध वार्षिकको रु.१५००० र वार्षिकको रु.२५००० का दरले विज्ञापनको सेवा शुल्क लाग्ने व्यवस्था छ । पालिकाले रेडियो खेस्मालिका एफ.एम. सञ्चालन गरेकोमा उक्त एफ.एम.मा एक टेक्निसियनको मासिक रु.२२,००० र एक कार्यालय सहयोगीको रु.१८००० का दरले पारिश्रमिक तथा रेडियो सञ्चालनको अन्यमा यो वर्ष गो.भौ. २७, ३७, ७०, २३२, ४४८, ४५३, ५२२ र ५६२ सहितबाट रु.७,५८,७०० खर्च गरेको देखिन्छ । तर उक्त एफ.एम.बाट आर्थिक ऐनले तोके बमोजिम सूचना तथा विज्ञापन सेवा शुल्क बापत कुनै रकम प्राप्त नभएको तथा सोको विवरण समेत पालिकासँग रहेको देखिएन । जसबाट सूचना तथा विज्ञापन सेवा शुल्क असुली तथा दाखिला यकिन गर्न सकिएन । अतः पालिकाले आर्थिक ऐन अनुसार सूचना तथा विज्ञापन सेवा शुल्क असुली तथा दाखिला गरेको प्रमाण सहित उक्त खर्च नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ७,५८,७०० |

### ११८ सामुदायिक वनको आर्जन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपभोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा स्वीकृत योजनाअनुसार सङ्कलन भएको शुल्कको १० प्रतिशत रकम पालिकामा दाखिला गर्नुपर्ने उल्लेख छ । डिभिजन वन कार्यालय, मुगुबाट प्राप्त विवरण अनुसार यस पालिकाको क्षेत्र भित्र ३६ वटा सामुदायिक वन रहेकोमा कुनै पनि सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपभोग सम्बन्धी कार्ययोजना तयार गरी पालिकाबाट स्वीकृत गराएको देखिएन । साथै वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीबाट प्राप्त रकमको १० प्रतिशतले हुने रकम पालिकामा दाखिला गरेको समेत देखिएन । तसर्थ डिभिजन वन कार्यालयसँग समन्वय गरी ऐनमा उल्लेख भए अनुसार सामुदायिक वन उपभोक्ता समितिले कार्ययोजना पालिकाबाट स्वीकृत गराई तोकिए अनुसार प्राप्त रकम पालिका सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

११९ **सहकारी नवीकरण शुल्क**

खत्याड गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा १० तथा अनुसूची-९ को क्र.सं.७९ मा सहकारी संस्थाको नवीकरण शुल्क रु.३ हजार उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार १४ वटा सहकारी संस्था रहेकोमा उक्त संस्थाले पालिकामा नवीकरण गरेको प्रमाण पेश लेखापरीक्षणको क्रममा पेश हुन सकेन । आर्थिक ऐनले निर्धारण गरेको बमोजिम १४ सहकारी संस्थाबाट नवीकरण शुल्क बापत रु.४२,००० असुल हुन बाँकी रहेको देखिन्छ । अतः पालिकाले सहकारी अनुगमन गरी आर्थिक ऐनले तोके अनुसार हुने व्यवसाय कर असुल भई दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२,००० |

१२० **राजस्व स्रेस्ता**

कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २५(४) महालेखा परीक्षकबाट स्वीकृत लेखा ढाँचा र आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले बैँकमा जम्मा गरेको राजस्व भौचरको आधारमा मासिक र आर्थिक विवरण तयार गरेको पाइयो । पालिकाको राजस्व शाखाले स्वीकृत लेखा फारामहरू जस्तैः राजस्व आम्दानीको शीर्षकगत खाता (म.ले.प.फा.नं. १०४), राजस्व आम्दानीको दैनिक गोश्वारा खाता (म.ले.प.फा.नं १०५), राजस्व आम्दानी दैनिक नगद प्राप्त गोश्वारा खाता (म.ले.प.फा.नं १०६) लगायतका राजस्व आम्दानीको स्रेस्ता खडा गर्ने तथा हिसाब भिडान गर्ने गरेको देखिएन । साथै पालिकाले तयार गरेको आम्दानीको गोश्वारा भौचरमा राजस्व असुलीको शीर्षकगत आम्दानी र बैंक दाखिला सहितको दैनिक राजस्व आम्दानी लगायतका विवरण तयार तथा सोको प्रमाण कागजात सहित स्रेस्ता कागजात तयार गरेको देखिएन । अतः पालिकाले स्वीकृत लेखा फारामहरूको प्रयोग गरी राजस्व स्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

१२१ **नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोत**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने व्यवस्था छ । कर्णाली प्रदेश आर्थिक ऐन, २०८१ को दफा ११ मा ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु लगायत प्राकृतिक स्रोतको बिक्रीको लागि अनुसूची-७ को दरमा शुल्क लगाउने र उक्त शुल्क स्थानीय तहले असुल गरी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्ने र ६० प्रतिशत पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । उक्त अनुसूचीमा ढुङ्गा, गिट्टी, बालुवा लगायतको दर प्रति घनफिट रु.५ अर्थात् प्रति घनमिटर रु.२०० (मूल्य अभिवृद्धि कर) तोकिएको छ । जसबाट प्रदेश आर्थिक ऐनको दर तथा पालिकाले दर विश्लेषणमा प्रयोग गरेको दरलाई आधार लिँदा यो वर्ष कुल पुँजीगत खर्च रु.१५,००,०४,००० मध्ये ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु लगायत प्राकृतिक स्रोतको रोयल्टी बापत औसत १० प्रतिशतका दरले मात्र पनि रु.१,५०,००,४०० आय सङ्कलन हुने देखिन्छ । साथै अन्य संघ तथा प्रदेश सरकारका कार्यालयहरूबाट कार्यान्वयन भएका योजनामा प्रयोग हुने निर्माण सामग्रीसमेतको हिसाबमा उक्त रकम अझ वृद्धि हुने देखिन्छ । तर पालिकाले अन्य क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट सङ्कलन गर्न सकिने स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण गराई आय सङ्कलन गर्ने गरेको देखिएन । पालिकाले योजनाको लागत अनुमान तयार गर्दा ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको जिल्ला दरमा खरिद गर्ने गरी दर विश्लेषण गरेकोमा उपभोक्ता समितिले व्यक्तिबाट खरिद गरेको बिल, भरपाई पेस गरेको देखिन्छ । तथापि उक्त व्यक्तिबाट पालिकामा रोयल्टी बापतको रकम दाखिला गरेको देखिएन । जसबाट उक्त योजनाका उपभोक्ता समिति तथा

निर्माण व्यवसायीले ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु लगायत प्रकृतिक स्रोत निःशुल्क प्रयोग गरेको अवस्था छ । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुमा प्रदेश कानुन बमोजिम कर तथा रोयल्टी लगाई आम्दानी बढाउने तथा उपलब्ध सामग्रीको अव्यवस्थित उत्खनन्, सङ्कलन तथा उपयोग स्थितिलाई व्यवस्थित बनाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

१२२ **राजस्व अनुमान तथा सङ्कलन**-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र बहाल बिटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष रु.१ करोड २० लाख आन्तरिक आय प्राप्त हुने अनुमान रहेकोमा रु.४४,६९,९०४ मात्र सङ्कलन भएको देखियो । जुन आय अनुमानको तुलनामा ३७.२५ प्रतिशत रहेको देखिएकोले पालिकाको आयको अनुमान तथा सङ्कलन यथार्थ परक भएको देखिएन । आयका स्रोत समेतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाउने तथा आय सङ्कलनलाई बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१२३ **वित्तीय संस्थाको नवीकरण शुल्क**

खत्याड गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा १० तथा अनुसूची-९ को क्र.सं.९७ मा सहकारी संस्थाको नवीकरण शुल्क रु.१५ हजार उल्लेख छ । घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भई यो वर्ष पालिकामा हस्तान्तरण भएका वाणिज्य तर्फको २२१ संस्थाले आर्थिक ऐन बमोजिम रु.१५ हजारका दरले हुने रु.३३ लाख १५ हजार नवीकरण शुल्क तिरेको प्रमाण लेखापरीक्षणको क्रममा पेश भएन । अतः पालिकाले घरेलु तथा साना उद्योग कार्यालयबाट हस्तान्तरण भई आएका वाणिज्यतर्फका संस्थाहरूको नवीकरण अवधि यकिन गरी आर्थिक ऐन बमोजिमको नवीकरण शुल्क असुल गर्नुपर्दछ ।

१२४ **संकलित राजस्व दाखिला** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ को उपदफा (१) र (२) मा प्रचलित कानुन बमोजिम प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यस्तै दफा २८ मा १० दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिबाना गरी सो समेत दाखिला गराउने र सोभन्दा बढी ढिला गरेको भए १० प्रतिशतका दरले जरिबाना गरी दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्न अनुसार छन्:

१२४.१ **अन्य दस्तुर**- खत्याड गाउँपालिकाको आर्थिक ऐन, २०८१ को अनुसूची-९ को क्र.सं.३७ मा अन्य सेवाको प्रमाणीकरण दस्तुर रु.१०० लाग्ने उल्लेख छ । पालिकाबाट प्राप्त सेवा प्रवाहको विवरण अनुसार यो वर्ष देहायका वडाका वडा अध्यक्ष तथा सचिवले निम्न अनुसारको संख्यामा अन्य सेवा प्रवाह गरेकोमा सो बापत न्यूनतम रु.१०० का दरले हुने देहाय अनुसार रकम असुल हुनुपर्नेमा निम्न रकम मात्र असुल गरेको पाइयो । जसअनुसार वडा अध्यक्ष तथा सचिवले आर्थिक ऐन अनुसारको सेवा शुल्क असुल तथा बैंक दाखिला गरेको देखिएन । पालिकाले अनुगमन गरी अन्य सेवा शुल्क परिमाण यकिन देहाय अनुसारको रकममा जरिबाना समेत हिसाब गरी असुल हुनुपर्ने रु.

| वडा नं. | प्राप्त विवरण अनुसार अन्य सेवा संख्या | स्वीकृत दर अनुसारले हुने रकम | संकलन तथा दाखिला रु. | घटी रकम |
|---|---|---|---|---|
| १ | ३४६ | ३४६०० | २५००० | ९६०० |
| ३ | ३७६ | ३७६०० | ३९५० | ३३६५० |
| ४ | ३५९ | ३५९०० | ११५० | ३४७५० |
| ५ | ५० | ५००० | २१०० | २९०० |
| ६ | ३५९ | ३५९०० | १२१२० | २३७८० |
| ७ | १४४ | १४४०० | ० | १४४०० |
| ८ | १२७ | १२७०० | ० | १२७०० |
| ९ | ४५६ | ४५६०० | १२५० | ४४३५० |
| १० | २७० | २७००० | १०० | २६९०० |
| ११ | ४७५ | ४७५०० | १५५० | ४५९५० |
| | २९६२ | २९६२०० | ४७२२० | २४८९८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४८,९८० |

१२४.२ **नाता प्रमाणित दस्तुर-** खत्याड गाउँपालिकाको आर्थिक ऐन, २०८१ को अनुसूची-९ को क्र.सं.२७ मा नाता प्रमाणित दस्तुर रु.१०० लाग्ने उल्लेख छ । पालिकाबाट प्राप्त सेवा प्रवाहको विवरण अनुसार यो वर्ष देहायका वडाका वडा अध्यक्ष तथा सचिवले निम्न अनुसारको संख्यामा नाता प्रमाणित गरेकोमा सो बापत न्यूनतम रु.१०० का दरले हुने देहाय अनुसार रकम असुल हुनुपर्नेमा निम्न रकम मात्र असुल गरेको पाइयो । जसअनुसार वडा अध्यक्ष तथा सचिवले आर्थिक ऐन अनुसारको नाता प्रमाणित दस्तुर असुल तथा बैंक दाखिला गरेको देखिएन । पालिकाले अनुगमन गरी नाता प्रमाणित परिमाण यकिन देहाय अनुसारको रकममा जरिबाना समेत हिसाब गरी असुल हुनुपर्ने रु.

| वडानं. | प्राप्त विवरण अनुसार नाता प्रमाणित संख्या | स्वीकृत दर अनुसारले हुने रकम | संकलनतथा दाखिला रु. | घटीरकम |
|---|---|---|---|---|
| १ | ३१ | ३१०० | २७०० | ४०० |
| ३ | २५ | २५०० | २१०० | ४०० |
| ६ | २४ | २४०० | ८०० | १६०० |
| ८ | ११ | ११०० | ३०० | ८०० |
| ९ | २५ | २५०० | ९०० | १६०० |
| १० | १७ | १७०० | १२०० | ५०० |
| ११ | २५ | २५०० | ६०० | १९०० |
| | | १५८०० | ८६०० | ७२०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२०० |

१२५ **नक्सा पास**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ देखि दफा ३९ मा स्थानीय तहभित्र नक्सा पास नगरी घर टहरा बनाउने नपाइने व्यवस्था छ । खत्याड गाउँपालिका आर्थिक ऐन, २०८१ मा पालिका भित्र घर टहरा निर्माण गर्दा नक्सा पास गर्दा लाग्ने शुल्क निर्धारण भएको देखिएन । राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित २०७८ को तथ्याङ्क अनुसार पालिकामा ३५२५ घरधुरी रहेकोमा उक्त कुनै पनि घर तथा पालिका, वडा तथा विद्यालय भवनको घर नक्सा पास गर्ने कार्य यो वर्ष सम्म भएको देखिएन । ऐनमा तोकिए बमोजिम घर नक्सा पास गर्ने तथा आर्थिक ऐनबाट शुल्क निर्धारण गरी आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१२६ **आम्दानी रसिद वितरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ को उपदफा (१) र (२) मा प्रचलित कानुन बमोजिम प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैँक दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिका केन्द्रमा सुत्रको राजस्व मोड्युलबाट नगदी रसिद जारी तथा बैँक दाखिला भौचरको आधारमा आय लेखाङ्कन गर्ने गरेको वडा कार्यालयबाट प्रणाली बाहिरका नगदी रसिद प्रयोग गरी नगद आम्दानी गर्ने गरेको पाइयो । वडा कार्यालयबाट जारी भएका छपाइ गरिएका नगदी रसिद सुत्र प्रणालीमा वडागत प्रविष्टि गर्ने गरे तापनि वडाका पदाधिकारी तथा सचिवले नगदी तथा मालपोत रसिद अनुसार नगद आम्दानी बैँक दाखिला गरे/नगरेको विवरण सहित प्रयोग भएका, प्रयोग हुन बाँकी र रद्ध भएका रसिद पालिकामा फिर्ता गरेको विवरण पालिकामा रहेको देखिएन । जसबाट वडा कार्यालयबाट नगदी तथा मालपोत रसिदको प्रयोगबाट भएको नगद आम्दानी तथा बैँक दाखिला रकम यकिन गर्न सकिएन । अतः पालिकाले अनुगमन गरी नगदी तथा मालपोत रसिदहरूको प्रयोगको अवस्था, आम्दानी रकम र बैँक दाखिला रकम यकिन गरी पालिकाको राजस्व रकम जरिबाना सहित असुल गर्नुपर्दछ ।

१२७ **आयको हिसाब भिडान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ को उपनियम १० देखि १४ सम्म राजस्व संकलन तथा संकलनमा तोकिएका विवरण संशोधन गर्न सक्ने व्यवस्था गरेको छ । सोही अनुसार महालेखा नियन्त्रक कार्यलयले विकास गरेको स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली(सूत्र)मा पालिकाको सबै प्रकारका आन्तरिक आम्दानी लेखांकन गर्ने सकिने तथा आन्तरिक आम्दानी खाता र विभाज्य कोष खातामा दाखिला हुने रकमको हिसाब समायोजन गर्न सकिने व्यवस्था छ । पालिकाको सुत्र प्रणालीको राजस्व सङ्कलनको विवरण अनुसार यो वर्ष सोझै बैँक दाखिला भएको रु.३,९२,५२८ र नगद संकलन भएको रु.३३,९९,०८७।५६ तथा बैँक भौचरबाट आय रु.७,९३,६८९।४६ गरी कुल रु.४५,८५,३०५।०२ आय संकलन भएको देखिन्छ । पालिकाले पेश गरेको प्रमाणित एकीकृत वित्तीय विवरणमा यो वर्षको आन्तरिक आय रु.४४,५६,९०४।१७ मा देखाएको छ । सोही अनुसार पालिकाको सुत्र अनुसार र बैक मौज्दात रकम आर्थिक वर्षको अन्तमा रु.५,११,२३०।८५ मौज्दात रहेको विवरण प्रमाणित गरेको छ । तर सुत्रबाट तयार राजस्व संकलनको विवरण भन्दा एकीकृत वित्तीय विवरणमा रु. रु.१,२८,४००।८५ घटी सारेको सम्बन्धका कुनै खुलासा गरेको देखिएन । पालिकाले सुत्रको विवरण भन्दा घटी देखिएको रु.१,२८,४००।८५ बैंक दाखिला गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम सम्बन्धित कर्मचारीबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२८,४०१ |

१२८ **व्यवसाय कर**

खत्याड गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ५ मा खत्याड गाउँपालिका क्षेत्रभित्र दर्ता व इजाजत प्राप्त गरी उद्योग, व्यापार, व्यवसाय सेवा र यस्तै प्रकृतिका जुनसुकै कारोबार गर्ने व्यक्ती वा निकायलाई व्यवसायको प्रकृति वित्तीय तथा आर्थिक कारोबार स्थान विशेष र लगानीका आधारमा अनुसूची-४ बमोजिमको व्यवसाय कर लागाइ असुल उपर गरिने उल्लेख छ । उक्त ऐनको अनुसूची-४ मा वार्षिक पुँजीको आधारमा रु.५०० देखि रु.१०,००० सम्म व्यवसाय दर्ता शुल्क र अनुमानित आय पुँजीको आधारमा रु.३,००० देखि रु.१,००,००० सम्म विभिन्न ४० प्रकारका व्यवसाय कर लाग्ने उल्लेख छ । साथै आर्थिक ऐनको दफा १७ मा यस ऐनले तोकेको दरमा कुनैपनि किसिमको कर छुट नहुने उल्लेख छ । यस सम्बन्धमा देखिएका बेहोराहरू निम्न अनुसार छन्:

१२८.१ सहकारी संस्थामा लाग्ने व्यवसाय कर- खत्याड गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ५ तथा अनुसूची-४ मा पालिका क्षेत्रभित्र रहेका वित्तीय व्यवसाय गर्ने सहकारीले अनुमानित आय पुँजीको रु.१ लाख सम्म भएका संस्थाले रु.३० हजार, अनुमानित आय पुँजी

रु.१ देखि ५ लाखसम्म भएका संस्थाले रु.६० हजार र अनुमानित आय पुँजी रु.५ लाख भन्दा बढि भएका संस्थाले रु.१ लाख २० हजार व्यवसाय कर तिर्नुपर्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार १४ वटा सहकारी संस्था रहेकोमा उक्त संस्थाले पालिकामा व्यवसाय कर तिरेको प्रमाण पेश लेखापरीक्षणको क्रममा पेश हुन सकेन । आर्थिक ऐनले निर्धारण गरेको न्युनतम दर रु.३० हजारलाई आधार मान्दा १४ सहकारी संस्थाबाट रु.४,२०,००० व्यवसाय कर असुल हुन बाँकी रहेको देखिन्छ । अतः पालिकाले सहकारी अनुगमन गरी आर्थिक ऐनले तोके अनुसार हुने व्यवसाय कर असुल भई दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२०,००० |

१२८.२ पालिकाको व्यवसाय दर्ता रजिष्टर अनुसार पालिकामा २०८१।८२ सम्म खानेपानी उपभोक्ता समिति ७ बाहेक देहाय अनुसार ८० वटा व्यवसाय दर्ता भएको पाइयो । पालिकाले व्यवसाय नवीकरण गर्ने गरेकोमा पालिकाको व्यवसाय दर्ता रजिष्टरमा नवीकरण मिति तथा अवधि उल्लेख गर्ने गरेको देखिएन । पालिका इजाजत पत्रमा मात्र नवीकरण अवधि उल्लेख गर्ने गरी जानकारी लेखापरीक्षणको क्रममा प्राप्त भएको छ । जसअनुसार कुन व्यवसाय नवीकरण हुन बाँकी रहेको तथा नवीकरण भई सञ्चालनमा रहेको यकिन गर्न सकिएन । साथै दर्ता रजिष्टरमा उल्लेख नभएको अवस्थामा व्यवसायीको इजाजत पत्रमा नवीकरण अवधि उल्लेख भए अनुसार राजस्व प्राप्ति तथा दाखिला सम्बन्धमा भिडान गर्न सकिएन । अतः पालिकाले बजार अनुगमन गरी आर्थिक ऐनले तोके अनुसार हुने व्यवसाय कर असुल भई दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | व्यवसायको प्रकार | संख्या | अनुमानित आय पुँजीको आधारमा व्यवसाय करको दर रु. | | | औसत दर रु. | प्राप्त हुनुपर्ने रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | रु. १ लाख सम्म | रु.१ देखि ५ लाख सम्म | रु.५ लाख भन्दा बढी | | |
| १ | होटल व्यवसाय | २७ | ५००० | - | १०००० | ७५०० | २०२५०० |
| २ | सुनचाँदी पसल | १ | ५००० | ७५०० | १०००० | ७५०० | ७५०० |
| ३ | फेन्सी तथा जनरल स्टोर | १४ | १०००० | १५००० | २०००० | १५००० | २१०००० |
| ४ | होलसेल तथा खुद्रा पसल | १८ | २०००० | ५०००० | १००००० | ५६६६७ | १०२०००० |
| ५ | सप्लार्यस | ६ | १५००० | २५००० | ५०००० | ३०००० | १८०००० |
| ६ | उद्योग | १ | ६००० | - | - | ६००० | ६००० |
| ७ | ग्यारेज | ३ | ३००० | ३००० | ४००० | ३३३३ | १०००० |
| ८ | डिजिटल मिडिया | १ | ३००० | ३००० | १०००० | ५३३३ | ५३३३ |
| ९ | सिलाइ बुनाइ | ५ | ३००० | ३००० | ४५०० | ३५०० | १७५०० |
| १० | स्टेशनरी | २ | ३००० | ३००० | १०००० | ५३३३ | १०६६७ |
| ११ | पशुपालन फर्म | १ | २५०० | - | - | २५०० | २५०० |
| १२ | मोबाइल पसल | १ | ४००० | ४५०० | ५५०० | ४६६७ | ४६६७ |
| | जम्मा | ८० | | | | | १६७६६६७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,७६,६६७ |

१२८.३ **वित्तीय संस्थामा लाग्ने व्यवसाय कर** - खत्याड गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ५ तथा अनुसूची-४ मा पालिका क्षेत्रभित्र रहेका वित्तीय व्यवसाय आर्थिक कारोबार गर्ने वित्तीय कम्पनी कार्यालयले वार्षिक रु.२० हजारका दरले व्यवसाय कर तिर्नुपर्ने उल्लेख छ । घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भई यो वर्ष पालिकामा हस्तान्तरण भएका वाणिज्य तर्फको २२१ संस्थाले आर्थिक ऐन बमोजिम रु.२० हजारका दरले हुने रु.४४ लाख २० हजार व्यवसाय कर तिरेको प्रमाण लेखापरीक्षणको क्रममा पेश भएन । अतः

पालिकाले घरेलु तथा साना उद्योग कार्यालयबाट हस्तान्तरण भई आएका वाणिज्यतर्फका संस्थाहरूबाट आर्थिक ऐन बमोजिमको व्यवसाय कर असुल गरी पालिकाको आन्तरिक आय वृद्धि गर्नुपर्दछ ।

१२८.४ **उद्योगमा लाग्ने व्यवसाय कर-** खत्याड गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ५ तथा अनुसूची-४ मा पालिका क्षेत्रभित्र रहेका उत्पादन मूलक उद्योगले रु.६ हजार देखि रु.२० हजारसम्म, पर्यटन उद्योगले रु.५ हजार देखि रु.१० हजारसम्म र ऊर्जामूलक उद्योगले रु.१ लाखका दरले व्यवसाय कर तिर्नुपर्ने उल्लेख छ । घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भई यो वर्ष पालिकामा हस्तान्तरण भएका उद्योगतर्फको १७० संस्थाले आर्थिक ऐन बमोजिम न्यूनतम रु.५ हजारका दरले हुने रु.८ लाख ५० हजार व्यवसाय कर तिरेको प्रमाण लेखापरीक्षणको क्रममा पेश भएन । अतः पालिकाले घरेलु तथा साना उद्योग कार्यालयबाट हस्तान्तरण भई आएका उद्योगतर्फका संस्थाहरूबाट आर्थिक ऐन बमोजिमको व्यवसाय कर असुल गरी पालिकाको आन्तरिक आय वृद्धि गर्नुपर्दछ ।

१२८.५ **निर्माण सेवाको व्यवसाय कर-** खत्याड गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ५ तथा अनुसूची-४ मा निर्माण सेवाले वार्षिक रु.१ लाखका दरले व्यवसाय कर तिर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष १२५ वटा योजना कार्यान्वयनमा गरेकोमा १४ वटा कार्य निर्माण व्यवसायीबाट बोलपत्रको माध्यमबाट र १११ कार्य लाभग्राही समुदाय वा उपभोक्ता समितिबाट भएको देखिन्छ । साथै उपभोक्ता समितिले पेश गरेको बिल भरपाई अनुसार विभिन्न निर्माण सेवाले निर्माण सामग्री, मेसिन उपकरण उपलब्ध गराएको समेत देखिन्छ । तर पालिकामा दर्ता भई व्यवसाय गरिरहेका वा अन्य कार्यालयमा दर्ता भई पालिका व्यवसाय गरिरहेका उक्त निर्माण सेवाले रु.१ लाखका दरले हुने व्यवसाय कर तिरेको प्रमाण पालिकाबाट पेश भएन । अतः पालिकाले अनुगमन गरी पालिका भित्र व्यवसाय गरिरहेका निर्माण सेवाबाट आर्थिक ऐनले तोके बमोजिम व्यवसाय कर असुल गरी आय वृद्धि गर्नुपर्दछ ।

१२८.६ पालिकामा दर्ता भएका ८७ वटा र घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भई २०८१।८२ मा हस्तान्तरण भएका उद्योगतर्फका १७० र वाणिज्यतर्फ २२१ गरी कुल ४७५ व्यवसाय पालिकामा रहेको देखिन्छ । तर उक्त व्यवसाय मध्ये के कतिले नवीकरण गर्न बाँकी रहेको, नवीकरण शुल्क आर्थिक ऐनले निर्धारण गरे अनुसार तिरे नतिरेको सोको यकिन हुने अभिलेख पालिकामा रहेको देखिएन । साथै पालिकाले हालसम्म दर्ता तथा नवीकरण भएका व्यवसाय र नवीकरण नभई सञ्चालनमा रहेका व्यवसायहरूको अनुगमन गरी अभिलेख अद्यावधिक समेत गरेको देखिएन । पालिकाले विभिन्न प्रकारको व्यवसायको रु.१ लाख देखि रु.५ लाखसम्मको वार्षिक आय पुँजीको आधारमा हुने औसत दर रु.१०,००० लाई आधार मान्दा ४७५ करदाताबाट व्यवसाय कर बापत न्यूनतम रु.४७,५०,००० असुल हुनुपर्नेमा पालिकाले यो वर्ष रु.७,३१० मात्र असुल गरेको पाइयो । अतः पालिकाको आर्थिक ऐनमा कर छुटको व्यवस्था नभएको अवस्थामा नभएको अवस्था देखिन्छ । पालिकाले दर्ता भएका व्यवसायको अनुगमन गरी अभिलेख अद्यावधिक गरी व्यवसायहरूबाट व्यवसाय कर असुल गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ ।

१२९ **सहकारी संस्था नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ मा सहकारी संस्थाले प्रत्येक तोकिएको समयभित्र रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) मा सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण विभागले तोकेको सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्ने तथा नियम ७२ मा संघ, प्रदेश तथा स्थानीय तहबाट सहकारी संस्थाहरूको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । साथै सहकारी संस्थाहरूको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १४ वटा सहकारी संस्था रहेकोमा ८७८ जना शेयर सदस्य रहेको देखिन्छ । लेखापरीक्षणको क्रममा सहकारीमा रहेको सेयर रकम, बचत, ऋण लगायतको विवरण माग गरिएकोमा पालिकाले उक्त विवरण राखेको देखिएन । पालिका भित्रका कुनैपनि सहकारी यो वर्ष सम्म COPOMIS आवद्ध भएको तथा पालिकाबाट अनुगमन भएको देखिएन । तसर्थ पालिका क्षेत्रभित्र रहेका सहकारीहरूलाई COPOMIS आबद्ध गरी नियमित तथा प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : खत्याड गाउँपालिका, मुगु , खत्याद गाउँपालिका , मुगु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बासुदेव कार्की | २०८०-१०-१८ | २०८१-१०-१० |
| कार्यालय प्रमुख | श्री चेतन कुमार खत्री | २०८२-०१-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुदिन वुढा | २०७६-९-१५ | २०८२-०३-३२ |
| लेखा प्रमुख | प्रदिप घिमिरे | २०८१-११-२१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,८६७,१०६ | १९,०७०,८४७ | २२,७२८,९५५ | ० | १८२,०१८ | १,८३०,२१३ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४९,६७९,१३९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४९,६७९,१३९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४३३९३४१२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३७१०१८३८८ | चालु खर्च | ३५५०४७७६३ |
| प्रदेश सरकारबाट अनुदान | ५१५७८३६९ | पूँजीगत खर्च | १५०००४३९१ |
| राजश्व बाँडफाँट | ८८८५११९१० | वित्तीय/अन्य व्यवस्था | १०६८५३३०४ |
| आन्तरिक आय | ४४५६९०४.० | | |
| अन्य आय | ११०९१६१२७ | | |
| कुल आय | ६२६८२१६९८.० | कुल खर्च | ६११९०५४५८ |
| बाँकी मौज्दात | | ५८३०९६५२ | |

## अनुसूची - २

## बेरूजु दफा ३२.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| पेस्की अल्या मिति । गो.भौ. नं. | बापत | पेस्की लिने कर्मचारी/ फर्म/ संस्था | पेस्की बाँकी रु. |
|---|---|---|---|
| ५४-२०८१।४।१ | भ्रमण खर्च | वडा अध्यक्ष श्री उब्जन बहादुर शाही | ४०००० |
| ५४-२०८१।४।१ | खोप सब सेन्टर स्थपना | वडा अध्यक्ष श्री काली बहादुर रोकाया | ४८६००० |
| ५४-२०८१।४।१ | विविध खर्च | वडा अध्यक्ष श्री काली बहादुर रोकाया | २४०००० |
| ५४-२०८१।४।१ | पदाधिकारी अन्य सुविधा | वडा अध्यक्ष श्री मेर बहादुर बुढा | २७०००० |
| ५४-२०८१।४।१ | पीएच रातापनी ओटी खरिद तथा जडान | सहायक पाचौ श्री लोकेन्द्र शाही | ४४०००० |
| ५४-२०८१।४।१ | वडा अनुदान तथा विविध कर्यक्रम | सहायक पाचौ श्री लोकेन्द्र शाही | १६५००० |
| ५४-२०८१।४।१ | इन्धन कार्यालय प्रयोजन | अधिकृत छैटौँ श्री हरि बहादुर बुढा | १५०००० |
| ५४-२०८१।४।१ | औषधि खरिद तथा वितरण | अधिकृत छैटौँ श्री हरि बहादुर बुढा | ९०५२५८ |
| ५४-२०८१।४।१ | वडा कार्यालय व्यवस्थापन अनुदान | खरिदार श्री हरिलाल थापा | १०००००० |
| ५४-२०८१।४।१ | सडक गुरु योजना निर्माण | द्वारिका ईन्जिनिरिङ्ग एण्ड कन्ट्रक्सन प्रालि | ३७२००० |
| ५४-२०८१।४।१ | फलफूल प्रशोधन केन्द्र साझेदारी कार्यक्रम | फलफूल प्रशोधन केन्द्र साझेदारी जिउका | १३२०००० |
| ५४-२०८१।४।१ | बाउपानी सेरा माझघट्ट सडक डीपीआर निर्माण | सजोनित इन्जिनियरिङ्ग कन्सल्टनेसी प्रालि | ११९२००० |
| ५४-२०८१।४।१ | स्वास्थ्य एकाई रोल | चनौटे भाड स्वास्थ्य चौकी निर्माण उ.स. | ४६२००० |
| ५४-२०८१।४।१ | तर्मा पर्यटकीय क्षेत्र व्यवस्थापन | तर्मा पर्यटकीय क्षेत्र व्यवस्थापन समिति | १९८००० |
| ५४-२०८१।४।१ | महिला मिल रोल | महिला कुटानी पिसानी मिल रोल समिति | २८८००० |
| ५४-२०८१।४।१ | वडा नं.९ महिला लक्षित कार्यक्रम | महिला लक्षित खटिया योजना उ.स. | ७२०००० |
| ५४-२०८१।४।१ | वडा कार्यालय व्यवस्थापन अनुदान | श्री अनिता रोकाय | ५००००० |
| ५४-२०८१।४।१ | वडा कार्यालय व्यवस्थापन अनुदान | श्री अनिता रोकाय | ३९०००० |
| ५४-२०८१।४।१ | वडा कार्यालय व्यवस्थापन अनुदान | श्री अनिता रोकाय | १६५००० |
| ५४-२०८१।४।१ | वडा कार्यालय व्यवस्थापन अनुदान | वडा सचिव श्री अम्मर मल्ल | ५००००० |
| ५४-२०८१।४।१ | वडा नं.१, २, ४, ६, ७, ८, ९, १० र ११ | आर.बि. स्टेशनरी | ४००००० |
| ५४-२०८१।४।१ | वडा कार्यालय व्यवस्थापन अनुदान | वडा सचिव श्री खेमराज हमाल | १३४०००० |

| | | | |
|---|---|---|---|
| ५४-२०८१।४।१ | वडा कार्यालय व्यवस्थापन अनुदान | वडा सचिव श्री तिलक प्रसाद तिवारी | १०००००० |
| ५४-२०८१।४।१ | वडा कार्यालय व्यवस्थापन अनुदान | वडा सचिव श्री तिलक प्रसाद तिवारी | ६६०००० |
| ५४-२०८१।४।१ | वडा कार्यालय व्यवस्थापन अनुदान | प्रास श्री दान बहादुर बुढा | १३६२००० |
| ५४-२०८१।४।१ | वडा कार्यालय व्यवस्थापन अनुदान | श्री धनकृष्ण बुढा | २७०००० |
| ५४-२०८१।४।१ | वडा कार्यालय व्यवस्थापन अनुदान | वडा सचिव श्री प्रकास जैसी | १०००००० |
| ५४-२०८१।४।१ | वडा कार्यालय व्यवस्थापन अनुदान | श्री भिम प्रसाद उपाध्याय | ४८६००० |
| ५४-२०८१।४।१ | वडा कार्यालय व्यवस्थापन अनुदान | श्री विरेन्द्र बोहोरा | ५००००० |
| ५४-२०८१।४।१ | वडा कार्यालय व्यवस्थापन अनुदान | वडा सचिव श्री संगिता बोहोरा | ५००००० |
| ५४-२०८१।४।१ | वडा नं.१, २, ४, ६, ७, ८, ९, १० र ११ | श्री हरिलाल थापा | ३००००० |
| | | जम्मा | १७६२१२५८ |

## बेरूजु दफा ५३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | पद नाम | भुक्तानी भएको वडासमितिको बैठक संख्या | सहभागी तथा भुक्तानी भएको का.पा. बैक संख्या | मासिक ३ भन्दा बढी हुने बैठक संख्या | बैठक भत्ताको दर रु. | रकमरु. | कर कट्टीपछिको रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | वडाअध्यक्ष श्री सिंह बहादुर शाही | ३६ | ३३ | ३३ | १५०० | ४९५०० | ४२०७५ |
| २ | वडाअध्यक्ष श्री हेमराज मल्ल | ३६ | २५ | २५ | १५०० | ३७५०० | ३१८७५ |
| ३ | वडाअध्यक्ष श्री रन्नु बानियाँ | ३६ | ३२ | ३२ | १५०० | ४८००० | ४०८०० |
| ४ | वडाअध्यक्ष श्री जय बहादुर रावल | ३६ | ३३ | ३३ | १५०० | ४९५०० | ४२०७५ |
| ५ | वडाअध्यक्ष श्री चित्र बहादुर बुढा | ३६ | २९ | २९ | १५०० | ४३५०० | ३६९७५ |
| ६ | वडाअध्यक्ष श्री भरत बहादुर शाही | ३६ | २९ | २९ | १५०० | ४३५०० | ३६९७५ |
| ७ | वडाअध्यक्ष श्री गोविन्द सञ्याल | ३६ | २८ | २८ | १५०० | ४२००० | ३५७०० |
| ८ | वडाअध्यक्ष श्री शिवलाल गिरी | ३६ | ३३ | ३३ | १५०० | ४९५०० | ४२०७५ |
| ९ | वडाअध्यक्ष श्री लोकेन्द्र भण्डारी | ३६ | ३४ | ३४ | १५०० | ५१००० | ४३३५० |
| १० | वडाअध्यक्ष श्री कर्ण बहादुर शाही | ३६ | ३१ | ३१ | १५०० | ४६५०० | ३९५२५ |
| ११ | वडाअध्यक्ष श्री रामकृष्ण कार्की | ३६ | ३३ | ३३ | १५०० | ४९५०० | ४२०७५ |
| १२ | का.पा.सदस्यश्री नविन कुमाल | ३६ | २४ | २४ | १५०० | ३६००० | ३०६०० |
| १३ | का.पा.सदस्यश्री छुर्मा लुबार | ३६ | २४ | २४ | १५०० | ३६००० | ३०६०० |
| १४ | का.पा.सदस्य श्री | ३६ | २३ | २३ | १५०० | ३४५०० | २९३२५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सुकुमाया नेपाली | | | | | | |
| १५ | का.पा.सदस्य श्री सुकिल्ली थापा | ३६ | २२ | २२ | १५०० | ३३००० | २८०५० |
| १६ | का.पा.सदस्य श्री नन्दु भियाल | ३६ | ३० | ३० | १५०० | ४५००० | ३८२५० |
| १७ | का.पा.सदस्यश्री मिना बुद्धथापा | ३६ | २८ | २८ | १५०० | ४२००० | ३५७०० |
| | जम्मा | ६१२ | ४९१ | ४९१ | १५०० | ७३६५०० | ६२६०२५ |

## बेरूजु दफा १०० सँग सम्बन्धित विवरण - अनुसूची -५

| सि नं | विद्यालयको नाम | शिक्षक दरबन्दी संख्या | पदपूर्ति संख्या | पदपूर्ति मध्ये | | | रिक्त संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | राहत | करार | |
| १ | श्री मष्टा आधारभूत विद्यालय, राष्कोटीबाडा | ३ | ३ | ३ | ० | ० | ० |
| २ | श्री भगवती माध्यमिक विद्यालय, लाम्रुपन्सेरी | ४ | ४ | ४ | ० | ० | ० |
| ३ | श्री खेष्मालिका आधारभूत विद्यालय, डुङ्ग्री | ३ | ३ | ३ | ० | ० | ० |
| ४ | श्री लोकप्रिय माध्यमिक विद्यालय, गम्था | १६ | १६ | ९ | १ | ६ | ० |
| ५ | श्री बालशिक्षा माध्यमिक विद्यालय, कवा | ६ | ६ | ६ | ० | ० | ० |
| ६ | श्री जनज्योति आधारभूत विद्यालय, भागोटी | २ | २ | २ | ० | ० | ० |
| ७ | श्री हिमालय आधारभूत विद्यालय, लमेराकोटिला | ४ | ४ | ३ | १ | ० | ० |
| ८ | श्री उच्च लेकाली आधारभूत विद्यालय, चाकपाँडे | ३ | ३ | २ | ० | १ | ० |
| ९ | श्री जनप्रकाश आधारभूत विद्यालय, हिगोटी | ३ | ३ | ३ | ० | ० | ० |
| १० | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, जिउँका | ४ | ४ | ४ | ० | ० | ० |
| ११ | श्री नीलकण्ठ आधारभूत विद्यालय, पैखु | २ | २ | २ | ० | ० | ० |
| १२ | श्री तर्मालिका आधारभूत विद्यालय, केरै | २ | २ | २ | ० | ० | ० |
| १३ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, खर्क | ४ | ४ | ३ | १ | ० | ० |
| १४ | श्री बालज्योती आधारभूत विद्यालय, बराँतु | २ | २ | २ | ० | ० | ० |
| १५ | श्री कालिका माध्यमिक विद्यालय, बुगा | २० | २० | ७ | १ | १२ | ० |
| १६ | श्री रारा आधारभूत विद्यालय, रोल | २ | २ | १ | १ | ० | ० |
| १७ | श्री जनजागरण माध्यमिक विद्यालय, पाथरगडा , सेरी | ६ | ६ | ५ | १ | ० | ० |
| १८ | श्री भैरव आधारभूत विद्यालय, गाँडेखोला | १ | १ | ० | १ | ० | ० |
| १९ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, जोगिलेख | २ | २ | २ | ० | ० | ० |
| २० | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, कर्मासी | ४ | ४ | ४ | ० | ० | ० |
| २१ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, निगालिबोट | २ | २ | २ | ० | ० | ० |
| २२ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, बिन | ३ | ३ | ३ | ० | ० | ० |
| २३ | श्री महादेव माध्यमिक विद्यालय, ह्याङ्ग्लु | ७ | ७ | ६ | १ | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, डुमाना | ३ | ३ | ३ | ० | ० | ० |
| २५ | श्री लालिगुराँस आधारभूत विद्यालय, नाउला डुमाना | २ | २ | १ | १ | ० | ० |
| २६ | श्री देविरुमा आधारभूत विद्यालय, सेही | २ | २ | २ | ० | ० | ० |
| २७ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, रिगा | ३ | ३ | ३ | ० | ० | ० |
| २८ | श्री सर्वोदय माध्यमिक विद्यालय, सुकाढिक | १३ | १३ | ६ | १ | ६ | ० |
| २९ | श्री सरस्वती आधारभूत विद्यालय, आम | २ | २ | २ | ० | ० | ० |
| ३० | श्री मष्टा आधारभूत विद्यालय, ठामलेख | ३ | ३ | ३ | ० | ० | ० |
| ३१ | श्री पञ्चोदय माध्यमिक विद्यालय, नखर्जी | १३ | १३ | ७ | १ | ५ | ० |
| ३२ | श्री शिव आधारभूत विद्यालय, डाँडाकोट , नखर्जी | ३ | ३ | २ | ० | १ | ० |
| ३३ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, कर्खाजामिर | ३ | ३ | ३ | ० | ० | ० |
| ३४ | श्री महादेव मष्टा माध्यमिक विद्यालय, रातापानी , | १५ | १५ | ११ | ० | ४ | ० |
| ३५ | श्री सुमामाई आधारभूत विद्यालय, डाडियाँ | १ | १ | ० | १ | ० | ० |
| ३६ | श्री सरस्वती माध्यमिक विद्यालय, रिखियाँ | ७ | ७ | ५ | २ | ० | ० |
| ३७ | श्री डाडुपाटा सामुदायिक बा.वि. केन्द्र, डाडुपाटा | १ | १ | ० | ० | १ | ० |
| ३८ | श्री गोवाचौर बालविकास केन्द्र, सेरी | १ | १ | ० | ० | १ | ० |
| ३९ | श्री कुदु बालविकास केन्द्र, रोजिकुदु | १ | १ | ० | ० | १ | ० |
| ४० | श्री भवानी पोखरी बालविकास केन्द्र, खमाले | १ | १ | ० | ० | १ | ० |
| ४१ | श्री वालदेप बालविकास केन्द्र, लमेरा | १ | १ | ० | ० | १ | ० |
| ४२ | श्री बम्डिका बालविकास केन्द्र, बम्डिका | १ | १ | ० | ० | १ | ० |
| ४३ | श्री लौठी बालविकास केन्द्र, जामिर | १ | १ | ० | ० | १ | ० |
| | | १८२ | १८२ | १२६ | १४ | ४२ | ० |

## बेरूजु दफा १०२ सँग सम्बन्धित विवरण - अनुसूची - ६

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी संख्या | पदपूर्ति संख्या | विद्यार्थी संख्या | शिक्षक/ विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | श्री मष्टा आधारभूत विद्यालय, राष्कोटीबाडा | qa3EDWSXAZ | ३ | १८६ | ६२ |
| २ | श्री भगवती माध्यमिक विद्यालय, लाम्रुपन्सेरी | ४ | ४ | ३१० | ७८ |
| ३ | श्री खेष्मालिका आधारभूत विद्यालय, डुङ्ग्री | ३ | ३ | ७८ | २६ |
| ४ | श्री लोकप्रिय माध्यमिक विद्यालय, गम्था | १६ | १६ | ६७८ | ४२ |
| ५ | श्री बालशिक्षा आधारभूत विद्यालय, डाँडाबाडा, कवा | ० | ० | ४९ | ० |
| ६ | श्री बालशिक्षा माध्यमिक विद्यालय, कवा | ६ | ६ | २७६ | ४६ |
| ७ | श्री जनज्योति आधारभूत विद्यालय, भागोटी | २ | २ | १२ | ६ |
| ८ | श्री हिमालय आधारभूत विद्यालय, लमेराकोटिला | ४ | ४ | १६४ | ४१ |
| ९ | श्री उच्च लेकाली आधारभूत विद्यालय, चाकपाँडे | ३ | ३ | १४ | ५ |
| १० | श्री जनप्रकाश आधारभूत विद्यालय, हिगोटी | ३ | ३ | १२३ | ४१ |
| ११ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, जिउँका | ४ | ४ | १९२ | ४८ |
| १२ | श्री नीलकण्ठ आधारभूत विद्यालय, पैखु | २ | २ | ५९ | ३० |
| १३ | श्री तर्मालिका आधारभूत विद्यालय, केरै | २ | २ | ३३ | १७ |
| ४ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, खर्क | ४ | ४ | ११४ | २९ |
| ५ | श्री बालज्योती आधारभूत विद्यालय, बराँतु | २ | २ | ५१ | २६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | श्री कालिका माध्यमिक विद्यालय, बुगा | २० | २० | ३९० | २० |
| ७ | श्री रारा आधारभूत विद्यालय, रोल | २ | २ | १२४ | ६२ |
| १८ | श्री नवज्योति आधारभूत विद्यालय, सेरी | ० | ० | ५० | ० |
| १९ | श्री जनजागरण माध्यमिक विद्यालय, पाथरगडा, सेरी | ६ | ६ | ३०३ | ५१ |
| २० | श्री भैरव आधारभूत विद्यालय, गाँडेखोला | १ | १ | ५५ | ५५ |
| २१ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, जोगिलेख | २ | २ | ८३ | ४२ |
| २२ | श्री मष्टा आधारभूत विद्यालय, साटबाडा | ० | ० | ४४ | ० |
| २३ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, कर्मासी | ४ | ४ | १८८ | ४७ |
| २४ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, निगालिबोट | २ | २ | २६ | १३ |
| २५ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, बिन | ३ | ३ | ३० | १० |
| २६ | श्री महादेव माध्यमिक विद्यालय, ह्याङ्ग्लु | ७ | ७ | १९० | २७ |
| २७ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, डुमाना | ३ | ३ | ७७ | २६ |
| २८ | श्री लालिगुराँस आधारभूत विद्यालय, नाउला डुमाना | २ | २ | ४ | २ |
| २९ | श्री देविरुमा आधारभूत विद्यालय, सेही | २ | २ | १७ | ९ |
| ३० | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, रिगा | ३ | ३ | १२४ | ४१ |
| ३१ | श्री सर्वोदय माध्यमिक विद्यालय, सुकाढिक | १३ | १३ | ३४४ | २६ |
| ३२ | श्री आधारभूत विद्यालय ह्याचुडी | ० | ० | १८ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | श्री सरस्वती आधारभूत विद्यालय, आम | २ | २ | २३ | १२ |
| ३४ | श्री मष्टा आधारभूत विद्यालय, ठामलेख | ३ | ३ | २५ | ८ |
| ३५ | श्री पञ्चोदय माध्यमिक विद्यालय, नखर्जी | १३ | १३ | ३५४ | २७ |
| ३६ | श्री शिव आधारभूत विद्यालय, डाँडाकोट, नखर्जी | ३ | ३ | १५५ | ५२ |
| ३७ | श्री पञ्चदीप आधारभूत विद्यालय, गिमगाउँ, नखर्जी | ० | ० | १४ | ० |
| ३८ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, कर्खाजामिर | ३ | ३ | ९३ | ३१ |
| ३९ | श्री महादेव मष्टा माध्यमिक विद्यालय, रातापानी, लुई | १५ | १५ | ३९५ | २६ |
| ४० | श्री सुमामाई आधारभूत विद्यालय, डाडियाँ | १ | १ | ४४ | ४४ |
| ४१ | श्री सरस्वती माध्यमिक विद्यालय, रिखियाँ | ७ | ७ | १५४ | २२ |
| ४२ | श्री डाडुपाटा सामुदायिक बालविकास केन्द्र, डाडुपाटा | १ | १ | २४ | २४ |
| ४३ | श्री गोवाचौर बालविकास केन्द्र, सेरी | १ | १ | ३४ | ३४ |
| ४४ | श्री कुदु बालविकास केन्द्र, रोजिकुदु | १ | १ | ३२ | ३२ |
| ४५ | श्री भवानी पोखरी बालविकास केन्द्र, खमाले | १ | १ | २४ | २४ |
| ४६ | श्री वालदेप बालविकास केन्द्र, लमेरा | १ | १ | १८ | १८ |
| ४७ | श्री बम्डिका बालविकास केन्द्र, बम्डिका | १ | १ | ८ | ८ |
| ४८ | श्री लौठी बालविकास केन्द्र, जामिर | १ | १ | १९ | १९ |
| जम्मा | | १८२ | १८२ | ५८२२ | ३३:२७ |

# सुझाव

स्थानीय तहद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ । म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ । निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ । त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।